# सन् २०११-२०२० को
# दशकका लागि
# अतिकम विकसित राष्ट्रहरूको
# इस्ताबुल घोषणापत्र
# तथा इस्तानबुल कार्ययोजना

Partnership Against Poverty
UNLDC-IV

UN-OHRLLS

# इस्तानबुल घोषणापत्र

## अतिकम विकसित राष्ट्रहरूको विकासका लागि नवीकृत तथा सबलीकृत विश्वव्यापी साझेदारी

हामी अतिकम विकसित राष्ट्रहरूसम्बन्धी संयुक्त राष्ट्रसंघीय चौथो सम्मेलनमा सहभागी राज्य तथा सरकारका प्रमुखहरू र राज्यका प्रतिनिधिहरू,

सबै स्तरमा मानव गरिमा र समानता तथा समताको सिद्धान्तहरूलाई अङ्गिकार गर्ने सामुहिक र साझा उत्तरदायित्व प्रतिको प्रतिबद्धतालाई दोहोऱ्याउनका लागि ९ देखि १३ मे २०११ सम्म इस्तानबुलमा भेला भएकाछौं,

अतिकम विकसित राष्ट्रहरूले उच्च तहको गरिबी र भोकसँग निरन्तर जुझ्नु परिरहेको कुरालाई जोड दिदै, र सबभन्दा गरीब, सबभन्दा कमजोर तथा सबभन्दा बढी जोखिममा रहेका मुलुकहरू र तिनका जनतासँगको ऐक्यबद्धता तथा साझेदारी नैतिक अनिवार्यता मात्र नभई बरु आर्थिक र राजनीतिक अतिवार्यता समेत हुन्, जसले अन्तर्राष्ट्रिय समुदायको दीर्घकालिन स्वार्थहरूलाई सम्बोधन गर्दछन् र सबैको लागि शान्ति, सुरक्षा तथा समृद्धिका लागि योगदान पनि गर्दछन्,

दिगो विकासका लागि संपूर्ण तहहरूमा सुशासनमा सुधार, कानुनको शासन, विकासको अधिकार लगायत संपूर्ण मानवअधिकारहरूको सम्मान, लैंगिक समानता, सबैका लागि न्याय, लोकतन्त्र र शान्ति तथा सुरक्षा अत्यावश्यक छ भन्ने कुरालाई जोड दिदै,

प्रत्येकले विशिष्ट चुनौतिहरूको सामना गरिरहेको भएता पनि सामान्यतया सबै अतिकम विकसित राष्ट्रहरूका धेरै चुनौतिहरू उस्तै प्रकृतिका हुन्छन् भन्ने तथ्यलाई जोड दिदै,

सन् २००१ मा ब्रसेल्समा सम्पन्न अतिकम विकसित राष्ट्रहरूसम्बन्धी संयुक्त राष्ट्रसंघीय तेस्रो सम्मेलनपश्चात् अतिकम विकसित राष्ट्रहरूले हासिल गरेका प्रगतिलाई कदर गर्दै,

ब्रसेल्स कार्ययोजनामा तय गरिएका सबै उद्देश्य तथा लक्ष्यहरू पूर्ण रूपमा हासिल हुन नसकेको र विश्व अर्थतन्त्रमा अतिकम विकसित राष्ट्रहरू अझै पनि सिमान्तीकृत रहिरहनुका साथै अतिशय गरिबी, असमानता र संरचनात्मक कमजोरीहरूबाट पीडित रहनु परेको कुरालाई स्वीकार गर्दै,

धेरै अतिकम विकसित राष्ट्रहरू, खासगरी द्वन्द्व तथा आपराधिक गतिविधिहरू, अन्य कुराका साथै समुन्द्री डकैती, जसले व्यापारिक मार्गमा खतरा उत्पन्न गर्न सक्दछ, लगायत लागु औषध र साना तथा हल्का हतियारहरूको तस्करी र मानव ओसारपसार

लगायत अन्तरदेशीय संगठित आपराधिक क्रियाकलामहरूबाट प्रभावित भएका छन्, तिनीहरू सहश्राब्दी विकास लक्ष्य लगायत अन्तर्राष्ट्रिय स्तरमा सहमत विकास लक्ष्यहरू हासिल गर्ने कुरामा पछि परेका छन् भन्ने कुरामा गम्भीर चासो व्यक्त गर्दै, साथै यी चुनौतिहरूको सामना गर्नका लागि ठोस प्रयासहरूको जरुरत पर्दछ भन्ने कुरालाई स्वीकार गर्दै,

सिमित उत्पादक क्षमता, वित्तीय स्रोतहरू र कमजोर पूर्वाधारका कारण अतिकम विकसित राष्ट्रहरूको विकास प्रयासहरूमा गम्भीर व्यवधानहरू कायमै रहेको कुरालाई जोड दिदै,

आर्थिक तथा वित्तीय संकटका जारी प्रभावहरू, समष्टीगत रूपमा उर्जा तथा खाद्यवस्तुको अस्थिर मूल्य, खाद्य सुरक्षाका समस्याहरू, बढ्दो बेरोजगारी र जलवायू परिवर्तन, प्राकृतिक विपत्तिहरू तथा जैविक विविधताको ह्रासबाट उत्पन्न बढ्दो चुनौतिका कारण वितेका वर्षहरूमा अतिकम विकसित राष्ट्रहरूले कष्टसाध्य रूपमा हासिल गरेका विकासका उपलब्धीहरूमा उत्पन्न खतराप्रति हाम्रो गम्भीर सरोकार रहेको कुरालाई दोहोऱ्याउदै,

अतिकम विकसित राष्ट्रहरूले तिनीहरूको विकासका आवश्यकताहरू र विशिष्ट चुनौतिहरूलाई सम्बोधन गर्नका लागि सुसंगत ढङ्गले आधिकारिक विकास सहायता (ओडिए) लगायत व्यापार, लगानी, वित्त, प्रविधि तथा क्षमता विकासमा विशेष सतर्कता तथा तिनीहरूको विकास रणनीतिसँग मेलखाने गरी विशेष र लक्षित सहयोग प्राप्त गर्ने हक राख्दछन् भन्ने कुरालाई स्वीकार गर्दै,

जनता केन्द्रित दिगो विकास हासिल गर्न अतिकम विकसित राष्ट्रहरूले गरेका विकास प्रयासहरूप्रति हाम्रो पूर्ण समर्थन रहेको कुरालाई अभिव्यक्त गर्दै,

अतिकम विकसित राष्ट्रहरूले राष्ट्रिय विकास, गरिबी निवारण र रोजगारी सृजनाका साथै विश्वव्यापी आर्थिक बृद्धि तथा कल्याणलाई योगदान गर्न सक्ने अप्रयुक्त विशाल मानवीय तथा प्राकृतिक स्रोतका सम्भावनाहरू, खासगरी तिनीहरूका युवा जनसंख्यालाई प्रतिनिधित्व गर्दछन् भन्ने कुरालाई जोड दिदै,

सान्दर्भिक बहुपक्षीय संस्थाहरू तथा अन्तर्राष्ट्रिय मञ्चहरूमा अतिकम विकसित राष्ट्रहरूका आवाज र सहभागितालाई सबलीकृत गर्नुपर्ने आवश्यकतालाई स्वीकार गर्दै,

सहश्राब्दी घोषणा, विकासका लागि वित्तीय लगानीसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनको मोन्टेरे सहमती, दिगो विकाससम्बन्धी विश्व सम्मेलनको कार्यान्वयन योजना ( जोहान्नेसवर्ग कार्यान्वयन योजना), विकासका लागि वित्तीय लगानीसम्बन्धी दोहा घोषणापत्र तथा सहश्राब्दी विकास लक्ष्यसम्बन्धी उच्चस्तरीय पूर्ण वैठकद्वारा पारित दस्तावेजहरू, जसले संयुक्त राष्ट्र संघको व्यापक विकास दूरदृष्टीलाई आकार दिन तथा अतिकम विकसित राष्ट्रहरूका लागि सहयोगी ढाँचा निर्माण गर्नमा महत्वपूर्ण भूमिका खेल्दछन्, लगायत संयुक्त राष्ट्रसंघका सम्पूर्ण सम्मेलनहरू तथा आर्थिक, सामाजिक

तथा सम्बन्धित विषयगत शिखर सम्मेलनहरूका उपलब्धीहरूको महत्वलाई जोड दिदै,

सन् २०११ देखि २०२० को दशकका लागि अतिकम विकसित राष्ट्रहरूको लागि एक कार्ययोजना पारित गर्दै,

हामी घोषणा गर्दछौ :

१. हामी अतिकम विकसित राष्ट्रहरूका जटिल तथा बढ्दो चुनौतिहरू र समस्याहरूको समाधानका उपायहरू खोज्न सामुहिक रूपमा प्रतिबद्ध छौं । गरिबी निवारण तथा द्रूत, स्थिर, समावेशी र समतामूलक बृद्धि एबं दिगो विकासको माध्यमबाट अतिकम विकसित राष्ट्रहरूमध्येका आधालाई स्तरोन्नति गर्न मापदण्डहरू पूरा गर्नका लागि सक्षम बनाउने मूल लक्ष्य प्रति प्रतिबद्ध छौं । तसर्थ, आगामी दशकभरि यस कार्ययोजनाको कार्यान्वयनका लागि हामी गम्भिर रुपले प्रतिबद्ध छौं ।

२. हामी अतिकम विकसित राष्ट्रहरूसम्बन्धी संयुक्त राष्ट्रसंघीय चौथो सम्मेलन र इस्तानबुल कार्ययोजनाले अतिकम विकसित राष्ट्रहरूको सवालमा ऐक्यबद्धताको सबलीकण तथा तिनीहरूको विशिष्ट अवस्थाको बारेमा चेतना अभिबृद्धिद्वारा अतिकम विकासित मुलुकहरूको दिगो विकासलाई सकारात्मक गति प्रदान गर्नेछ भन्ने कुरामा विश्वस्त छौं । हाम्रो नवीकृत तथा सुदृढ विश्वव्यापि साझेदारीले इस्ताबुल कार्ययोजनाको कार्यान्वयन तथा सहश्राब्दी विकास लक्ष्य लगायत अन्तर्राष्ट्रिय स्तरमा सहमत विकास लक्ष्यहरू हासिल गर्ने साझा प्रयासमा महत्वपूर्ण योगदान पुग्नेछ ।

३. हामी नविकृत तथा सुदृढ विश्वव्यापी साझेदारी, सबलीकृत प्रतिबद्धताहरू, अतिकम विकसित राष्ट्रहरूका लागि स्रोतहरूको परिचालनमा बृद्धि तथा सहायताको अधिक प्रभावकारिताको साथमा यस कार्ययोजनाको उद्देश्य तथा लक्ष्यहलाई हासिल गर्न सकिन्छ भन्ने कुरामा जोड दिन्छौं । दिगो विकासका लागि उपयुक्त वातावरण निर्माण गर्न, उत्पादक क्षमता बृद्धि गर्न, अर्थतन्त्रको विविधिकरण तथा आवश्यक पूर्वाधारहरूको निर्माण गर्नका लागि अतिकम विकसित राष्ट्रहरूलाई हाम्रो सहयोगलाई थप बृद्धि गर्न प्रतिबद्धता जाहेर गर्दछौं ।

४. हामी अतिकम विकसित राष्ट्रहरूमा विकासका लागि स्वामित्व, नेतृत्व तथा प्राथमिक उत्तरदायित्व अतिकम विकसित राष्ट्रहरू स्वयंको हो भन्ने कुरामा जोड दिन्छौं । अतिकम विकसित राष्ट्रहरूको विकास प्रक्रियामा सुशासन, समाबेशिता तथा पारदर्शिताका साथै घरेलु स्रोतको परिचालन प्रमुख महत्वका कुरा हुन् । यी प्रयासहरूले साझा उत्तरदायित्व र आपसी जवाफदेहिताको भावनाबाट नवीकृत र सुदृढ विश्वव्यापी साझेदारीको माध्यमबाट ठोस रा पर्याप्त अन्तर्राष्ट्रिय सहयोग प्रदान गर्नु पर्दछ ।

५. हामी शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाई तथा आवास जस्ता अत्यावश्यक सेवाहरूमा पहुँच उपलब्ध गराउनका साथै सामाजिक, आर्थिक र राजनीतिक

जीवनमा सहभागितालाई प्रवर्द्धन लगायत मानवीय तथा सामाजिक विकासमा प्रगति हासिल गर्न अतिकम विकसित राष्ट्रहरूले गरेका प्रयासहरूलाई हामी स्वीकार गर्दछौं । हामी यी क्षेत्रहरूमा थप प्रगतिका लागि प्रोत्साहन गर्दछौं ।

६. हामी संपूर्ण अन्तर्राष्ट्रिय स्तरमा सहमत विकास लक्ष्यहरूका साथै सहश्राब्दी विकास लक्ष्यहरू सहित विकासका राम्रा परिणामहरू हासिल गर्नका लागि लैंगिक समानता र महिला तथा किशोरीहरूको सशक्तिकरण महत्वपूर्ण हुन्छ र अतिकम विकसित राष्ट्रहरूमा सामाजिक र मानवीय विकास तथा गरिबी निवारणका लागि समेत अत्यावश्यक हुन्छ भन्ने कुरामा जोड दिन्छौं ।

७. हामी अतिकम विकसित राष्ट्रहरूको विकासलाई सहयोग गर्नका लागि आधिकारिक विकास सहायता (ओडिए)को भूमिका महत्वपूर्ण हुन्छ भन्ने कुरालाई पुष्टी गर्दछौं । यस सन्दर्भमा, अतिकम विकसित राष्ट्रहरूलाई आधिकारिक विकास सहायता प्रदान गर्ने प्रतिबद्धतालाई पूरा गर्न लागि दातृ राष्ट्रहरू स्वयं अग्रसर हुन्छन् । दातृ राष्ट्रहरूले सन् २०१५ मा उनीहरूको आधिकारिक विकास सहायता (ओडिए)को समीक्षा गर्नु पर्दछ र अतिकम विकसित राष्ट्रहरूका लागि थप स्रोतहरू उपलब्ध गराउनका लागि विचार गर्नु पर्दछ ।

८. हामी उत्पादक क्षमताको बृद्धिले नै विकासलाई तीब्रगति प्रदान गर्दछ र यस सवालमा सुसंगत ढङ्गबाट नवीकृत तथा सुदृढ साझेदारीलाई आगामी दशकमा प्राथमिकता प्रदान गरिनु पर्दछ भन्ने कुरालाई स्वीकार गर्दछौं । यस सन्दर्भमा :

(क) हामी अतिकम विकसित राष्ट्रहरूमा सम्भाव्य उत्पादक क्षमता निर्माणका लागि विश्वसनीय तथा सस्तो पूर्वाधार सेवाहरू जस्तै, विजुली, सूचना तथा संचार प्रविधि र खानेपानीका साथै संस्थागत क्षमता अत्यन्त महत्वपूर्ण हुन्छ भन्ने कुरालाई जोड दिन्छौं ।

(ख) हामी उद्यम, लगानी, प्रतिस्पर्धा, उपभोग, नवीन खोज तथा आर्थिक विविधिकरणका साथै पूर्ण एवं उत्पादनमूलक रोजगारी तथा सबैका लागि मर्यादित कामको प्रवर्द्धनका लागि एक गतिशील, कामकाजी र सामाजिक रूपमा जिम्मेवार निजी क्षेत्र खासगरी, साना तथा मझौला आकारका प्रतिष्ठानहरू र उपयुक्त कानुनी ढाँचा महत्वपूर्ण हुन्छ, जुन अनुकूल घरेलु तथा अन्तर्राष्ट्रिय वातावरण निर्माणका लागि प्रतिबद्ध छ, जसमा निजी क्षेत्रले लगानी गर्न र आर्थिक बृद्धि तथा दिगो विकासका लागि थप योगदान दिन सक्छन् भन्ने कुरामा जोड दिन्छौं । साथै लगानी तथा साझेदारीसम्बन्धी उच्च स्तरीय बैठक, विश्व स्तरीय व्यापारिक साझेदारी मञ्च र अतिकम विकसित राष्ट्रहरूसम्बन्धी संयुक्त राष्ट्रसंघीय चौथो सम्मेलनको दौरानमा आयोजित व्यापार मेलाको योगदानलाई उल्लेख गर्दछौं ।

(ग) हामी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विकास प्रयासहरूका महत्वपूर्ण अंगको रूपमा आधिकारिक विकास सहायता (ओडिए) सहित प्रत्यक्ष वैदेशिक लगानी,

सुविधाजनक सापटी तथा विप्रेषण जस्ता निजी प्रवाहहरू लगायत घरेलु तथा वाह्य वित्तीय स्रोतहरूको परिचालनको महत्वलाई स्वीकार गर्दछौं । यसका साथै हामी क्षमता विकास लगायत उत्पादनमूलक क्षेत्रहरू तथा पूर्वाधारमा लगानीका लागि सुदृढ सहयोगको आवश्यकतामाथि जोड दिन्छौं, जसले अतिकम विकसित राष्ट्रहरूलाई तिनीहरूको अर्थतन्त्रलाई विविधिकरण गर्न मद्दत पुर्‍याउँछ ।

(घ) हामी ज्ञान, सूचना, प्रविधि र व्यवहारिक ज्ञानमा अतिकम विकसित राष्ट्रहरूको पहुँच वृद्धि गर्न र तिनीहरूको संरचनात्मक रुपान्तरणका लागि आवश्यक पर्ने वैज्ञानिक तथा नवीन खोज गर्ने क्षमताको विकासमा सहयोग गर्दछौं, अतिकम विकसित राष्ट्रहरूको विद्यमान अन्तर्राष्ट्रिय पहलहरूको निर्माणमा समर्पित एउटा प्रविधि बैंक र एउटा विज्ञान, प्रविधि तथा नवीन खोजलाई सहयोग गर्ने संयन्त्र स्थापना गर्ने उद्देश्यले संयुक्त रूपमा एक अन्तराल तथा क्षमता विश्लेषण गर्ने कार्य गर्नका लागि सहमत छौं, साथै एउटा अन्तर्राष्ट्रिय विज्ञान, प्रविधि तथा नवीन खोज केन्द्रलाई संचालन गर्ने टर्की सरकारको उदार प्रस्तावको स्वागत गर्दछौं, साथै यससम्बन्धी प्रतिबद्धतालाई प्रोत्साहन गर्दछौं ।

(ङ) हामी विशेषगरी साना किसानहरू र कृषि व्यवसायहरूमा केन्द्रित एकिकृत तथा दिगो कृषि र ग्रामीण विकाससम्बन्धी नीति तथा अभ्यासहरूका साथै गरिबी र भोक निवारण तथा खाद्य एवं पोषण सुरक्षा प्राप्तिका लागि अतिकम विकसित राष्ट्रहरूमा थप लगानीको आवश्यकता छ भन्ने कुरामा जोड दिन्छौं ।

(च) हामी व्यापार, लगानी, उत्पादन, आपूर्ति चक्रहरू, र सुधारिएको पूर्वाधार तथा संपर्क सञ्जालका लागि नयाँ अवसरहरू सृजनामा क्षेत्रीय आर्थिक एकीकरण तथा सहयोगको विशाल सम्भावनालाई स्वीकार गर्दछौं, साथै अतिकम विकसित राष्ट्रहरू संलग्न भएको क्षेत्रीय एकीकरण तथा सहयोगका प्रयासहरूलाई सान्दर्भिक क्षेत्रीय संगठनहरू तथा संस्थाहरूको योगदान सहित थप सुदृढ गरिनुका साथै सहयोग गर्नु पर्दछ भन्ने कुरालाई जोड दिन्छौं ।

९. हामी अन्तर्राष्ट्रिय व्यापार अतिकम विकसित राष्ट्रहरूमा आर्थिक बृद्धि तथा दिगो विकासको प्रमुख चालकको रूपमा रहेको हुन्छ भन्ने कुरालाई पुष्टी गर्दछौं । हामी विश्व व्यापार संगठनका संपूर्ण सदस्यहरूलाई विश्व व्यापार संगठनको दोहा राउण्डलाई सफल निष्कर्षमा पुर्‍याउनका लागि तिनीहरूको वार्ताका प्रयासहरूलाई सघन बनाउन जोडदार आह्वान गर्दछौं । हामी विश्व व्यापार संगठनद्वारा सन् २००५ मा पारित हङकङ मन्त्री स्तरीय घोषणपत्र अनुरुप संपूर्ण अतिकम विकसित राष्ट्रहरूका लागि स्थायी आधारमा शुल्कमुक्त तथा कोटामुक्त बजार पहुँचको समयसीमाभित्रै कार्यान्वयन गर्ने प्रतिबद्धता जाहेर गर्दछौं । हामी अतिकम विकसित राष्ट्रहरूबाट गरिने आयातमा लागु हुने उत्पत्तिको आधारमा प्राथमिकता प्रदान

गर्ने नियमलाई सुनिश्चित गर्नका लागि सरल, पारदर्शी तथा पूर्वानुमान गर्न सकिने बनाउन तथा बजार पहुँचलाई सहजीकरण गर्नका लागि योगदान गर्न प्रतिबद्धता जाहेर गर्दछौं । हामी प्राथमिकताको आधारमा अतिकम विकसित राष्ट्रहरूलाई प्रदान गरिने सहयोगको हिस्सामा समेत बृद्धि गरेर व्यापारको लागि सहायता र सुदृढ एकिकृत ढाँचाको निम्ति व्यापारसम्बन्धी प्रभावकारी प्राविधिक सहायता तथा क्षमता विकास र आवश्यकताअनुसार तिनीहरूको आपूर्तिपक्षको क्षमता, व्यापारसम्बन्धी पूर्वाधार तथा व्यापार सहजीकरणमाथि जोड दिन्छौं । यस सम्बन्धमा, हामी संपूर्ण अन्तर्राष्ट्रिय निकायहरू तथा संस्थाहरूको भूमिकामाथि जोड दिन्छौं । हामी विश्व व्यापार संगठनमा अतिकम विकसित राष्ट्रहरूको पहुँचलाई प्रोत्साहित तथा सहजिकरण गरिनु पर्दछ भन्ने कुरामा जोड दिन्छौं ।

१०. नवीन वित्तीय संयन्त्रहरूमा अतिकम विकसित राष्ट्रहरूको विकासमा योगदान गर्न सक्ने क्षमता रहेको हुन्छ । त्यस प्रकारका स्वेच्छिक संयन्त्रहरू प्रभावकारी र स्थिर तथा पूर्वानुमान गर्न सकिने स्रोतहरूलाई परिचालन गर्नमा परिलक्षित हुनु पर्दछ, जसले परम्परागत वित्तीय स्रोतहरूको विकल्प नभएर पुरकको रूपमा काम गर्नु पर्दछ र अतिकम विकसित राष्ट्रहरूको प्राथमिकताअनुसार खर्च गरिनु पर्दछ, अनावश्यक बोझको रूपमा हैन ।

११. हामी धेरैजसो अतिकम विकसित राष्ट्रहरूले अझै पनि उच्च ऋणको बोझसँग जुझिरहनु परेको कुरामा सरोकार राख्दछौं । यस्तो परिस्थितिले अतिकम विकसित राष्ट्रहरूको ऋणका चुनौतिहरूलाई प्रभावकारी र समतामूलक ढङ्गबाट सम्बोधन गर्ने दृष्टिकोणबाट सुस्पष्ट र व्यापक उपायहरूको निरन्तर कार्यान्वयनको माग गर्दछ । ऋणको दीर्घकालिन स्थायित्व अन्य कुराका साथै, संपूर्ण ऋणदाता तथा ऋणीद्वारा गरिने जिम्मेवारीपूर्ण लेनदेन, दिगो आर्थिक विकास, अतिकम विकसित राष्ट्रहरूमा संरचनात्मक रुपान्तरण र अतिकम विकसित राष्ट्रहरूका लागि सुदृढ बजार सम्भावनामा निर्भर हुन्छ ।

१२. हामी संकटहरूलाई न्यूनिकरण गर्नका लागि दीर्घकालिन उत्थानशीलताको विकास गर्न र आर्थिक झड्काहरूलाई प्रभावकारी रूपमा सम्बोधन गर्नका लागि अतिकम विकसित राष्ट्रहरूको क्षमता सुदृढकरण गर्न अत्यावश्यक रहेको कुरामा जोड दिन्छौं । यस उद्देश्यका लागि हामी अतिकम विकसित राष्ट्रहरूले गरेका प्रयासहरूमा सहयोग पुर्‍याउन यथासमय र लक्षित ढङ्गबाट उपयुक्त क्षेत्रीय तथा अन्तर्राष्ट्रिय सहयोग, जस्तै क्षेत्रीय विकास वैंकहरू लगायत अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरूद्वारा निर्माण र कार्यान्वयन गरिएका सहयोग संयन्त्रहरू उपलब्ध गराउनु पर्ने आवश्यकतामाथि जोड दिन्छौं ।

१३. हामी अतिकम विकसित राष्ट्रहरूमा जलवायू परिवर्तनको प्रतिकुल प्रभाव परेको कुरालाई स्वीकार गर्दछौं र संयुक्त राष्ट्रसंघको जलवायू परिवर्तनसम्बन्धी प्रारुप महासन्धिका प्रावधानहरूलाई ध्यानमा राख्दै अल्पीकरण तथा अनुकुलनका लागि तिनीहरूको क्षमता अभिबृद्धि गर्ने उद्देश्यमा साझेदारी गर्छौं । अतिकम विकसित

राष्ट्रहरूको अनुकुलन तथा अल्पिकरणका आवश्यकतालाई सम्बोधन गर्नका लागि थप, पर्याप्त र पूर्वानुमान गर्न सकिने वित्तीय स्रोतहरू तथा प्रावधानहरूको परिचालनको आवश्यकता छ । हामी हरित जलवायू कोषको स्थापना गर्ने निर्णयको स्वागत गर्दछौं र यसको पूर्ण परिचालनको पर्खाईमा छौं । हामी विपत्तिविरुद्ध पूर्वतयारी र जोखिम न्यूनिकरणका साथै उत्थानशीलताको विकासका माध्यमबाट तिनीहरूको प्राकृतिक विपत्तिप्रतिको जोखिमलाई न्यूनिकरण गर्नुपर्ने आवश्यकतालाई पनि स्वीकार गर्दछौं । हामी अतिकम विकसित राष्ट्रहरूको आर्थिक बृद्धि र दिगो विकासलाई प्रोत्साहित गर्ने खालका उपयुक्त, सस्तो र सफा प्रविधिहरूमा तिनीहरूको पहुँचको आवश्यकतामाथि जोड दिन्छौं ।

१४. हामी अतिकम विकसित राष्ट्रहरूको स्तरोन्नति प्रक्रिया प्रोत्साहन र सहयोगका उपायहरूको एक उपयुक्त प्याकेजका साथ हुनु पर्दछ, जसले गर्दा स्तरोन्नति भएका मुलुकहरू खतरामा नपरुन् । यस सन्दर्भमा, हामी स्तरोन्नति भैरहेका तथा भएका अतिकम विकसित राष्ट्रहरूका लागि सहज संक्रमण रणनीतिको निर्माण तथा कार्यान्वयनका लागि काम गर्नेछौं । हामी सहज संक्रमण प्रक्रियाको थप अध्ययन तथा सुदृढीकरणका लागि एक तदर्थ कार्य समूहको स्थापनाको पर्खाइमा छौं ।

१५. अतिकम विकसित राष्ट्रहरूको विकासमा दक्षिण-दक्षिण सहयोगको बढ्दो महत्वपूर्ण भूमिकालाई दृष्टिगत गर्दै, हामी उत्तर-दक्षिण सहयोगको विकल्पको रूपमा हैन, बरु पुरकको रूपमा दक्षिण-दक्षिण सहयोगद्वारा प्रदान गरिने अवसरहरूलाई पूर्ण रूपमा सदुपयोग गर्नुपर्ने आवश्यकतामाथि जोड दिन्छौं । हामी सुदृढ र मूलप्रवाहिकृत त्रिकोणीय सहयोगबाट अतिकम विकसित राष्ट्रहरूले फाइदा लिन सक्छन् भन्ने कुरामा सहमत छौं । हामी दक्षिण-दक्षिण सहयोगको सन्दर्भभित्र ऐक्यवद्धता तथा साझेदारीको आधारमा अतिकम विकसित राष्ट्रहरूका राष्ट्रिय विकास योजना तथा प्राथमिकताहरूमा उल्लेख भएबमोजिम हासिल गरिने विशेष विकासका उपलब्धीहरूको चाहना राख्दछौं ।

१६. हामी विकास रणनीतिहरूको बारेमा छलफल तथा तिनको कार्यान्वयन तथा निरीक्षण गर्नका लागि संसदहरूको महत्वपूर्ण भूमिकालाई स्वीकार गर्दछौं । इस्तानबुल कार्ययोजनाको सन्दर्भमा नीति तथा कार्यक्रमहरूको निर्माण, कार्यान्वयन तथा समीक्षा गर्ने काममा संसदको संलग्नताले पारदर्शिता तथा जवाफदेहितालाई सुनिश्चित गर्दछ । हामी अतिकम विकसित राष्ट्रहरूसम्बन्धी संयुक्त राष्ट्रसंघीय चौथो सम्मेलनलाई दिइएको संसदीय सन्देशको यहाँ उल्लेख गर्न चाहान्छौं ।

१७. हामी गैरसरकारी संस्थाहरू, स्वयंसेवी संस्थाहरू तथा परोपकारी प्रतिष्ठानहरू लगायतका नागरिक समाज, निजी क्षेत्र, बौद्धिक जगत तथा अन्य सबै तहहरूमा सम्बन्धित सरोकारवालाहरूलाई, अतिकम विकसित राष्ट्रहरूको विकास प्रयासहरूमा आवश्यकता अनुसार तिनीहरूको भूमिकालाई बढाउनका लागि आह्वान गर्दछौं । हामी अतिकम विकसित राष्ट्रहरूसम्बन्धी संयुक्त राष्ट्रसंघीय

चौथो सम्मेलनको नागरिक समाज मञ्चको घोषणापत्रलाई पनि यहाँ उल्लेख गर्दछौं ।

१८. हामी उच्चस्तरीय, व्यापक मध्यावधिक समीक्षा गर्ने लगायत कार्ययोजनामा रहेको प्रतिवद्धताहरू तथा कार्यहरूको कार्यान्वयनमा भएको प्रगतिलाई मूल्याङकन गर्नका लागि राष्ट्रिय, क्षेत्रीय तथा विश्वस्तरमा प्रभावकारी तथा कुशल अनुगमन संयन्त्रको विशिष्ट महत्वलाई पुष्टी गर्दछौं । हामी इस्तानबुल कार्ययोजनालाई प्रभावकारी, कुशल एवं स्पष्ट रूपले अनुगमन गरिने कुरालाई सुनिश्चित गर्नका लागि संयुक्त राष्ट्रसंघका महासचिवलाई आमन्त्रण गर्दछौं ।

# सन् २०११-२०२० को दशकका लागि अतिकम विकसित राष्ट्रहरूको

# इस्तानबुल कार्ययोजना

## क. परिचय

१. विश्वको ८८ करोड जनसंख्या ओगटेका ४८ वटा अतिकम विकसित राष्ट्रहरूले अन्तर्राष्ट्रिय समुदायका सबभन्दा गरीब र कमजोर खण्डलाई प्रतिनिधित्व गर्दछन् । अतिकम विकसित राष्ट्रहरूलाई न्यून प्रतिव्यक्ति आय, न्यून स्तरको मानव विकास र बृद्धिका लागि आर्थिक तथा संरचनात्मक कठिनाईहरू, जसले जोखिमहरूलाई थेग्ने क्षमतालाई सिमित गर्दछ, जस्ता विशेषताहरूको आधारमा पहिचान गरिन्छ ।

२. सन् २००१ मा ब्रसेल्स कार्य योजना पारित भएको दशकमा अति कम विकसित राष्ट्रहरूले आर्थिक, सामाजिक र मानव विकासको क्षेत्रमा केही प्रगति हासिल गरेका थिए । यस सम्बन्धमा, हामी अतिकम विकसित राष्ट्रहरू स्वयं र तिनका विकास साझेदारहरूले गरेका प्रयत्नहरूलाई स्वागत गर्दछौं । तथापि यत्तिमै सन्तुष्ट हुने अवस्था भने रहेको छैन, किनकि अतिकम विकसित राष्ट्रहरूका ७५ प्रतिशत जनसंख्या अझै पनि गरिबीमा बाँचिरहेका छन् । यो अन्तर्राष्ट्रिय समुदायका लागि गम्भीर सरोकारको विषय हो, किनकि वितेका तीन दशकदेखि हालसम्म यस समुहका तीनवटा मुलुकहरू मात्र विकासशील मुलुकको समुहमा स्तरोन्नति भएकाछन् ।

३. अतिकम विकसित राष्ट्रहरूमा न्यून प्रतिव्यक्ति आय र उच्चतम जनसंख्या वृद्धिको क्रम हालसम्म जारी रहेको छ । तिनीहरू सहश्राब्दी विकास लक्ष्य लगायत अन्तर्राष्ट्रिय स्तरमा सहमत विकास लक्ष्यहरू हासिल गर्ने दिशामा धेरै टाढा रहनुका साथै मानव विकास सूचकांकको स्तरमा पनि धेरै तल परेका छन् । अतिकम विकसित राष्ट्रहरू आफ्ना आर्थिक जोखिममाथि विजय प्राप्त गर्न असमर्थ रहँदै आएका छन् र आफ्ना अर्थतन्त्रको संरचनात्मक परिवर्तन गर्न अथवा आन्तरिक तथा वाह्य धक्का तथा संकटलाई थेग्ने क्षमताको विकास गर्न असमर्थ रहेका छन् ।

४. अतिकम विकसित राष्ट्रहरूको उत्पादक क्षमता सिमित छ र तिनीहरूसँग पूर्वाधारको सख्त कमी रहेको छ । त्यसैगरी, अतिकम विकसित राष्ट्रहरू मानव तथा सामाजिक विकासको सुधारका लागि निरन्तर संघर्ष गरिरहेका छन् । द्वन्द्वको क्रममा जन्मिएका लगायतका केही अतिकम विकसित राष्ट्रहरूसँग पर्याप्त शासन तथा संस्थागत क्षमताको कमी रहेको छ ।

५. सन् २००१-२०१० को दशकको लागि अतिकम विकसित राष्ट्रहरूका लागि ब्रसेल्स कार्य योजनाको कार्यान्वयनको प्रमाणमा आधारित मूल्याङ्कनले के पुष्टि गरेको छ भने, अतिकम विकसित राष्ट्रहरूमा संरचनात्मक परिवर्तन ल्याउनका निम्ति महत्वाकांक्षी, केन्द्रिकृत र यथार्थपरक प्रतिवद्धतामा आधारित एउटा झन् रणनीतिक, व्यापक र दिगो दृष्टिकोणको खाँचो रहेको छ, जसले गतिशील, दिगो, समावेशी र समतामुलक आर्थिक बृद्धि तथा दिगो विकासलाई प्रोत्साहित गर्दछ र अतिकम विकसित राष्ट्रहरूलाई दीर्घकालिन र आइपर्ने चुनौतिहरूको सामना गर्न मद्दत गर्दछ ।

६. संयुक्त राष्ट्र संघको अतिकम विकसित राष्ट्रहरूसम्बन्धी तेस्रो सम्मेलन यता साझेदारहरू र कर्ताहरूको संख्यामा विस्तार, अझ जटिल सहायता, आर्थिक तथा वित्तीय ढाँचा सहित अन्तर्राष्ट्रिय आर्थिक तथा विकासको परिदृष्य विकसित भइरहेको छ ।

७. यसका साथै, नयाँ चुनौतिहरू पनि देखा परेका छन् । अन्तर्राष्ट्रिय समुदायका सामु जारी आर्थिक तथा वित्तीय संकटको प्रभाव, उर्जा तथा खाद्य पदार्थहरूको अस्थिर मूल्य र खाद्य सुरक्षाप्रतिको चिन्ता लगायतका बहुमूखी र अन्तरसम्बन्धित संकटहरूका साथै जलवायू परिवर्तन तथा जैविक विविधताको नोक्सानीबाट उत्पन्न संकटहरूका कारण चुनौति खडा भएको छ । यी सबले जोखिम र असमानतालाई बढाएका छन् र अतिकम विकसित राष्ट्रहरूमा विकासका उपलब्धीहरूलाई प्रतिकूल प्रभाव पारेका छन् ।

८. अतिकम विकसित राष्ट्रहरू, सबभन्दा गरीब, सबभन्दा जोखिममा रहेका र सबभन्दा कमजोर मुलुकहरू र ती मुलुकका जनतासँगको ऐक्यवद्धता, सहयोग र सहकार्य नैतिक बाध्यता मात्र हैन, बरु आर्थिक र राजनीतिक आवश्यकता पनि हुन् । अति कम विकसित मुलुकहरूले विश्वको आर्थिक बृद्धि, कल्याण, समृद्धि र खाद्य तथा उर्जा सुरक्षाका लागि मानवीय तथा प्राकृतिक स्रोतको एउटा विशाल सम्भावनालाई प्रतिनिधित्व गर्दछन् । एउटा सफल नवीकृत र सबलीकृत विश्वव्यापी साझेदारीले अति कम विकसित मुलुकहरूको विशेष आवश्यकतारुलाई सम्बोधन गर्दछ, जसले सबैका लागि शान्ति, समृद्धि र दिगो विकासका लागि योगदान गर्ने छ ।

९. यसका साथै, यस अघिका संयुक्त राष्ट्र संघको अतिकम विकसित राष्ट्रहरूसम्बन्धी सम्मेलनहरूका उपलब्धीहरू, सहश्राब्दी घोषणापत्र, विकासका लागि वित्तसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनको मन्टेरे सहमती, दिगो विकाससम्बन्धी विश्व शिखर सम्मेलनको कार्यान्वयनका लागि योजना (कार्यान्वयनका लागि जोहान्सबर्ग योजना), विश्व शिखर सम्मेलन २००५ को उपलब्धी, विकासको लागि वित्तसम्बन्धी दोहा घोषणापत्र र सहश्राब्दी विकास लक्ष्यसम्बन्धी साधारण सभाको उच्च स्तरीय पूर्ण वैठकको नतिजा दस्तावेजले के पुनर्पुष्टि गरेका छन् भने, अतिकम विकसित राष्ट्रहरू गरिबी निवारण गर्न, आर्थिक बृद्धिलाई गति प्रदान

गर्न, दिगो विकास हासिल गर्न र जोखिमहरूमाथि विजय प्राप्त गर्नका लागि विशेष ध्यान र राम्ररी लक्षित गरिएका सहयोगका उपायहरू प्राप्त गर्नका लागि योग्य रहेका छन् ।

१०. सन् २०११-२०२० को दशकका लागि कार्ययोजनाले अतिकम विकसित राष्ट्रहरूका सुदृढ प्रतिबद्धताहरूलाई प्रतिनिधित्व गर्दछ, जसमा तिनीहरूको आफ्नो विकासका लागि स्वामित्व तथा प्राथमिक जिम्मेवारी अनि तिनका विकास साझेदारहरूका लागि पुनर्नविकृत र सुदृढ विश्वव्यापी साझेदारीको जिम्मेवारी रहेको छ ।

११. यस साझेदारीभित्र आ-आफ्ना कार्यक्षेत्रभित्र रहने गरी ब्रेटन उड्स संस्थाहरू, अन्य बहुपक्षीय संस्थाहरू र क्षेत्रीय विकास बैंकहरू सहित संयुक्त राष्ट्रसंघीय प्रणाली समेत संलग्न छन् ।

१२. अतिकम विकसित राष्ट्रहरूसँग ऐक्यवद्धताको भावनाद्वारा निर्देशित भएर विकासशील मुलुकहरूले पनि तिनीहरूका सामर्थ्य अनुरुप दक्षिण-दक्षिण सहयोगको ढाँचाभित्र रहेर आपसमा सहमती भएका सहयोगका क्षेत्रहरूमा कार्य योजनाको प्रभावकारी कार्यान्वयनका लागि सहयोग प्रदान गर्नेछन्, जुन उत्तर-दक्षिण सहयोगको पुरक हो विकल्प विकल्प हैन ।

१३. अतिकम विकसित राष्ट्रहरूका राष्ट्रिय प्राथमिकताहरूसँग तालमेल गर्दै कार्य योजनाको प्रभावकारी कार्यान्वयन गर्न आ-आफ्ना क्षमताका क्षेत्रहरूमा योगदान गर्नका लागि निजी क्षेत्र, नागरिक समाज र प्रतिष्ठानहरूलाई प्रोत्साहित गरिने छ ।

## ख. ब्रसेल्स कार्ययोजना कार्यान्वयनको समिक्षा

१४. ब्रसेल्स कार्य योजना विश्वव्यापी साझेदारीका लागि एउटा बलियो ढाँचा मार्फत् अतिकम विकसित राष्ट्रहरूका जनताका मानवीय अवस्थामा उल्लेखनीय सुधार गर्ने लक्ष्य बोकेका सातवटा प्रतिबद्धताहरूमा आधारित रहेको थियो । यसको मूलभूत लक्ष्य भनेको सन् २०१५ सम्म चरम गरिबी र भोकबाट पीडित जनताको अनुपातमा कमी ल्याउने र अतिकम विकसित राष्ट्रहरूमा दिगो विकासलाई प्रवर्द्धन गर्ने दिशामा उल्लेखनीय प्रगति गर्ने रहेको थियो । कुल ग्राह्यस्थ उत्पादनमा उल्लेखनीय र स्थिर बद्धिलाई समग्र लक्ष्य हासिल गर्नका लागि मुख्य आवश्यकताको रूपमा हेरिएको थियो ।

१५. निजी हैसियतमा अतिकम विकसित राष्ट्रहरूको बीचमा ठूलो अन्तरका बावजुद पनि ब्रसेल्स कार्य योजनाको कार्यान्वयनको अवधिमा त्यस अघिको दशकमाभन्दा आर्थिक र सामाजिक विकासको अवस्था राम्रो रहेको थियो । केही अतिकम विकसित राष्ट्रहरूले वार्षिक रूपमा ७ प्रतिशतसम्मको बृद्धि दर हासिल गरे, तर धेरै अतिकम विकसित राष्ट्रहरूमा उल्लेख्य रूपमा निम्न बृद्धि दर कायम रह्यो र कतिपय अतिकम विकसित राष्ट्रहरूले नकारात्मक बृद्धि दरको अनुभव गरे ।

दशकको अवधिमा अतिकम विकसित राष्ट्रहरूको अन्तर्राष्ट्रिय व्यापारमा सहभागिता बढ्यो, यद्यपि विश्व व्यापारमा तिनीहरूको हिस्सा सिमान्त रह्यो ।

१६. अतिकम विकसित राष्ट्रहरूले सहश्राब्दी विकास लक्ष्यहरू हासिल गर्ने दिशामा, खासगरी विश्वव्यापी प्राथमिक शिक्षा र विद्यालय भर्नामा लैंगिक समानताको क्षेत्रमा केही प्रगति हासिल गरेका छन्, जबकि धेरै अल्पविकसित मुलुकहरू बालमृत्यू दरलाई घटाउने र मातृ स्वास्थ्यमा सुधार गर्ने सवालमा लक्ष्यभन्दा धेरै टाढा रहेका छन् । लैंगिकता, ग्रामीण-शहरी जनसंख्या तथा बञ्चितिकरणमा परेका समुहहरूको सम्बन्धमा ब्रसेल्स कार्ययोजनाको मानवीय र सामाजिक लक्ष्यको दृष्टिबाट मुलुकहरूभित्र र मुलुकहरूका बीचमा ठूलो असन्तुलन कायम रहेको छ ।

१७. अति कम विकसित मुलुकहरूले सुशासन, विशेषगरी लोकतान्त्रिक शासनलाई तिनीहरूका आफ्ना प्रक्रियाहरूमा जोड्न र संस्थागत गर्ने प्रयासहरू र महिलाहरूलाई सशिक्तिकरण गर्ने सवालमा प्रगति हासिल गरेका छन् ।

१८. ब्रसेल्स कार्ययोजनाले अतिकम विकसित राष्ट्रहरूका विकास प्रक्रियाहरूमा सकारात्मक भूमिका खेलेको भएता पनि ब्रसेल्स कार्ययोजनाको विशिष्ट लक्ष्यहरू र कार्यहरू पूर्ण रूपमा हासिल भएका छैनन् । केही अतिकम विकसित मुलकहरूमा सुधारिएको आर्थिक गतिविधिको परिणामस्वरुप रोजगारी सृजना र गरिबी निवारणको क्षेत्रमा सिमित प्रभाव देखिएको छ । धेरै अतिकम विकसित राष्ट्रहरूमा निकै सिमित संरचनात्मक परिवर्तन देखिएका छन् र बाह्य झड्काको लागि तिनीहरूका जोखिमहरू पनि घटेका छैनन् ।

१९. धेरै अतिकम विकसित राष्ट्रहरूमा कुल ग्रार्हस्थ उत्पादनको क्षेत्रगत बनौटमा परिवर्तन अन्य विकासशील मुलुकहरूमाभन्दा निकै सुस्त रहेका छन् । खासगरी, उत्पादनमूलक क्षेत्रको हिस्सा, जुन धेरै मध्यम आय भएका मुलुकहरूको आर्थिक विकासको प्रेरक शक्तिको रूपमा रहेका छन्, सुस्त गतिमा बृद्धि भएका छन् ।

२०. धेरै अतिकम विकसित राष्ट्रहरू खाद्यवस्तु आयातकर्ताहरू हैनन्, जसले तिनीहरूको निर्यात आय र पूँजी प्रवाहमा भारी गिरावटको जोखिमलाई बढाएको छ । अतिकम विकसित राष्ट्रहरूले वर्षौंदेखि हासिल गरेका विकासका लाभहरूलाई अनेकन अन्तरसम्बन्धित विश्वव्यापी संकटहरू र चुनौतिहरू, जस्तै बढ्दो खाद्य असुरक्षा, उर्जा तथा वस्तुको अस्थिर मूल्य र विश्वव्यापी वित्तीय तथा आर्थिक संकटहरूले आंशिक रूपमा उल्टाइदिएको छ ।

२१. अतिकम विकसित राष्ट्रहरूमा विकास रणनीतिहरूको कार्यान्वयनमा सुधार आएको छ र ब्रसेल्स कार्ययोजना कार्यान्वयनको अवधिमा विकास साझेदारहरूले पनि तिनीहरूको योगदानलाई बृद्धि गरेका छन् । संपूर्ण प्रतिबद्धताहरू र लक्ष्यहरू पूर्ण रूपमा पूरा हुन नसकेको भएता पनि आर्थिक र प्राविधिक सहयोग, आधिकारिक विकास सहायता (ओडिए), व्यापार क्षमता, बजार पहुँच तथा ऋण राहतसम्बन्धी

अतिकम विकसित राष्ट्रहरूको आवश्यकताहरूलाई सम्बोधन गर्ने सवालमा प्रगतिहरू हासिल भएका छन् ।

२२. अतिकम विकसित राष्ट्रहरूले आफ्ना विकासका लागि घरेलु स्रोतहरूको परिचालनमा उल्लेख्य प्रयासहरू गरेको भएता पनि प्रायः सबैले अझैसम्म ठूलो वित्तीय लगानी अन्तरको सामना गरिरहेका छन् । अतिकम विकसित राष्ट्रहरूको विकासका लागि आधिकारिक विकास सहायता (ओडिए)ले नै बाह्य वित्तीय लगानीको सबभन्दा ठूलो स्रोतको रूपमा निरन्तरता पाउदै आएको छ । विकास सहयोग समिति (डिएसि)का सदस्य मुलुकहरूका लागि आधिकारिक विकास सहायतासँग कुल राष्ट्रिय आय (जिएनआई)को कुल अनुपात सन् १९९७-१९९८ मा ०.०५ प्रतिशत देखि सन् २००८ मा ०.०९ प्रतिशतसम्म बृद्धि भएको थियो, तथापि यो लक्ष्यभन्दा ०.१५-०.२० प्रतिशतले तलै रह्यो । सहायताको बढ्दो हिस्सा भौतिक र आर्थिक पूर्वाधार निर्माणमा भन्दा सामाजिक क्षेत्रहरूमा खर्च भएको छ ।

२३. अन्तर्राष्ट्रिय वस्तु व्यापारमा अतिकम विकसित राष्ट्रहरूको निर्यातको हिस्सा सन् २००२ मा ०.६२ प्रतिशतबाट बढेर सन् २००८ मा १.०८ प्रतिशत पुगेको छ । सन् २००५ मा विश्व व्यापार संगठनले पारित गरेको हङकङ मन्त्री स्तरीय घोषणापत्रको परिपालन गर्दै अतिकम विकसित राष्ट्रहरूमा उत्पत्ति भएका वस्तुहरूका लागि करमुक्त-कोटामुक्त बजारमा पहुँचसम्बन्धी प्रतिबद्धताहरूलाई पूरा गर्नेतर्फ प्रगति हासिल भएका छन् । तथापि यसको पूर्ण रूपमा कार्यान्वयन हुन भने अझै बाँकी रहेको छ । अतिकम विकसित राष्ट्रहरूका उत्पादनहरूमा उत्पत्तिसम्बन्धी सरल र पारदर्शी नियमहरूको कार्यान्वयनका लागि केही मुलुकहरूले उल्लेखनीय प्रयास गरेकाछन्, तर अझै विश्व व्यापार संगठनका नियमहरूसँग असंगत गैरकर अवरोधहरूका साथै व्यापारका अन्य गम्भिर बाँधाहरू, दायित्व र आपूर्ति पक्षका बाधाहरू, खासगरी पूर्वाधार तथा आधुनिक प्रविधि र उर्जाको कमी कायमै  रहेका छन् ।

२४. कैयन अतिकम विकसित राष्ट्रहरूको विकासमा ऋणमा चुर्लुम्म डुबेका गरीब मुलुकहरूको पहल (एच.आइ.पि.सि.)  र ऋणमोचनका लागि बहुपक्षीय पहल (एम.डि.आर.आइ.) को सकारात्मक प्रभाव देखिएको थियो, यद्यपि यसका लागि सबै अतिकम विकसित राष्ट्रहरू योग्य छैनन् । तथापि वित्तीय संकटको अवधिमा बढ्दो ऋण र सापटीको कारण ऋणको पीडा अतिकम विकसित राष्ट्रहरूका लागि मुख्य सरोकारको रूपमा रहने गरेको छ ।

२५. अतिकम विकसित राष्ट्रहरूमा प्रत्यक्ष विदेशी लगानीको बहाव पनि उल्लेखनीय रूपमा बढेको छ, तर यसको संरचनात्मक परिवर्तनमा स्पष्ट प्रभाव भने देखिएको छैन । ब्रसेल्स कार्ययोजनामा कुल गार्हस्थ उत्पादनमा लगानीको अनुपात २५ प्रतिशत निर्धारण गरिएको थियो, जुन केही मुलुकहरूले आंशिक रूपमा मात्र हासिल गरेका छन् । अतिकम विकसित राष्ट्रहरूमा प्रत्यक्ष वैदेशिक लगानीको

बहाव समग्र प्रत्यक्ष वैदेशिक लगानी प्रवाहको सिमित हिस्सा प्राप्त गर्ने स्रोतलाई आकर्षित नगर्ने क्षेत्रहरूसहित खानी उद्योगहरूमा केन्द्रित रह्यो ।

२६. ब्रसेल्स कार्ययोजनाको राष्ट्रिय, क्षेत्रीय र विश्वस्तरमा गरिएको समीक्षाबाट केही महत्वपूर्ण सिकाईहरू हासिल भएका छन् :

(क) कार्ययोजनालाई राष्ट्रिय विकास रणनीति, योजना र कार्यक्रमहरूमा समायोजन गर्ने तथा यसको कार्यान्वयनलाई निरीक्षण गर्ने अधिकारीहरूको पहिचान गर्नुका साथै सांसदहरू, नागरिक समाजका संगठनहरू, निजी क्षेत्र र कार्यकारी शाखाहरूको बहुपक्षीय संलग्नता सहित अतिकम विकसित राष्ट्रहरूको बढी स्वामित्व र नेतृत्व अभिभाज्य रहेको छ ।

(ख) केही अन्तर्राष्ट्रिय सहयोगका उपायहरूले सिमित परिणाम मात्र हासिल गर्न सकेका छन्, जुन अतिकम विकसित राष्ट्रहरूको विशिष्ट आवश्यकताहरू र ब्रसेल्स कार्ययोजनाले लिएको लक्ष्य र उद्देश्यहरूको क्षेत्र र मात्राअनुसार अपर्याप्त थिए । केही मामलाहरूमा कार्यान्वयनका कठिनाईहरू थिए र नीतिगत तालमेल र एकरुपताको अभाव पनि रहेका थिए । अतिकम विकसित राष्ट्रहरूलाई उच्च प्राथमिकता र विशिष्ट लक्ष्यहरूका दृष्टिबाट अन्तर्राष्ट्रिय सहयोगका उपायहरूलाई सुदृढ गरिनु पर्दछ ।

(ग) अतिकम विकसित राष्ट्रहरूलाई तिनीहरूको न्यून प्रतिव्यक्ति आय, निम्न स्तरको मानवीय विकास र नाजुक अर्थतन्त्र भएका मुलुकहरूको समुहको रूपमा व्यवहार गरिनु नै तिनीहरूको पक्षमा विशेष उपायहरूका लागि मुख्य आधार कायम रहेको छ । यस कार्ययोजनाले साना टापु तथा भूपरिवेष्टित, हिमाली तथा नाजुक पारिस्थितिकी भएका, होचा सामुद्रिक किनारका अतिकम विकसित राष्ट्रहरू, जो प्राथमिक वस्तु निर्यातमाथि अति नै परनिर्भर छन्, न्यून कृषिजन्य उत्पादकत्व र खाद्य असुरक्षा, जलवायू तथा वातावरणीय जोखिम, उर्जा असुरक्षा जस्ता विशिष्ट भौगोलिक कठिनाईहरू भोलिरहेका र द्वन्द्वको क्रममा जम्मिएका अतिकम विकसित राष्ट्रहरू सहित प्रत्येक अतिकम विकसित राष्ट्रहरूका जोखिमहरूलाई पूर्ण रूपमा ध्यान दिनु पर्दछ ।

(घ) विभिन्न संकटहरूले विश्व अर्थतन्त्रका अस्थिरताहरू र जोखिमहरूसम्बन्धी नयाँ चेतनालाई जन्म दिएको छ । उत्पादक क्षमता र स्वदेशमै निर्मित विकासका पथहहरूको बृद्धिको माध्यमबाट र अतिकम विकसित राष्ट्रहरूका संरचनात्मक रुपान्तरणमा पुनः जोड दिनु महत्वपूर्ण छ ।

(ङ) विकास साझेदारहरूका सहायता, व्यापार र विकास रणनीतिहरूमा कार्ययोजनालाई राम्रो एकीकरण गर्नु पनि नीतिहरूको सफल कार्यान्वयन र सामञ्जस्यताको निम्ति महत्वपूर्ण हुन्छ ।

(च) विकास साझेदारहरूका अतिरिक्त विकासशील मुलुकहरूले पनि दक्षिण-दक्षिण

सहयोगको सन्दर्भमा उत्तर-दक्षिण सहयोगको विकल्पको रूपमा नभएर पुरकको रूपमा उनीहरूको क्षमतासँग सामञ्जस्यता राख्दै नयाँ कार्ययोजनाको कार्यान्वयनमा योगदान गर्न सक्दछन् ।

(छ) आगामी दशकको लागि बनेको विकास रणनीतिले घरेलु उत्पादनमूलक क्षमताको सशक्त भूमिकामाथि जोड दिदै विविधिकरण, सुदृढ लगानीहरू, पूर्वाधार विकास, प्राविधिक क्षमताको विकास, अतिकम विकसित राष्ट्रहरूका निजी क्षेत्रको क्षमता विकास र सुदृढीकरणद्वारा निकासी-प्रधान बृद्धिको रणनीतिलाई सहयोग गर्नु पर्दछ, जसले सुदृढ र दिगो, समावेशी र समतामूलक आर्थिक बृद्धि र संरचनात्मक रुपान्तरणलाई गति प्रदान गर्न सकोस् । कृषि तथा ग्रामीण विकास र खाद्य तथा पोषण सुरक्षाका लागि अझै बढी ध्यान पर्‍याउनु पर्दछ । पूर्वाधार सहित क्षेत्रीय एकीकरणलाई पनि उच्च महत्व दिइनु पर्दछ ।

(ज) उद्देश्य र लक्ष्यहरूसँग यी क्षेत्रहरूलाई राम्ररी दाँजेर सहयोगका प्राथमिक क्षेत्रहरूलाई लक्षित गरिनु पर्दछ र तिनीहरूसम्म पुग्नका लागि निश्चित साधन र औजारहरूको पहिचान गरिनु पर्दछ ।

(झ) राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा सुशासन र भ्रष्टाचारविरुद्धको लडाई, मानवअधिकारको सम्मान, लैंगिक सवालहरू, संस्थागत क्षमताको विकास, सामाजिक संरक्षण र सामाजिक सेवाहरू तथा वातावरणसम्बन्धी सरोकारहरू जस्ता विषयहरूमा जोड दिनु गरिबी निवारणको एउटा व्यापक दृष्टिकोणका लागि महत्वपूर्ण हुन्छ ।

(ञ) अतिकम विकसित राष्ट्रहरूमा संरचनात्मक रुपान्तरण ल्याउन र दिगो विकास हासिल गर्न र गरिबी निवारणका साथै यस कार्ययोजनाका अन्य उद्देश्यहरू हासिल गर्नका लागि समेत सुदृढ वित्तीय स्रोतहरू महत्वपूर्ण छन् । स्रोतहरूको मात्रा, गुण र पूर्वानुमान क्षमतालाई सम्बोधन गरिनु पर्दछ साथै अति कम विकसित मुलुकहरूलाई सहयोगमा समर्पित क्षेत्रीय र विश्वव्यापी सुविधाहरू तथा संयन्त्रहरूलाई प्रयोग गर्ने सर्वोत्तम तरिकाहरू अवलम्बन गर्नु पर्दछ ।

(ट) विश्वस्तरीय निर्णय प्रक्रियामा अतिकम विकसित राष्ट्रहरूको प्रभावकारी प्रतिनिधित्वले अतिकम विकसित राष्ट्रहरूको विकासका लागि अन्तर्राष्ट्रिय वातावरणलाई सुदृढ बनाउन सक्दछ । अतिकम विकसित राष्ट्रहरूको स्थितिको व्यापक पहिचानले कार्ययोजनालाई विकास नीतिहरूमा राम्ररी समायोजन गर्न प्रेरित गर्नुका साथै सहजीकरण गर्दछ ।

(ठ) आपसी जवाफदेहिताको सिद्धान्तलाई सुदृढ गर्नका लागि अनुगमनलाई उद्देश्य र लक्ष्यमा मात्र केन्द्रित गरिनु हुदैन, बरु काममा पनि जोड दिइनु पर्दछ ।

## ग. विकासका लागि नवीकृत तथा सुदृढ साझेदारी

***उद्देश्यहरू***

२७. सन् २०११-२०२० को दशकको लागि कार्ययोजनाको समग्र लक्ष्य भनेको गरिबी निवारण गर्न, अन्तर्राष्ट्रिय स्तरमा सहमत विकास लक्ष्यहरू हासिल गर्न र अतिकम विकसित राष्ट्रहरूको समुहबाट स्तरोन्नतिका लागि सक्षम बनाउनका लागि अतिकम विकसित राष्ट्रहरूले सामना गरिरहेको संरचनात्मक चुनौतिहरूलाई जित्नु नै हो ।

२८. समग्र लक्ष्यबाट निर्देशित हुँदै दशकको अवधिमा अतिकम विकसित राष्ट्रहरूको राष्ट्रिय नीतिहरू र अन्तर्राष्ट्रिय सहयोगका उपायहरूले सन् २००० सम्म अतिकम विकसित राष्ट्रहरूको आधा संख्यालाई स्तरोन्नतिका लागि सक्षम बनाउने उद्देश्यले निम्न विशेष उद्देश्यहरूमा जोड दिनेछ :

(क) अतिकम विकसित राष्ट्रहरूमा कम्तीमा वार्षिक ७ प्रतिशतको तहमा दिगो, समतामुलक र समावेशी आर्थिक बृद्धि हासिल गर्ने, संरचनात्मक रुपान्तरणको माध्यमबाट संपूर्ण क्षेत्रमा तिनीहरूको उत्पादनमूलक क्षमताको सुदृढीकरण गर्ने र क्षेत्रीय एकीकरणका साथै विश्व अर्थतन्त्रसँग प्रभावकारी एकिकरणको माध्यमबाट तिनीहरूको सीमान्तीकरणमाथि विजय हासिल गर्ने ।

(ख) दिगो, समतामूलक र समावेशी मानव तथा सामाजिक विकास, लैंगिक समानता र महिला सशक्तिकरणको प्रवर्द्धनद्वारा मानवीय क्षमताको विकास गर्ने ।

(ग) अतिकम विकसित राष्ट्रहरूका आर्थिक, प्राकृतिक तथा वातावरणीय झड्का र प्रकोपहरू, साथै जलवायू परिवर्तनका जोखिमलाई न्यूनिकरण गर्न यी र यस प्रकारका अन्य चुनौतीहरूलाई सामना गर्नका लागि तिनीहरूको क्षमतालाई सबलीकरण गर्ने ।

(घ) घरेलु स्रोतको परिचालन, आधिकारिक विकास सहायता (ओडिए), बाह्य ऋणमोचन, प्रत्यक्ष वैदेशिक लगानी र विप्रेषणको माध्यमबाट समेत अतिकम विकसित राष्ट्रहरूको विकासका लागि सुदृढ वित्तीय स्रोतहरू र तिनको प्रभावकारी प्रयोगलाई सुनिश्चित गर्ने ।

(ङ) लोकतान्त्रिक प्रक्रियाहरू, संस्थाहरू र कानुनी शासनको सबलीकरण, कार्यक्षमता, सामञ्जस्यता, पारदर्शिता र सहभागितामा बृद्धि गरी सबै तहमा सुशासनलाई सुदृढ गर्ने । मानवअधिकारको रक्षा र प्रवर्द्धन, भ्रष्टाचार न्यूनिकरणका साथै आर्थिक तथा सामाजिक विकासमा प्रभावकारी भूमिका खेल्नका लागि अतिकम विकसित राष्ट्रका सरकारहरूको क्षमता अभिबृद्धि गर्ने ।

**सिद्धान्तहरू :**

२९. यसका उद्देश्यहरूलाई सफलतापूर्वक हासिल गर्नका लागि साझेदारीको सुदृढ खाकाको आधारमा कार्ययोजनाको कार्यान्वयनलाई निम्न सिद्धान्तहरूले निर्देशित गर्नेछन् :

(क) देशको स्वामित्व र नेतृत्व । अतिकम विकसित राष्ट्रहरूको विकासका लागि तिनीहरू स्वयंको स्वामित्व, नेतृत्व र प्राथमिक जिम्मेवारी रहन्छ । अतिकम विकसित राष्ट्रहरूलाई आफ्ना लागि सामाञ्जस्यपूर्ण आर्थिक र विकास नीतिहरूको निर्माण गर्ने तथा कार्यान्वयन गर्ने, आर्थिक र समाजिक क्षेत्रको बीचमा स्रोतहरूको बाँडफाँटमा सन्तुलन खिच्ने लगायत आफ्ना राष्ट्रिय प्राथमिकताहरू पहिचान गर्ने अधिकार र जिम्मेवारी छ। विकास साझेदारहरूले अतिकम विकसित राष्ट्रहरूलाई तिनीहरूको विकास रणनीतिहरूको निर्माण र कार्यान्वयनमा सहयोग गर्नु पर्दछ ।

(ख) एउटा एकिकृत दृष्टिकोण, जस अन्तरगत अतिकम विकसित राष्ट्रहरूको विकास प्रक्रियालाई व्यापक र समग्रतामा हेरिनु पर्दछ। अतिकम विकसित राष्ट्र केन्द्रित अन्तर्राष्ट्रिय सहयोगका उपायहरू र संयन्त्रहरूको मात्रा, गुणस्तर र प्रभावकारितालाई बृद्धि गर्ने उद्देश्यले अन्तर्राष्ट्रिय आर्थिक, वित्तीय र व्यापार प्रणालीहरूको नीतिगत सामाञ्जस्यता तथा एकरुपताको प्रवर्द्धनले खास महत्व राख्दछ। कार्ययोजनाको कार्यान्वयनलाई सान्दर्भिक सबै अन्तर्राष्ट्रिय प्रक्रियाहरूमा एकिकृत गरिनु पर्दछ ।

(ग) यस कार्ययोजनाका लक्ष्य र उद्देश्यहरू हासिल गर्नका लागि अतिकम विकसित राष्ट्रहरूलाई सबभन्दा बढी जोखिम भएका मुलुकहरूको समूह हो भन्ने बुझाई र मान्यता सहित वास्तविक साझेदारी र ऐक्यवद्धताका साथै सबै तहहरूमा प्रभावकारी राष्ट्रिय नीतिहरू, सुदृढ विश्वव्यापि सहयोग र उपयुक्त संयन्त्रहरूको आवश्यकता छ ।

(घ) परिणाम अभिमुखीकरण । कार्ययोजनाको सफलताको मूल्याङ्कन अन्तर्राष्ट्रिय स्तरमा सहमत विकास लक्ष्य तथा उद्देश्यहरू र अतिकम विकसित राष्ट्रहरूलाई स्तरोन्नति गर्नका लागि सक्षम बनाउन यसले पुऱ्याउने योगदानको आधारमा गरिनेछ । कार्यान्वयनका क्रियाकलापहरूमा भएका प्रगतिहरूको पहिचान, अनुगमन तथा मूल्याङ्कनका प्रक्रियाहरू तथा कार्ययोजनाको लक्ष्य र उद्देश्यहरूलाई स्वीकार गर्नाले आपसी जवाफदेहिता र विकास सहयोगको प्रभावकारितालाई सुदढ बनाउनमा योगदान पुऱ्याउदछ ।

(ङ) राष्ट्रसंघीय प्रणालीको खम्बाको रूपमा तथा सामुहिक सुरक्षा र भलाईको लागि जगको रूपमा रहेका शान्ति र सुरक्षा, विकास र मानवअधिकार आपसमा अन्तरनिर्भर, अन्तरसम्बन्धित र परस्पर सहयोगी रहेका छन् । विकासले स्वतन्त्रता, शान्ति, सुरक्षा र सुशासनको माग गर्दछ र यिनको सुदृढीकरण गर्दछ । यसले

खाद्य अधिकार, कानुनी शासन, लैंगिक समानता, प्रकृतिको सम्मान र न्यायूर्ण र लोकतान्त्रिक समाजका लागि आवश्यक समग्र प्रतिबद्धताहरू सहित सबै प्रकारका मानवअधिकारहरूको सम्मान गर्दछ । केही अतिकम विकसित राष्ट्रहरूले सामना गरिरहेका खास चुनौतिहरू, द्वन्द्व र तिनका मानवीय, आर्थिक र सामाजिक प्रभावहरूलाई पहिचान तथा तिनको स्थायित्वलाई सबलीकरण गर्नु पर्दछ । आजको अन्तरनिर्भर तथा परस्पर सम्बद्ध विश्वमा अन्तर्राष्ट्रिय समुदायका प्रत्येक सदस्यलाई सुरक्षा, समृद्धि र कल्याणको लागि साझा जिम्मेवारी रहेको छ । अतिकम विकसित राष्ट्रहरूमा गरिबी र भोकको उन्मुलनले, अरु मध्ये, दिगो तरिकाले विश्वव्यापी स्थिरता र समृद्धिलाई सुनिश्चित गर्ने काममा योगदान पुऱ्याउदछ ।

(च) दीर्घकालिन समृद्धिको अनुशरण गर्न र सबैका लागि विकासको अधिकार लगायत अन्तर्राष्ट्रिय स्तरमा मान्यता प्राप्त मानवअधिकारहरूलाई स्वीकार गर्नका लागि सबै स्तरहरूमा समता अपरिहार्य हुन्छ । अतिकम विकसित राष्ट्रहरूका विकास रणनीतिहरू तथा कार्यक्रमहरू र तिनका साझेदारहरूले सामाजिक न्याय, लोकतन्त्र, लैंगिक समानता र स्थिर, समावेशी र न्यायोचित आर्थिक बृद्धि तथा दिगो विकासलाई सुनश्चित गर्दै तिनीहरूको आफ्नै विकास र सबभन्दा बढी जोखिममा रहेकाहरूको हितका लागि गरीब तथा सिमान्तीकृत जनताको सहभागिता र सशक्तिकरणलाई सुदृढ गर्नका लागि प्रयत्न गर्नु पर्दछ ।

(छ) आवाज र प्रतिनिधित्व । अन्तर्राष्ट्रिय आर्थिक प्रणाली तथा ढाँचा अतिकम विकसित राष्ट्रहरूको विशेष विकास अवश्यकताहरूप्रति समावेशी र उत्तरदायी हुनु पर्दछ । सबै तहहरूमा तिनीहरूको प्रभावकारी सहभागिता, आवाज तथा प्रतिनित्वलाई सुनिश्चत गरिनु पर्दछ ।

(ज) राज्यको सन्तुलित भूमिका तथा बजारको चिन्तन, जहाँ अतिकम विकसित राष्ट्रहरूका सरकारहरू दिगो र समावेशी आर्थिक बृद्धि हासिल गर्ने दृष्टिकोण सहित नीतिहरू र संस्थाहरू निर्माण गर्ने प्रतिबद्धता जनाउदछन्, जसले पूर्ण रोजगारी, मर्यादित कामका अवसरहरू र दिगो विकासलाई व्यवहारमा उतार्दछ । राष्ट्रिय विकासका लक्ष्यहरू हासिल गर्ने दिशातर्फ निजी क्षेत्रलाई उत्प्रेरित गर्नका लागि राज्यले महत्वपूर्ण भूमिका पनि खेल्दछ र बजारको लागि प्रभावकारी ढङ्गले काम गर्ने समुचित स्थिर, पारदर्शी र नियम-आधारित आर्थिक वातावरणको सृजना गर्दछ ।

## विकासका लागि नवीकृत तथा सशक्त साझेदारी

३०. इस्तानबुल कार्ययोजना अतिकम विकसित राष्ट्रहरू र तिनका विकास साझेदारहरूको बीचमा विभिन्न अन्तरसम्बन्धित क्षेत्रहरूमा ठोस कार्यहरू सम्पन्न गर्ने प्रतिबद्धताहरू, जवाफदेहिता र साझेदारीमा आधारित रहेको छ । यसका लागि व्यापक स्तरमा आर्थिक, सामाजिक र वातावरणीय मुद्दाहरूमा यस

कार्ययोजनाको उद्देश्य अनुरुपका सहयोगी र एकीकृत नीतिहरू आवश्यक पर्दछ ।

३१. प्रत्येक अतिकम विकसित राष्ट्रहरूले कार्ययोजनामा रहेका नीतिहरू र उपायहरूलाई राष्ट्रिय तथा क्षेत्रगत विकासका रणनीति र योजनाहरूमा समाविष्ट गरेर यस कार्ययोजनालाई ठोस उपायको रूपमा परिणत गर्नेछन् । के स्वीकारिएको छ भने भूमण्डलिकृत विश्वमा राष्ट्रिय अर्थतन्त्रहरूको बढ्दो अन्तरनिर्भरता तथा अन्तर्राष्ट्रिय आर्थिक सम्बन्धहरूका लागि नियममा आधारित प्रणालीको उदयको अर्थ हो, राष्ट्रिय आर्थिक नीतिहरूका लागि स्थान, जुन घरेलु नीतिहरू खासगरी व्यापार, लगानी र अन्तर्राष्ट्रिय विकासका क्षेत्रहरू आज प्रायः अन्तर्राष्ट्रिय मान्यताहरू, प्रतिबद्धताहरू र विश्व बजारका विचारहरूबाट तयार भएको हुन्छ । प्रत्येक सरकारले अन्तर्राष्ट्रिय नियमहरू र प्रतिबद्धताहरूलाई स्वीकार गर्नुका लाभहरू र नीतिगत दायराको क्षतिबाट उत्पन्न बाँधाहरूको बीचमा फाइदा-बेफाइदाको मूल्याङ्कन गर्नु पर्दछ ।

३२. अतिकम विकसित राष्ट्रहरूका राष्ट्रिय प्रयासहरूलाई अतिकम विकसित राष्ट्रहरूका विकासका अवसरहरूको विस्तारमा लक्षित गरिएको, विकसित हुँदै गरेका राष्ट्रिय प्राथमिकताहरूलाई सम्बोधन गर्ने खालका सहयोगी विश्वव्यापी कार्यक्रमहरू, उपायहरू र नीतिहरूद्वारा पूर्ति गरिनु पर्दछ ।

३३. कार्ययोजनामा व्यवस्था गरिए बमोजिम विकास साझेदारहरूले यस कार्ययोजना भित्रको आ-आफ्नो खण्डलाई आ-आफ्ना राष्ट्रिय सहयोगका नीतिगत ढाँचाहरू, कार्यक्रमहरू र क्रियाकलापहरूमा एकिकृत गरेर, उपयुक्त तरिकाले, सुदृढ, पूर्वानुमान गर्न सकिने र अतिकम विकसित राष्ट्रहरूलाई लक्षित सहयोगलाई सुनिश्चित गर्ने गरी कार्यान्वयन गर्नेछन् ।

३४. दक्षिण-दक्षिण सहयोगको सन्दर्भमा, विकसित मुलुकहरूले तिनीहरूको क्षमता अनुरुप भाग ५ मा उल्लेखित प्रवधानअनुसार यस कार्ययोजनाको प्रभावकारी कार्यान्वयन गर्ने छन् ।

३५. अतिकम विकसित राष्ट्रहरूमा स्थिर, समावेशी र न्यायोचित आर्थिक बृद्धि र दिगो विकासलाई प्रवर्द्धन गर्न भौतिक तथा संस्थागत दुवै, उप-क्षेत्रीय तथा क्षेत्रीय संपर्कको माध्यमबाट समेत विभिन्न प्रकारका चुनौतिहरू एवं संकटहरूको सशक्त सम्बोधन गर्न उप-क्षेत्रीय तथा क्षेत्रीय सहयोगले महत्वपूर्ण भूमिका खेल्न सक्दछ । अतिकम विकसित राष्ट्रहरूको पक्षमा उप-क्षेत्रीय र क्षेत्रीय सहयोगलाई अघि बढाउनु तथा सहयोग प्रयासको महत्वलाई सम्बोधन गरिनु पर्दछ ।

३६. अतिकम विकसित राष्ट्रहरूको विकास प्रक्रियामा दीघकालिन साझेदारको रूपमा, ब्रेटन उड संस्थाहरू सहित संयुक्त राष्ट्र संघीय प्रणाली अन्तरगतका संस्थाहरूको कार्ययोजनाको कार्यान्वयनमा निभउनु पर्ने विशेष भूमिका रहेको छ ।

३७. विकास रणनीतिहरूको बारेमा छलफल गर्न तथा तिनको कार्यान्वयनलाई निरीक्षण गर्ने काममा संसदहरूको महत्वपूर्ण भूमिका हुन्छ । कार्ययोजनाको सन्दर्भमा नीति तथा कार्यक्रमहरूको निर्माण, कार्यान्वयन तथा मूल्याङ्कन गर्ने काममा संसदहरूको संलग्नताले तिनको प्रभावकारिरता, पारदर्शिता तथा जवाफदेहितालाई सुनिश्चित गर्दछ ।

३८. निजी क्षेत्रसँगको साझेदारीले अतिकम विकसित राष्ट्रहरूमा उद्यमशीलताको प्रवर्द्धन, रोजगारी एवं लगानीको सृजना, राजस्व बृद्धिको सम्भावना, नयाँ प्रविधिको विकास तथा उच्च, स्थिर, समावेशी तथा समतामूलक आर्थिक बृद्धिका लागि महत्वपूर्ण भूमिका खेल्दछ । सबै तहहरूमा सुशासन तथा व्यापारको लागि उचित वातावरणको निर्माणले यस सन्दर्भमा महत्वपूर्ण भूमिका खेल्दछ ।

३९. कार्ययोजनाले के स्वीकारेको छ भने, नागरिक समाज सरकारको पूरक हो र निजी क्षेत्र कार्यान्वयनका लागि सहयोगी हो । नागरिक समाजका संस्थाहरू अतिकम विकसित राष्ट्रहरूमा सहभागिमूलक तथा समावेशी विकास प्रक्रियालाई सुनिश्चित गर्नका लागि आवश्यकता अनुसार नीतिगत छलफलहरूमा संलग्न हुनेछन् ।

४०. अन्तर्राष्ट्रिय व्यापार तथा वित्तीय ढाँचा अतिकम विकसित राष्ट्रहरूका विशेष आवश्यकताहरू तथा प्राथमिकताहरूप्रति सहयोगी र उत्तरदायी हुनु पर्दछ । नयाँ उदियमान चुनौतिहरू समेतलाई ध्यानमा राख्दै, आधिकारिक विकास सहायता, व्यापार, प्रत्यक्ष वैदेशिक लगानी, ऋण तथा वित्त सहित अन्तर्राष्ट्रिय विकास ढाँचाकाका विभिन्न नीतिगत क्षेत्रहरू बीच सुदृढ संयोजन तथा सामञ्जस्यताको आवश्यकता छ ।

४१. उप-क्षेत्रीय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय स्तरका विकास प्रयासहरू, जस्तै, ग्रुप अफ २० (जी २०) को साझा बृद्धिका लागि सियोल विकास सहमती र यसको बहु-वर्षीय कार्ययोजना आदिले अतिकम विकसित राष्ट्रहरूमा समावेशी, दिगो र फराकिलो बृद्धिका लागि योगदान पुऱ्याउने अपेक्षा गरिएको छ ।

४२. अतिकम विकसित राष्ट्रहरू र तिनका विकास साझेदारहरू, अतिकम विकसित राष्ट्रहरूका लागि व्यापक, परिणाममूखी, परिष्कृत, मापनयोग्य, अग्रदर्शी तथा सुसंगत, नवीकृत तथा बलियो विश्वव्यापी साझेदारीका लागि तिनीहरूको प्रतिबद्धतालाई पुष्टी गर्दछन् ।

## ४. कार्बाहीका प्राथमिक क्षेत्रहरू

४३. निम्न बमोजिमका प्राथमिकताका क्षेत्रहरूमा कार्बाही सञ्चालन गरिनेछ :

क. उत्पादक क्षमता

- पूर्वाधार
- उर्जा

- विज्ञान, प्रविधि र नयाँ खोज
- निजी क्षेत्रको विकास

ख. कृषि, खाद्य सुरक्षा र ग्रामीण विकास

ग. व्यापार

घ. वस्तुहरू

ङ. मानव तथा सामाजिक विकास
- शिक्षा तथा तालिम
- जनसंख्या तथा प्राथमिक स्वास्थ्य
- युवा विकास
- आवास
- पानी तथा सरसफाई
- लैंगिक समानता तथा महिला सशक्तिकरण
- सामाजिक संरक्षण

च. विभिन्न संकहरू तथा उदियमान नयाँ चुनौतिहरू
- आर्थिक झड्का
- जलवायू परिवरिवर्तन तथा वातावरणीय दिगोपना
- विपद् जोखिम न्यूनिकरण

छ. विकासका लागि वित्तीय स्रोतहरूको परिचालिन तथा क्षमता विकास
- घरेलु स्रोत परिचालन
- आधिकारिक विकास सहायता
- वाह्य ऋण
- प्रत्यक्ष वैदेशिक लगानी
- विप्रेषण

ज. सबै तहहरूमा सुशासन

**क. उत्पादक क्षमता**

४४. अतिकम विकसित राष्ट्रहरूको अर्थतन्त्र भन्नाले सिमित उत्पादक क्षमता, जसले तिनीहरूको कुशलतापूर्वक तथा प्रभावकारी रूपमा उत्पादन गर्ने सामर्थ्य र

अर्थतन्त्रहरूलाई विविधिकरण गर्ने काममा अवरोध पुऱ्याउँदछ । यो असक्षमता, बाध्यकारी आपूर्ति अवरोध र आखिरीमा कमजोर निकासी र आर्थिक क्षमता र सिमित उत्पादनमूलक रोजगारी सृजना तथा सामाजिक विकासका सम्भावनाहरूमा देखा पर्दछ ।

कृषि, उत्पादन र सेवा क्षेत्रमा संभाव्य, प्रतिस्पर्धी उत्पादकमूलक क्षमताको न्यूनतम मात्रा निर्माण गर्नु आवश्यक छ । यदि अतिकम विकसित राष्ट्रहरूले विश्व अर्थतन्त्रसँगको एकिकरणबाट लाभ उठाउने हो भने, धक्काहरूलाई धान्नसक्ने क्षमतामा बृद्धि, समावेशी र समतामूलक बृद्धिलाई कायम राख्नुका साथै गरिबी निवारण र संरचनात्मक रुपान्तरण गर्नु तथा सबैका लागि पूर्ण रोजगारी र मर्यादित कामको सृजना गर्नु पर्दछ ।

४५. राष्ट्रिय विकास नीतिहरू र रणनीतिहरू अनुरुप तल उल्लेखित उद्देश्यहरू र लक्ष्यहरूलाई अपनाउन सकिन्छ :

(क) रोजगारी सृजनालाई मध्यनजर गर्दै प्राकृतिक स्रोतमा आधारित उद्योगहरूमा उल्लेखनीय मूल्य अभिबृद्धि गर्ने ।

(ख) कृषि, उत्पादन र सेवा क्षेत्रहरूमा गतिशील मूल्य अभिबृद्धि लागु गरिएका क्षेत्रहरू ध्यान दिनुका साथै स्थानीय उत्पादक तथा निर्यात क्षमतालाई विविधिकरण गर्ने ।

(ग) दूरसंचार सेवामा उल्लेख्य पहुँच बृद्धि गर्ने र सन् २०२० सम्ममा १०० प्रतिशतलाई इन्टरनेट पहुँच पुऱ्याउन कोशिस गर्ने ।

(घ) अन्य विकासशील मुलुकहरूकै स्तरमा प्रतिव्यक्ति कुल प्राथमिक उर्जा आपूर्ति बढाउने कोशिस गर्ने ।

(ङ) सन् २०२० सम्म नवीकरणीय उर्जाका स्रोतहरूबाट उत्पादित विद्युतको हिस्सामा उल्लेखनीय बृद्धि गर्ने ।

(च) सन् २०३० सम्म सबैका लागि उर्जामा पहुँचलाई सुनिश्चित गर्ने उद्देश्यले उर्जा उत्पादन, व्यापार र वितरणमा क्षमता अभिबृद्धि गर्ने ।

(छ) सन् २०२० सम्म अतिकम विकसित राष्ट्रहरूमा संयुक्त रेल र पक्की सडक माइलेज तथा समुद्र र वायु सञ्जालमा हुने उल्लेखनीय बृद्धिलाई सुनिश्चित गर्ने ।

४६. उत्पादक क्षमतासम्बन्धी अतिकम विकसित राष्ट्रहरू र तिनका विकास साझेदारहरूद्वारा गरिने क्रियाकलापहरू तल उल्लेख भएअनुसार हुनेछन् :

## १. अतिकम विकसित राष्ट्रहरूद्वारा गरिने क्रियाकलापहरू

(क) उत्पादक क्षमताको विकासको मुद्दालाई राष्ट्रिय विकास नीतिहरू र रणनीतिहरूमा मूलप्रवाहीकरण गरिने कुरालाई सुनिश्चित गर्ने ।

(ख) अतिकम विकसित राष्ट्रहरूले उत्पादक क्षमताको विकासमा गरिने सरकारी खर्चको हिस्सामा बृद्धि गर्ने ।

(ग) अन्तर्राष्ट्रिय मापदण्डलाई पूरा गर्नका लागि उत्पादन तथा सेवाहरूको गुणस्तर सुनिश्चितता तथा मापदण्डको निर्धारण वा स्तरोन्नति गर्ने ।

(घ) बैंकिङ, बीमा तथा अन्य वित्तीय सेवाहरूमा पहुँच नहुनेहरूसम्म पुग्नका लागि घरेलु वित्तीय संस्थाहरूको क्षमता अभिबृद्धि गर्ने, जस अन्तरगत गरीब र न्यून आय भएका जनसंख्याका साथै साना र मध्यम आकारका उद्योगहरूलाई लक्षित वित्तीय सेवाहरूको सृजना र विस्तारमा, अरुहरूका साथै, लघु वित्त, लघु विमा, र सामुहिक कोषहरू र सामुहिक कोषहरूको योगदान समेत समाबेस छन् ।

(ङ) अन्य कुराहरूका साथै आर्थिक क्षेत्रहरूको प्रवर्द्धनद्वारा आर्थिक गतिविधिलाई प्रोत्साहन गर्ने, व्यापारिक अवरोधहरूलाई हटाउने र घरेलु तथा वैदेशिक लगानीलाई प्राथमिकीकरण गर्ने, जसले आबद्धतालाई बढाउदछ ।

(च) कृषि उत्पादकत्व बृद्धि गर्ने, ग्रामीण आयमा बृद्धि गर्ने र कृषि र उद्योग बीचको गाढा सम्बन्धलाई प्रोत्साहित गर्ने साधनको रूपमा मूल्य अभिबृद्धिसँगै कृषि प्रशोधन उद्योगहरूलाई प्रवर्द्धन गर्ने कार्यक्रमहरूलाई सुदृढ गर्ने ।

## २. विकास साझेदारहरूद्वारा गरिने क्रियाकलापहरू

(क) अतिकम विकसित राष्ट्रहरूलाई उत्पादक क्षमताको विकास गर्नका लागि तिनका प्राथमिकताहरूलाई ध्यानमा राख्दै सुदृढ वित्तीय तथा प्राविधिक सहयोग उपलब्ध गराउने ।

(ख) विश्वव्यापी मूल्य श्रृङ्खलामा प्रभावकारी सहभागिताका लागि तिनीहरूका फर्महरूद्वारा गरिएको विविधकरण र मूल्य अभिबृद्धिमा अतिकम विकसित राष्ट्रहरूको समर्थन गर्ने ।

(ग) अतिकम विकसित राष्ट्रहरूमा उत्पादक क्षमताको विकासको माग गर्ने तिनीहरूका फर्महरूको पक्षमा जोखिम तथा ग्यारेण्टी योजनाहरू र अन्य प्रोत्साहनको रूपमा आवश्यकता अनुसार लगानी प्रवर्द्धन प्रणालीहरूको अवलम्बन, विस्तार तथा कार्यान्वयन गर्ने ।

(घ) कृषि उत्पादन तथा उत्पादकत्व बृद्धिका लागि विज्ञान तथा प्रविधिको विकासमा सहयोग गर्ने ।

## *पूर्वाधार*

४७. अतिकम विकसित राष्ट्रहरूले सामना गरिरहेको एउटा मुख्य चुनौति भनेको विद्युत, यातायात, सूचना तथा संचार प्रविधि, पानी तथा संस्थागत क्षमता लगायत पर्याप्त भौतिक पूर्वाधारको अभाव नै हो । अतिकम विकसित राष्ट्रहरूमा नयाँ लगानीलाई आकर्षित गर्दै, उत्पादकहरूलाई बजारसँग जोड्दै, अर्थपूर्ण आर्थिक विकासलाई सुनश्चित गर्दै अनि क्षेत्रीय एकीकरणको प्रवर्द्धन गर्दै विद्यमान उत्पादक सम्पत्तिहरू र उद्यमहरूको कुशलतापूर्व सञ्चालनका लागि विस्वसनीय तथा किफायती पूर्वाधार सेवा आवश्यक हुन्छ। क्षेत्रीय दृष्टिकोणबाट डिजाइन गरिएको पूर्वाधार विकासले क्षेत्रीय एकिकरण तथा क्षेत्रव्यापी उत्पादनलाई समेत योगदान गर्न सक्दछ ।

४८. अतिकम विकसित राष्ट्रहरू र तिनका विकास साझेदारहरूले पूर्वाधारको क्षेत्रमा तल उल्लेखित क्रियाकलापहरू गर्नेछन् :

### १. अतिकम विकसित राष्ट्रहरूले गर्ने क्रियाकलापहरू

(क) पूर्वाधार विकास तथा मर्मत संभारका लागि वार्षिक बजेटको पर्याप्त प्रतिशत रकम विनियोजन र खर्च गर्ने ।

(ख) पूर्वाधार विकास र मर्मत संभारका लागि यातायात र बन्दरगाहका सबै साधन, संचार र उर्जालाई समेटेर एउटा बृहद् राष्ट्रिय नीति तथा योजनाको निर्माण गर्ने ।

(ग) मोबाइल, ब्रोडव्याण्ड र स्याटलाइटबाट जोडेर ग्रामीण तथा दुर्गम क्षेत्रसम्म विस्तार भएको आधुनिक सूचना तथा संचार प्रविधि पूर्वाधारको विकास गरी र इन्टरनेट पहुँच पुऱ्याउने ।

(घ) शिक्षा, बैंकिङ, स्वास्थ्य र शासन जस्ता उपयुक्त क्षेत्रहरूमा ब्रोडव्याण्ड संपर्क (कनेक्टिभिटी), इ-सञ्जाल, इ-सम्पर्कको विकास र विस्तार गर्ने ।

(ङ) यातायात र सूचना तथा संचार प्रविधि पूर्वाधारको विकास, मर्मतसंभार र तिनको स्थायित्वका लागि सार्वजनिक-निजी साझेदारीको प्रवर्द्धन गर्ने ।

(च) कनेक्टिभिटीलाई सुधार गर्नका लागि पूर्वाधारका अवरोध हरूलाई हटाउदै द्विपक्षीय, उप-क्षेत्रीय र क्षेत्रीय दृष्टिकोणको प्रवर्द्धन गर्ने ।

### १. विकास साझेदारहरूले गर्ने क्रियाकलापहरू

(क) अतिकम विकसित राष्ट्रहरूका क्षेत्रगत र विकास आवश्यकता तथा प्राथमिकताहरूलाई मध्यनजर गर्दै पूर्वाधार विकासका लागि सृदृढ वित्तीय तथा प्राविधिक सहयोग उपलब्ध गराउने साथै अवश्यकताअनुसार पूर्वाधार विकास र व्यावस्थापनका लागि अन्य लगानीका स्रोतहरूलाई गति दिन र त्यसबाट लाभ लिनका लागि सहुलियत कोष को प्रयोग गर्ने ।

(ख) परस्पर सहमत सर्तहरूका आधारमा पूर्वाधार विकासका लागि आवश्यक सीपहरू, ज्ञान तथा प्रविधि हस्तान्तरणमा सहजीकरण गर्न अतिकम विकसित राष्ट्रहरूका प्रयासहरूलाई सहयोग गर्ने ।

(ग) संचार तथा बहु-आयामिक पारबहन जस्तै, रेलमार्ग, सडक, जलमार्ग, गोदाम तथा बन्दरगाह सुविधाहरूसम्बन्धी पूर्वाधार विकास र मर्मत संभारका लागि सार्वजनिक-निजी साझेदारी तथा अनुदान/ऋणको समिश्रण सहितको निजी क्षेत्रको लगानीलाई सक्रिय रूपमा सहयोग गर्ने ।

(घ) अन्तर्राष्ट्रिय बजारबाट टाढा रहनु र पूर्वाधार संपर्क को अभावका कारण उत्पन्न चुनौतिहरूलाई सम्बोधन गर्ने उद्देश्यसहित भूपरिवेष्टित तथा साना टापु अतिकम विकसित राष्ट्रहरूलाई सहयोग उपलब्ध गराउने ।

***उर्जा***

४९. बहुसंख्यक अतिकम विकसित राष्ट्रहरूमा उत्पादन र उर्जामा पहुँच अपर्याप्त रहेको छ, जसको कारण ती मुलुकहरूको विकासमा गम्भिर रूपमा बाधा पुगेको छ । पारस्परिक रूपमा सहमत नियम तथा शर्तहरूमा सस्तो, विश्वसनीय र नवीकरणीय उर्जा तथा सम्बन्धित प्रविधिहरूमा पहुँचका साथै उर्जाको कुशलतापूर्ण उपयोग र वितरण उत्पादक क्षमतालाई सुदृढ गर्नका लागि महत्वपूर्ण हुनेछ, जुन स्थिर आर्थिक बृद्धि तथा दिगो विकास हासिल गर्नका लागि कुँजी हो ।

५०. अतिकम विकसित राष्ट्रहरू तथा तिनका विकास साझेदारहरूले उर्जाको सम्बन्धमा तल उल्लेख गरिएअनुसारका क्रियाकलापहरू गर्नु पर्नेछ :

**१. अतिकम विकसित राष्ट्रहरूले गर्नुपर्ने क्रियाकलापहरू**

(क) बजेट विनियोजनमा उर्जा क्षेत्रले प्राथमिकता पाउने कुरालाई सुनिश्चित गर्ने ।

(ख) एउटा बलियो उर्जा क्षेत्रको निर्माणका लागि एकिकृत उर्जा सुरक्षा विकास नीतिहरू, रणनीतिहरू र योजनाहरू अवलम्बन गर्ने, जसले सबैको लागि सस्तो, टिकाउ र विश्वसनीय उर्जा पहुँचलाई सुनिश्चित गरोस् र स्थिर, समावेशी तथा न्यायोचित आर्थिक बृद्धि र दिगो विकासको प्रवर्द्धन गरोस् ।

(ग) उर्जाको उत्पादन, प्रसारण तथा वितरणका साथै उर्जाका स्रोतहरूको दिगो उपयोगमा दक्षता सुधार गर्ने ।

(घ) शक्ति पूर्वाधारमा विस्तार गर्ने र शक्ति उत्पादनका लागि क्षमता बृद्धि गर्ने, विशेषगरी अन्य कुराहरूको साथमा, जलविद्युत, जियोथर्मल, सामुद्रिक (छाल), सौर्य, वायु र बायोमास उर्जा लगायतका नवीकरणीय उर्जा ।

## २. विकास साझेदारहरूले गर्नु पर्ने क्रियाकलापहरू

(क) सबैका लागि उर्जामा पहुँच सुनिश्चित गर्ने उद्देश्यले उर्जाको उत्पादन, प्रसारण, वितरण तथा उर्जाका स्रोतहरूको दिगो प्रयोगमा दक्षता सुधारका लागि अतिकम विकसित राष्ट्रहरूलाई सुदृढ वित्तीय तथा प्राविधिक सहयोग उपलब्ध गराउने ।

(ख नवीकरणीय उर्जा र अन्य स्वच्छ उर्जाका स्रोतहरू तथा प्राकृतिक ग्यास सहित उर्जाको उत्पादन, वितरण र उर्जा दक्षतामा वित्तीय तथा प्राविधिक सहायता तथा निजी क्षेत्रको लगानीलाई सहजीकरणको माध्यमबाट उर्जा क्षेत्रको विकासका लागि अतिकम विकसित राष्ट्रहरूले गरेका प्रयासहरूमा सहयोग गर्ने ।

(ग) सान्दर्भिक अन्तर्राष्ट्रिय सम्झौताहरू अनुरुप, स्वच्छ तथा नवीकरणीय उर्जा प्रविधिहरूको विकासका लागि आपसमा सहमत नियम तथा शर्तहरूमा उपयुक्त तथा किफायती प्रविधि हस्तान्तरणको लागि सहजीकरण गर्ने ।

## विज्ञान, प्रविधि तथा नवीन खोज

५१. विज्ञान, प्रविधि तथा नवीन खोजले विकासमा महत्वपूर्ण भूमिका खेल्दछ । सबै अतिकम विकसित राष्ट्रहरू यस्तो महत्वपूर्ण क्षेत्रमा धेरै पछाडि परेका छन्, जुन रुपान्तरणका लागि कुँजी हुन् र यदि ठीक ढङ्गले यसको विकास र प्रयोग गर्न सकेको खण्डमा अतिकम विकसित राष्ट्रहरूको विकासको परिदृष्य नै परिवर्तन गर्नसक्ने सम्भावना रहेको छ । अतिकम विकसित मुलकहरू प्रायः पुराना प्रविधिहरूभन्दा बाहिर आउन सकेका छैनन्, जसलाई तिनीहरूको उत्पादन प्रक्रिया र नतिजाहरूले जनाउदछन् । नयाँ प्रविधिहरू प्राप्त गर्न र घरेलु क्षमता तथा ज्ञान आधार निर्माण गर्न, प्राप्त प्रविधिहरूको पूर्ण सदुपयोग गर्न र अनुसन्धान र विकासका लागि स्थायी आधारमा परम्परागत क्षमताको प्रवर्द्धन गर्न सक्षम बन्नका लागि अतिकम विकसित राष्ट्रहरूको उत्पादक क्षमतालाई सुदृढ गर्न आवश्यक छ । यसका साथै, यस क्षेत्रको विकासले गरिबीको द्रुत निवारण र दिगो विकासको पक्षमा डिजिटल डिभाइड र प्राविधिक खाडल पुर्ने काममा सहयोग पुऱ्याउनु पर्दछ ।

५२. अतिकम विकसित राष्ट्रहरू र तिनका विकास साझेदारहरूले विज्ञान, प्रविधि र नयाँ खोजको क्षेत्रमा तल उल्लेखित क्रियाकलापहरू गनेछन् :

## १. संयुक्त क्रियाकलापहरू

प्राथमिकताको आधारमा सन् २०१३ सम्म अतिकम विकसित राष्ट्रहरूप्रति समर्पित एक प्रविधि बैंक र विज्ञान, प्रविधि र सूचना सहयोग संयन्त्र स्थापना गर्ने उद्देश्यले संयुक्त अन्तराल तथा क्षमता विश्लेषण सम्पन्न गर्ने, जसबाट अतिकम विकसित राष्ट्रहरूमा वैज्ञानिक अनुसन्धान तथा नवीन खोजको आधारलाई सुधार गर्न र अनुसन्धानकर्ताहरू तथा अनुसन्धान संस्थाहरूको बीचमा सञ्जाल निर्माण गर्न,

अतिकम विकसित राष्ट्रहरूलाई अत्यावश्यक प्रविधिहरूको सदुपयोग गर्न तथा द्विपक्षीय प्रयत्नहरूलाई सँगसँगै अगाडि बढाउन  बहुपक्षीय संस्थाहरू र निजी क्षेत्रद्वारा सहयोग गर्नका लागि विद्यमान अन्तर्राष्ट्रिय पहलहरू निर्माण गर्न मद्दत पुगोस् ।

## २. अतिकम विकसित राष्ट्रहरूले गर्नुपर्ने क्रियाकलापहरू

(क) नवीन खोजलाई सहयोग गर्नका लागि निजी क्षेत्र, विश्वविद्यालयहरू र अन्य अनुसन्धान संस्थाहरू र प्रतिष्ठानहरूसँग रणनीतिक साझेदारीको निर्माण वा विस्तार गर्ने ।

(ख) अतिकम विकसित राष्ट्रहरूका राष्ट्रिय विकास तथा क्षेत्रगत नीतिहरूमा विज्ञान तथा प्रविधिको  मूलप्रवाहीकरणलाई सुनिश्चित गर्ने ।

(ग) विज्ञान, प्रविधि र नवीन खोजहरूले बजेट विनियोजनमा प्राथमिता पाउछन् भन्ने कुरालाई सुनिश्चित गर्ने ।

(घ) आधुनिक र कम लागतका प्रविधिहरूको विकासको लागि सृजनात्मक समाधान मा लगानी र सहभागितालाई प्रवर्द्धन गर्ने, जसलाई स्थानीय रूपमा, खासगरी कृषि, सूचना तथा संचार, वित्त, उर्जा, स्वास्थ्य, पानी तथा सरसफाई  र शिक्षाको क्षेत्रमा अबलम्बन गर्न सकियोस् ।

(ङ) स्थानीय, राष्ट्रिय र क्षेत्रीय अनुसन्धान र विकास, विज्ञान तथा प्रविधिमा सहयोग गर्नका लागि मिलेसम्म  संस्थाहरूकोको स्थापना, सुदृढिकरण र ज्ञान आधारको विस्तार गर्ने ।

(च) विज्ञान तथा प्रविधिको क्षेत्रमा अनुसन्धान, विकास तथा नवीन खोजलाई प्रवर्द्धन गर्ने कुरालाई ध्यानमा राखेर अनुसन्धान संस्थाहरू र निजी क्षेत्रको बीचमा सहयोग र सहकार्यका लागि सहजीकरण गर्ने ।

## ३. विकास साझेदारहरूले गर्नुपर्ने क्रियाकलापहरू

(क) अतिकम विकसित राष्ट्रहरूलाई राष्ट्रिय, क्षेत्रीय संस्थाहरूको सुदृढीकरणका साथै तिनीहरूको राष्ट्रिय विकासका प्राथमिकताहरू अनुरुप, उपयुक्त भएसम्म, अनुसन्धान र विकास, विज्ञान र प्रविधिको विकासका लागि उन्नत वित्तीय तथा प्राविधिक सहयोग उपलब्ध राउने ।

(ख) बौद्धिक सम्पत्तिको अधिकार (ट्रिप्स) तथा सार्वजनिक स्वास्थ्यको व्यापारसँग सम्बन्धित पक्षहरूमा भएको सहमतीसम्बन्धी सन् २००१ को दोहा मन्त्रीस्तरीय घोषणापत्रको धारा ७ को कार्यान्वयनलाई निरन्तरता दिनका लागि विश्व व्यापार संगठनका सदस्यहरूलाई आह्वान गर्ने ।

ग) अतिकम विकसित राष्ट्रहरूका कम्पनीहरूका लागि सहुलियससहितको सुरुवाती वित्तीय लगानीको प्रावधानलाई ख्याल गर्ने, जसले नयाँ प्रविधिहरूमा लगानी गर्दछन् ।

### निजी क्षेत्रको विकास

५३. लगानी बृद्धि तथा व्याापार, रोजगारी तथा नवीन खोजका लागि गतिशील, व्यापक आधार भएको, राम्रो काम गर्ने तथा सामाजिक रूपमा जिम्मेवार निजी क्षेत्र एक महत्वपूर्ण साधन हो, जसले आर्थिक बृद्धि तथा गरिबी निवारण र औद्योगिकरण तथा संरचनात्मक रुपान्तरणका लागि इन्जिनको रूपमा सेवा गरिरहेको हुन्छ । त्यसकारण, अतिकम विकसित राष्ट्रहरूमा स्थिर, समावेशी र न्यायोचित आर्थिक बृद्धि र दिगो विकासका लागि निजी क्षेत्र ज्यादै महत्वपूर्ण हुन्छ ।

५४. अतिकम विकसित राष्ट्रहरूले तिनीहरूको विकास प्रक्रियामा निजी क्षेत्रको भूमिकालाई स्वीकार गरिसकेका छन् र कर्पोरेट सुशासनमा सुधार तथा व्यापार संचालन गर्नका लागि उपयुक्त वातावरण सृजना गर्नका लागि अनेकौं उपायहरू अपनाएका छन् । अतिकम विकसित राष्ट्रहरूका अर्थतन्त्रको चरित्रअनुसार, अतिकम विकसित राष्ट्रहरूमा जीवन्त व्यापारिक समुदायको उदयको लागि साना तथा मध्यम आकारका उद्यमहरूले राम्रो अवसर पाएका छन् । तथापि, अतिकम विकसित राष्ट्रहरूमा संरचनात्मक अवरोधहरू, खासगरी पूर्वाधारका अफठ्याराहरू, र संस्थागत अवरोधहरूको कारणले निजी क्षेत्रको बृद्धिलाई सिमित गरिदिएको छ ।

५५. अतिकम विकसित राष्ट्रहरू र तिनका विकास साझेदारहरूले निजी क्षेत्रको विकासका लागि तल उल्लेखित कार्यहरू गर्नेछन् :

### १. अतिकम विकसित राष्ट्रहरूले गर्नुपर्ने कार्यहरू:

(क) पारदर्शी र नियम-आधारित नियामक ढाँचाको माध्यमद्वारा साना र मध्यम आकारका उद्यमहरू सहित निजी क्षेत्रको विकासका लागि उपयुक्त वातावरणलाई प्रवर्द्धन गर्ने कामलाई निरन्तरता प्रदान गर्ने ।

(ख) दिगो तथा समावेशी बृद्धि, कर्पोरेट उत्तरदायित्व तथा संभावित सहक्रियाहरूलाई सदुपयोग गर्न निजी क्षेत्रको योगदानका लागि संस्थागत अवरोधहरू सहित मुख्य अवरोधहरूलाई नीतिहरूले सम्बोधन गर्नेछ भन्ने कुरालाई सुनिश्चित गर्ने दृष्टिकोणबाट निजी क्षेत्र र सरकारको बीचमा संवादलाई प्रवर्द्धन गर्ने तथा सार्वजनिक-निजी साझेदारीलाई सुदृढ गर्ने ।

(ग) निजी क्षेत्रको विकास तथा हर क्षेत्रहरूमा लगानीलाई सुदृढ गर्नका लागि बैंकिङ तथा विमा समेतका वित्तीय सेवाहरूको उपलब्धतालाई प्रबर्द्धन गर्नका लागि प्रयास गर्ने ।

(घ) अतिकम विकसित राष्ट्रहरूमा अप्रयुक्त आर्थिक सम्भावनाहरूलाई सदुपयोग गर्नका लागि महिला उद्यमलाई प्रवर्द्धन गर्ने ।

## २. विकास साझेदारहरूले गर्नुपर्ने कार्यहरू

(क) निजी क्षेत्रमा संरचनात्मक तथा संस्थागत बाँधाहरूलाई हटाउन अतिकम विकसित राष्ट्रहरूका लागि आपसमा सहमत भएका नियमहरूका आधारमा सुदृढ वित्तीय तथा प्राविधिक सहयोग गर्ने तथा प्रविधि हस्तान्तरणका लागि सहजीकरण गर्ने ।

(ख) अतिकम विकसित राष्ट्रहरूको प्रतिस्पर्धी क्षमतालाई सुधार गर्नका लागि साना तथा मध्यम आकारका उद्यमहरूको संस्थागत र व्यवस्थापकीय क्षमता तथा उत्पादकत्वको सुदृढीकरणका लागि गरिएका प्रयासहरूलाई सहयोग पुऱ्याउने ।

## ख. कृषि, खाद्य तथा पोषण सुरक्षा र ग्रामीण विकास

५६. प्रायः सबै अतिकम विकसित राष्ट्रहरूमा खाद्य सुरक्षाको प्रवर्द्धन तथा ठूलो जनसंख्याको लागि मुख्य आर्थिक गतिविधिको रूपमा कृषिले महत्वपूर्ण भूमिका खेल्दछ, जसको सिधा सम्बन्ध गरिबी तथा भोकको निराकरण, ग्रामीण विकास, लैंगिक समानता तथा महिला सशक्तिकरणका साथै निर्यात, वस्तु तथा उत्पादनको विविधिकरण र कृषि प्रशोधन क्षमतासँग रहेको हुन्छ । यो केवल तिनीहरू, जो गरिबीमा बाँचिरहेका र जीर्ण कुपोषणको जोखिममा रहेका, खासगरी महिलाहरू, बालबालिकाहरू र बृद्ध-बृद्धाहरूले सुरक्षित र पोषणयुक्त खाद्यको पहुँचको माध्यमबाट आफ्नो स्वाथ्य तथा पोषणको अवस्थामा सुधार ल्याउन सक्दछन् ।

५७. अतिकम विकसित राष्ट्रहरूमा कृषि क्षेत्रले भौतिक पूर्वाधार, वैज्ञानिक तथा प्राविधिक विकास, अनुसन्धान र कृषि प्रसार सेवाहरूमा पर्याप्त लगानीको अभावले गर्दा ठूला चुनौतिहरूको सामना गर्नु परेको छ । यसका साथै, जलवायु परिवर्तन, वातावरणीय क्षय, मरुभूमिकरण, जमिन र माटोको क्षय, विषम मौषमी घटनाहरू, बाढी, खडेरी र चक्रपात, जंगल फँडानी तथा जैविक विविधताको नाश, पानीको उपलब्धतामा कमी र पानीको गुणस्तरमा ह्रास आदिको कारणबाट पनि कृषि विकासमा नकारात्मक असर परिरहेको छ । अन्य प्राकृतिक प्रकोपहरू, जस्तै, भूकम्प र सुनामी आदिले समेत दिगो कृषि विकासमा नकारात्मक प्रभाव पार्न सक्दछ ।

५८. क्षेत्रीय तथा राष्ट्रिय कृषि तथा मत्स्यपालन अनुसन्धान र ग्रामीण पूर्वाधार, खेती गर्ने तथा माछा मार्ने उन्नत अभ्यास र नवीन तथा दिगो प्रविधिको विस्तारमा नयाँ लगानीको जरुरत पर्दछ । यसका साथै जमीनमाथि उनीहरूको वैवाहिक स्थितिको वावजुद महिला किसानहरूको भूमिमाथि पहुँच र नियन्त्रण सहित मार्केटिङ सल्लाह, व्यवस्थित र प्रभावकारी वित्त र लामो अवधिको सुरक्षा पनि आवश्यकता पर्दछ ।

५९. नीति तथा उपायहरू तल उल्लेखित लक्ष्यहरू अनुरुप हुनेछन् :

(क) सन् २०२० सम्म भोकको अन्त्य गर्ने दिशामा उल्लेखनीय प्रगति हासिल गर्ने ।

(ख) ग्रामीण पूर्वाधारमा उल्लेखनीय रूपमा लगानी बृद्धि गर्ने ।

(ग) सबै अतिकम विकसित राष्ट्रहरूमा सुरक्षित खाद्य र आपत्कालिन खाद्य सहयोगको पहुँचलाई सुनिश्चित गर्ने ।

६०. अतिकम विकसित राष्ट्रहरू तथा तिनका विकास साझेदारहरूका कृषिसम्बन्धी कार्यहरू तल उल्लेख गरिएअनुसार हुनेछन् :

**संयुक्त कार्यहरू**

(क) कृषिमा जिम्मेवार अन्तर्राष्ट्रिय लगानीको प्रवर्द्धन तथा प्राकृतिक स्रोतहरूमाथिको संप्रभुता, वातावरणीय दिगोपना र आवश्यकताअनुसार, स्थानीय समुदायहरू र आदिवासी जनताको भलाई तथा जीविकोपार्जमा सुधार गर्ने कुरालाई ध्यानमा राख्दै राष्ट्रिय कानुनअनुरुप कृषिसम्बन्धी अभ्यासहरू संचालन गर्न संपूर्ण लगानीकर्ताहरूलाई आह्वान गर्ने ।

(ख) मानवीय खाद्य संकटहरू अथवा मूल्य अस्थिरतालाई सिमित गर्ने साधनको रूपमा साझेदारी प्रणालीको संभाव्यता र प्रशासनिक प्रारुपहरूको थप खोजी गर्ने ।

(ग) माल सामानको सञ्चिति र उत्पादनका लागि उन्नत सूचना प्रणाली, वस्तु बजारमा थप पारिदर्शिता, खाद्य आपूर्तिको स्वतन्त्र गतिशिलता सहित मूल्य अस्थिरतालाई न्यूनिकरण गर्ने वैकल्पिक नीतिहरू अबलम्बन गर्ने ।

(घ) कृषिमा सबै प्रकारका निकासी सहुलियतहरू र सबै निकासीका उपायहरूमा नियन्त्रणहरूलाई एकसाथ उन्मुलन गर्ने कुरालाई सुनिश्चित गर्नका लागि विश्व व्यापार संगठनका सदस्यहरूद्वारा सन् २०१३ को अन्तसम्ममा पूरा हुने गरी समान रूपमा लागु गर्न सन् २००५ को दोहा विकास कार्यसूचीमा गरिएको प्रतिवद्धताहरूलाई पूरा गर्ने ।

## २. अतिकम विकसित राष्ट्रहरूले गर्नुपर्ने कार्यहरू

(क) साना किसानहरूको खाद्यान्न उत्पादन, कृषि उत्पादकत्व तथा दिगो कृषि अभ्यासहरू प्रवद्धनका लागि सहकारीहरू लगायतका संस्थाहरूलाई सुदृढीकरण गर्ने ।

(ख) गरीब साना किसानहरूलाई सुरक्षा-जालो उपलब्ध गराउने ।

(ग) महत्वपूर्ण कषि सामग्रीहरू, जस्तै स्थानीय रूपमा अपनाइएका बढी उत्पादन दिने जातका बीऊहरू, मलहरू र अन्य सेवाहरू आपूर्ति गर्ने ।

(घ) ग्रामीण तथा कृषि पूर्वाधारहरूको पुनर्स्थापना, कृषि उपजहरूको उत्पादनोपरान्त क्षती न्यूनिकरण तथा गाउँ स्तरमा भण्डारण सुधार गर्ने ।

(ङ) मूल्य तथा अन्य सान्दर्भिक सूचनाहरू र स्वच्छता तथा वनस्पति-स्वच्छता सेवाहरू सहित खाद्य चक्रहरूभरि साना स्तरका किसानहरूलाई बजारसँग जोडेर गरीबहरूका लागि ग्रामीण बजारलाई कामकाजी बनाउने ।

(च) दिगो कृषि प्रणालीलाई दिगो बनाउन, कृषि उत्पादनमा बृद्धि गर्न र खाद्य सुरक्षालाई सुधार गर्ने कुरालाई दृष्टिगत गर्दै सिंचाई परियोजनाहरू कार्यान्वयन गर्ने ।

(छ) साना किसानहरूका लागि भूस्वामित्वको सुरक्षा, सिंचाई प्रणाली, ऋण, कृषि सामग्री तथा बजारमा पहुँच बृद्धि गर्ने ।

(ज) सरकारी खर्चको कम्तीमा १० प्रतिशत कृषिका लागि विनियोजन गर्ने लगायतका प्रष्ट र हासिल गर्न सकिने लक्ष्यहरूसहित राष्ट्रिय खाद्य तथा पोषण सुरक्षा तथा कृषि र ग्रामीण विकाससम्बन्धी सहभागितामूलक विधिबाट प्रभावकारी राष्ट्रिय योजना तथा नीतिहरूको निर्माण गर्ने ।

(झ) अतिकम विकसित राष्ट्रहरूका साना किसानहरूका लागि बजारमा पहुँच लगायत पारदर्शी, कुशल तथा प्रभावकारी कृषि बजार तथा निकासी प्रणालीको स्थापना तथा सुदृढीकरणका लागि सहयोग गर्ने ।

(ञ) विशेषज्ञता, उपयुक्त बजार र पूर्वाधार विकासको अवस्था तथा वित्तीय तथा जोखिम व्यवस्थापनमा सुदृढ पहुँचलाई दृष्टिगत गर्दै, कम मूल्यदेखि क्रमशः उच्च मूल्यका उत्पादनहरूतर्फ परिवर्तन गर्न साना किसानहरू र पशुपालकहरूलाई प्रोत्साहित गर्ने ।

(ट) उत्पादनमूलक स्रोतहरू, जमीन, वित्तीय लगानी, प्रविधिहरू, तालिम तथा बजारमा उनीहरूको समान पहुँचलाई सुनिश्चित गर्दै कृषि तथा ग्रामीण विकास अनि पोषण सुरक्षाको सुदृढीकरणका लागि महत्वपूर्ण संबाहकको रूपमा ग्रामीण महिलाहरूको सशक्तिकरणलाई प्रवर्द्धन गर्ने ।

(ठ) सामुद्रिक तथा तटवर्ती स्रोतहरूको व्यवस्थापन योजना तथा रणनीतिहरूमा खाद्य तथा पोषण सुरक्षालाई मूलप्रवाहीकरण गर्ने ।

(ड) खाद्य सुरक्षामा एउटा व्यापक द्विमार्गी दृष्टिकोणका लागि प्रयत्न गर्ने, जस अन्तरगत (क) अतिकम विकसित राष्ट्रहरूमा भोकको सामना गर्न तत्काल कार्बाही र (ख) भोक तथा गरिबीका अन्तरनिहित कारणहरूको उन्मुलनका लागि दिगो कृषि, खाद्य सुरक्षा, पोषण र ग्रामीण विकासका मध्यकालिन तथा दीर्घकालिन नीति तथा कार्यक्रमहरू समावेश हुनेछन् ।

(ढ) मरुभूमिकरण, जमीनको क्षयीकरण, माटोको उर्बराशक्तिमा क्षय, खडेरी, बाढी र अम्लीकरणको समस्यालाई सम्बोधन गर्ने कार्यक्रमहरूलाई राष्ट्रिय विकास नीतिको ढाँचामा मूलप्रवाहीकरण गर्ने ।

### ३. विकास साझेदारहरूले गर्नुपर्ने कार्यहरू

(क) कृषि क्षेत्रको विकासको लागि सुदृढ वित्तीय तथा प्राविधिक सहयोग प्रदान गर्ने ।

(ख) विश्वव्यापी खाद्य सुरक्षाको सम्बन्धमा "ला-क्विला पहल" मा तय गरिएका प्रतिबद्धताहरू लगायत विश्वव्यापी खाद्य सुरक्षा र दिगो कृषि विकासको लागि गरिएका प्रतिबद्धताहरू अनुरुप सहयोग प्रवाह गर्ने र द्विपक्षीय तथा बहुपक्षीय माध्यमहरूमार्फत् पर्याप्त र आँकलन गर्न सकिने स्रोतहरू उपलब्ध गराउने ।

(ग) कृषि उत्पादन र उत्पादकत्व बृद्धिमा लक्षित गरिएका प्रयासहरूलाई सहयोग गर्ने ।

(घ) कृषि वित्त, वीमा र अन्य जोखिम न्यूनीकरणका औजारहरूमा पहुँच जस्ता सुरक्षा जालोको स्थापना वा सुदृढीकरणका लागि अतिकम विकसित राष्ट्रहरूले गरेका प्रयासहरूलाई सहयोग गर्ने ।

(ङ) भोक तथा कुपोषणको समस्यालाई सम्बोधन गर्ने उद्देश्यले खाद्य सहायता र सुरक्षा जालो कार्यक्रमहरूको विस्तार तथा सुदृढीकरणका लागि संयुक्त राष्ट्र संघका सम्बन्धित निकायहरूलाई आवश्यकताअनुसार स्रोतहरू उपलब्ध गराउने ।

(च) कृषि तथा/अथवा सामुद्रिक अनुसन्धान र विकास संस्थाहरूको स्थापना वा सुदृढिकरणका लागि अतिकम विकसित राष्ट्रहरूले गरेका प्रयत्नहरूलाई तिनीहरूको राष्ट्रिय प्राथमिकताहरूको अनुकूल हुनेगरी दीर्घकालिन संस्थागत विकास निर्माणलाई दृष्टिगत गर्दै सहकार्यका उपायहरूमार्फत् समेत आवश्यकता अनुसार सहयोग पुऱ्याउने ।

(छ) धेरै उत्पादन दिने र अम्लियपन, खडेरी तथा डुबानसँग अनुकूल हुने प्रजाति समेतका जलवायू उत्थानशील बालीहरूसम्बन्धी उपयुक्त प्रविधिको हस्तान्तरण र प्राविधिक जानकारीको माध्यमबाट परस्परमा सहमत नियम तथा शर्तकहरूको आधारमा अतिकम विकसित राष्ट्रहरूलाई आवश्यकता अनुसार सहयोग गर्ने ।

(ज) अतिकम विकसित राष्ट्रहरूलाई अन्तर्राष्ट्रिय सरसफाई तथा वनस्पति-स्वच्छतासम्बन्धी सम्झौतामा सम्बद्ध संस्थाहरूद्वारा मान्यता प्राप्त राष्ट्रिय परीक्षण तथा प्रमाणिकरण गर्ने संस्थाहरूको स्थापना तथा स्तरोन्नति गर्न आवश्यकता अनुसार सहयोग गर्ने र क्षेत्रीय तथा अन्तर्राष्ट्रिय मापदण्ड निर्धारणमा अतिकम विकसित राष्ट्रहरूलाई सहभागिताको लागि सहयोग गर्ने ।

(छ) अतिकम विकसित राष्ट्रहरूका राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय कृषि तथा मत्स्य अनुसन्धान संस्थाहरूलाई सहयोग गर्ने, अतिकम विकसित राष्ट्रहरूमा स्थिर, समावेशी तथा समतामुलक आर्थिक बृद्धि तथा गरिबी निवारणलाई लक्षित गरेर कृषि प्रसार सेवाको सहयोगमा उष्ण प्रदेशीय कृषि प्रविधि र तथा कृषिसम्बन्धी ज्ञान तथा सूचना प्रणालीको विकास गर्न आवश्यकता अनुसार सहयोग गर्ने ।

## ग. व्यापार

६१. अतिकम विकसित राष्ट्रहरूको दिगो आर्थिक विकासका लागि व्यापारको महत्वपूर्ण भूमिका रहेको छ । अन्तर्राष्ट्रिय व्यापारमा अतिकम विकसित राष्ट्रहरूको सामुहिक हिस्सा वितेका दश वर्षहरूमा झण्डै दोब्बर रहेको छ तर यो ज्यादै नै न्यून रहेको छ र यो विश्व वस्तु विनिमयको एक प्रतिशत मात्र हो र यो एकदम सिमित उत्पादनहरूको निर्यातमा एकदमै केन्द्रित रहेको छ ।

६२. अतिकम विकसित राष्ट्रहरूले तिनीहरूको विकास साझेदारहरूको सहयोगमा उत्पादन क्षमताको सुदृढीकरण र निजी क्षेत्रका अवरोधहरूलाई न्यूनिकरण गर्दै आपूर्ति पक्षलाई सम्बोधन गर्नु पर्दछ, यसका साथै तिनीहरूको निर्यात आधारको निर्माण तथा विविधिकरण गर्नु पर्दछ ।

६३. मनमानी अथवा अनुचित गैर-शुल्क अवरोधहरू र अन्य व्यापारलाई विकृत बनाउने तरिकाहरूको न्यूनिकरण अथवा उन्मूलन मार्फत अतिकम विकसित राष्ट्रहरूमा उत्पन्न संपूर्ण उत्पादनहरूका लागिसमेत अनुकुल बजार पहुँचको अवस्थाहरू निर्माणको दिशामा गम्भिरतापूवक काम गर्न जरुरी छ ।

६४. क्षेत्रीय व्यापार एकिकरण र अन्य व्यवस्थाहरू सहित क्षेत्रीय सहयोगले अतिकम विकसित राष्ट्रहरूको विकास र विश्व अर्थतन्त्रमा तिनीहरूको लाभदायी एकिकरणलाई सहजीकरण गर्न सक्दछ । यसका साथै बजारको आकार बृद्धि, तिनीहरूको प्रतिस्पधी क्षमतामा सुधार तथा क्षेत्रीय संपर्कलाई समेत सुदृढ गर्न सक्दछ ।

६५. नीतिहरू तथा उपायहरू निम्न लिखित उद्देश्य र लक्ष्यहरू अनुरुप अगाडि बढ्ने छन् :

(क) सन् २०२० सम्ममा विश्वव्यापी निर्यातमा अतिकम विकसित राष्ट्रहरूको हिस्सालाई दुइगुणा बढाउने उद्देश्यले अतिकम विकसित राष्ट्रहरूका निर्यात आधारलाई विस्तार लगायत विश्व व्यापारमा अतिकम विकसित राष्ट्रहरूको व्यापारको हिस्सामा उल्लेखनीय बृद्धि गर्ने ।

(ख) एक महत्वाकांक्षी, व्यापक, सन्तुलित र विकास उन्मुख परिणामका साथ व्यापार वार्तासम्बन्धी दोहा राउण्डका प्रारम्भिक तथा सफल निश्कर्षका लागि उल्लेखनीय प्रयास गर्ने ।

६६. अतिकम विकसित राष्ट्रहरू र तिनका विकास साझेदारहरूले व्यापारसम्बन्धी तल उल्लेख भएअनुसारका कामहरू गर्नेछन् :

### १. संयुक्त कार्यहरू

(क) संरक्षणवादी प्रवित्तिहरूको विरोध गर्ने तथा कृषिमा सहित बहुपक्षीय दायित्वहरूसँग असंगत रहेका व्यापारलाई विकृत पार्ने तरिकाहरूलाई सुधार गर्ने ।

(ख) गैर-शुल्क उपायहरूलाई सम्बोधन गर्ने र विश्व व्यापार संगठनका नियमहरू, मापदण्डहरू अनुरुप नभएका मनमानी अथवा अनुचित गैरशुल्क अवरोधहरूलाई उन्मूलन गर्ने । यसका लागि प्राविधिक नियमावलीहरू पारदर्शी तरिकाले विकास गरिनु पर्दछ, विनाभेदभाव प्रयोग गर्नु पर्दछ र प्राविधिक रूपमा औचित्य पुष्टि गर्नु पर्दछ र अन्तर्राष्ट्रिय व्यापारमा छद्म प्रतिबन्ध लगाइनु हुन्न ।

(ग) सन् २००५ मा विश्व व्यापार संगठनद्वारा पारित हङकङ मन्त्रीस्तरीय घोषणापत्रअनुरुप संपूर्ण अतिकम विकसित राष्ट्रहरूका लागि स्थायी रूपमा करमुक्त कोटामुक्त बजारमा पहुँचको समयमै कार्यान्वयन गर्ने कुरालाई महसुस गर्ने ।

(घ) विश्व व्यापार संगठनका सम्झौताहरूमा अतिकम विकसित राष्ट्रहरूका लागि विशेष र फरक व्यवहारको प्रावधानलाई पुष्टि गर्ने ।

(ङ) सन् २००२ को डिसेम्बरमा विश्व व्यापार संगठनको महासभाद्वारा पारित पहुँच निर्देशिकाको आधारमा सहमत अतिकम विकसित राष्ट्रहरूसँगको वार्तालाई सहजीकरण गर्ने तथा गति प्रदान गर्ने ।

## २. अतिकम विकसित राष्ट्रहरूले गर्ने कार्यहरू

(क) व्यापार तथा व्यापारिक क्षमता विकास नीतिहरूलाई राष्ट्रिय विकास रणनीतिहरूमा एकिकृत गर्ने ।

(ख) उत्पादकत्व र प्रतिस्पर्धी क्षमतालाई सुधार गर्ने र उत्पादनका आधारहरुलाई गतिशील नयाँ उत्पादन तथा सेवाहरूमा विविधिकरण गर्ने ।

(ग) गैरपरम्परागत गन्तव्यतर्फ निकासी उत्पादनहरू र बजारको विविधिकरण गर्ने ।

(घ) व्यापारलाई सहजीकरण र मापदण्ड सुधार तथा गुणस्तर नियन्त्रण गर्नका लागि संस्थाहरू र प्रक्रियाहरूको कार्यकुशलता, प्रभाावकारिता र पारिदर्शितामा सुधार गर्ने ।

## ३. विकास साझेदारहरूद्वारा गरिने कार्यहरू

(क) अतिकम विकसित राष्ट्रहरूले तिनका व्यापार नीति तथा व्यापार वार्ताहरूमा, बजारमा प्रवेश र पहुँच, सीमाशुल्क भन्सार प्रतिस्पर्धा, लगानी तथा प्रविधि र क्षेत्रीय एकिकरण जस्ता क्षेत्रहरूमा मानवीय, संस्थागत तथा नियमनात्मक क्षमताको सुदृढीकरण गर्न गरेका प्रयासहरूलाई सहयोग गर्ने ।

(ख) अतिकम विकसित राष्ट्रहरूको वस्तु तथा सेवासम्बन्धी व्यापारिक क्षमतालाई सुदृढीकरण गर्ने तथा तिनका फर्महरूलाई अन्तर्राष्ट्रिय मूल्य श्रृङ्खलामा समायोजन गर्ने लगायत अतिकम विकसित राष्ट्रहरूको उत्पादकत्व, प्रतिस्पर्धी क्षमताको विकास तथा अर्थतन्त्रको विविधिकरण गर्ने उद्देश्यले सञ्चालित राष्ट्रिय तथा क्षेत्रीय परियोजनाहरूलाई प्राविधिक र वित्तीय सहयोग उपलब्ध गराउने ।

(ग) अतिकम विकसित राष्ट्रहरूको अर्थतन्त्रको विविधिकरण गर्ने उद्देश्यका साथ वित्तीय तथा प्राविधिक सहयोग उपलब्ध गराउने । स्वच्छता तथा वनस्पति-स्वच्छतासम्बन्धी सम्झौता र व्यापारिक आवश्यकताका लागि प्राविधिक अवरोधसम्बन्धी सम्झौता कार्यान्वयनका दायित्वहरू पूरा गर्ने लगायत उपयुक्त वितरण संयन्त्रहरू मार्फत वित्तीय तथा प्राविधिक सहयोग उपलब्ध गराउँने र तिनलाई अति सौविध्यप्राप्त राष्ट्रको बहुपक्षीय व्यापार उदारिकरणका परिणामहरूको सामना गर्नका लागि समेत तिनीहरूको समायोजन प्रक्रियालाई व्यवस्थापन गर्न सहयोग गर्ने ।

(घ) अतिकम विकसित राष्ट्रहरूबाट गरिने आयातमा लागु हुने उत्पत्तिको आधारमा प्राथमिकता प्रदान गर्ने नियमहरू सरल, पारदर्शी र पूर्वानुमान गर्न सकिने तथा बजार पहुँचलाई सहजिकरण गर्न योगदान गर्नेछ भन्ने कुरालाई सुनिश्चित गर्ने ।

(ङ) अतिकम विकसित राष्ट्रहरूलाई प्राथकिताको आधारमा व्यापारसम्बन्धी प्राविधिक सहयोग र क्षमता विकासका लागि सहयोग गर्ने । व्यापारका लागि सहायता तथा सुदृढ एकीकृत ढाँचाका लागि सहयोग लगायत अतिकम विकसित राष्ट्रहरूलाई दिइने सहयोगको हिस्सालाई बृद्धि गर्दै उपलब्ध स्रोतहरूमा पहुँचका लागि तिनीहरूको क्षमता बृद्धि गर्न अतिकम विकसित राष्ट्रहरूले आफ्ना राष्ट्रिय विकास रणनीतिहरूमार्फत् अभिव्यक्त गरेका आवश्यकताहरू र मागहरूलाई सहयोग पुऱ्याउने ।

(च) व्यापारसम्बद्ध बौद्धिक सम्पत्ति अधिकारसम्बन्धी सम्झौता (ट्रिप्स सम्झौता)को धारा ६६.२ अनुसार विकसित मुलुकका सदस्य क्षेत्रहरूमा अतिकम विकसित राष्ट्रहरूलाई ठोस तथा व्यवहारिक प्राविधिक आधार स्थापना गर्न सक्षम बनाउनका लागि प्रविधि हस्तान्तरणलाई प्रवर्द्धन र प्रोत्साहित गर्ने उद्देश्यले प्रतिष्ठानहरू र संस्थाहरूलाई सहुलियत प्रदान गर्ने ।

(छ) सीमा शुल्क तथा सीमा प्रक्रिया र सम्भव भएसम्म यातायातका पूर्वाधार तथा दूरसंचार सुविधाहरू र उर्जासम्बन्धी संयुक्त परियोजनाहरू जस्ता व्यापार-सहजीकरणका उपायहरू मार्फत् निकासी प्रवर्द्धन तथा क्षेत्रीय सम्पर्कलाई सुधार गर्ने लगायत उप-क्षेत्रीय तथा क्षेत्रीय सहयोगलाई प्रवर्द्धन गर्न अतिकम विकसित राष्ट्रहरूले गरेका प्रयासहरूलाई सहयोग गर्ने

## घ. वस्तुहरू

६७. आधारभूत रूपमा कृषिमा वा एकदमै न्यून मात्रामा प्राकृतिक स्रोतहरूको दोहन गर्ने र प्राथमिक उत्पादनहरूको निर्यातमा आश्रित धेरै अतिकम विकसित राष्ट्रहरू वस्तु-निर्भर रहेका छन् । वस्तुको मूल्य अस्थिरताको कारणले गर्दा अतिकम विकसित राष्ट्रहरू बाह्य व्यापारिक धक्काको जोखिममा पर्दछन्, जसबाट घरेलु स्रोत परिचालनमा समेत प्रभाव पर्न सक्दछ । निर्यात आधारको विविधिकरण र

मूल्य अस्थिरताका नकारात्मक प्रभावहरूलाई अल्पिकरण र न्यूनिकरणका माध्यमबाट समेत वस्तु निर्भरतालाई न्यूनिकरण गर्ने अतिकम विकसित राष्ट्रहरूका प्रयासहरूलाई सहयोग गर्नका लागि ठोस उपायहरू र कार्बाहीहरूको आवश्यकता रहेको छ ।

६८. नीतिहरू तथा उपायहरूलाई निम्न उद्देश्य तथा लक्ष्यहरू अनुरुप अवलम्बन गरिनेछ :

वस्तु निर्भरतालाई न्यूनिकरण गर्नका लागि अतिकम विकसित राष्ट्रहरूको आर्थिक आधारलाई विस्तार गर्ने ।

६९. अतिकम विकसित राष्ट्रहरू र तिनका विकास साझेदारहरूले निम्न बमोजिमका कार्यहरू गर्नेछन् :

## १. अतिकम विकसित राष्ट्रहरूले गर्ने कार्यहरू

(क) आफ्नो स्रोत आधारबाट प्राप्त फाइदाहरूलाई बढाउनका लागि आवश्यकता अनुसार राष्ट्रिय वस्तु व्यवस्थापन रणनीतिहरूको निर्माण तथा सबलीकरण गर्ने ।

(ख) उत्पादकत्व बढाउन र ठाडो विविधिकरण गर्न, मूल्य अभिबृद्धिलाई सुनिश्चित गर्न र मूल्य-ठहरावलाई बृद्धि गर्नका लागि आवश्यकता अनुसार क्षेत्रगत तथा वस्तु विशेषका नीतिहरू, उपायहरू र रणनीतिहरूको अवलम्बन तथा सबलीकरण गर्ने ।

## २. विकास साझेदारहरूले गर्ने कार्यहरू

(क) विद्यमान सुविधाहरूको सुदृढीकरण र विस्तारद्वारा बजारको प्रवृत्तिलाई विकृत नगरी आपसी सहमतीको आधारमा अतिकम विकसित राष्ट्रहरूलाई वस्तुहरूको मूल्य अस्थिरतासँग जोडिएका जोखिमहरूलाई न्यूनिकरण तथा व्यावस्थापन गर्न सहयोग गर्ने ।

(ख) अतिकम विकसित राष्ट्रहरूलाई उत्खनन् उद्योगहरूको पारदर्शिता पहल लगायत संपूर्ण कम्पनीहरूको कर्पोरेट पारदर्शिता तथा जवाफदेहितालाई सुदृढीकरण गर्नका लागि घरेलु कानुनहरूका आधारभूत सिद्धान्तहरूलाई ध्यानमा राख्दै सहयोगका उपायहरूद्वारा सहयोग गर्ने, जसलाई तिनीहरूको धन, प्राकृतिक स्रोतहरू र आर्थिक गतिविधिरूमाथि स्थायी सार्वभौमिकतालाई स्वतन्त्र रूपमा अभ्यास गरिरहेका छन् र गरिरहनेछन् ।

(ग) अतिकम विकसित राष्ट्रहरूलाई खनिज, उर्जा र कृषि लगायतका प्राकृतिक स्रोतहरूको व्यवस्थापन गर्न तथा आपसी सहमतीका नियम र सर्तहरूको आधारमा प्रविधि हस्तान्तरण मार्फत् तिनीहरूको वस्तु आधारको विविधिकरण गर्न क्षमता बृद्धिका लागि सहयोग गर्ने ।

(घ) अतिकम विकसित राष्ट्रहरूमा बजार प्रणालीलाई प्रभावकारी बनाउन र अतिकम विकसित राष्ट्रका साना वस्तु उत्पादकहरूका लागि सहयोगको ढाँचालाई सुदृढीकरण गर्ने काममा सहयोग पुऱ्याउने ।

## ङ. मानव तथा सामाजिक विकास

७०. अतिकम विकसित राष्ट्रहरूको सबभन्दा ठूलो सम्पत्ति भनेको नै महिलाहरू, पुरुषहरू र बालबालिकाहरू हुन्, उनीहरू नै विकासका बाहक र लाभग्राही दुवै हुन् भन्ने कुरालाई स्वीकार गरिनु पर्दछ । अतिकम विकसित राष्ट्रहरूले गम्भिर आर्थिक तथा सामाजिक चुनौतिहरूको सामना गरिरहेका छन् । अतिकम विकसित राष्ट्रहरूले आगामी वर्षहरूमा पनि गरिबीको ठूलो भार बोकि नै रहनु पर्नेछ, जबसम्म उत्पादनमुलक र मानवीय क्षमताको विकास लगायत यसका अन्तरनिहित कारणहरूलाई दिगो रूपमा समाधान गर्नका लागि ठोस कदम चालिने छैन ।

७१. गरिबी र भोक बहुआयामिक समस्याहरू हुन्, जुन अतिकम विकसित राष्ट्रहरूद्वारा मानवीय र सामाजिक विकासका लागि गरिएका प्रयासहरूका लागि एउटा गम्भिर अवरोधको रूपमा रहेको छ, जसले  स्वास्थ्य, शिक्षा, पानी र सरसफाई जस्ता सेवाहरूमा पहुँच तथा सामाजिक, आर्थिक र राजनीतिक जीवनमा सहभागिता र आर्थिक बृद्धिबाट लाभ प्राप्त गर्नका लागि उत्पादनमुलक स्रोतहरूमा पहुँच प्राप्त गर्न असक्षम बनाउँदछ । अतिकम विकसित राष्ट्रहरू सहश्राब्दी विकास लक्ष्य लगायत प्रायः सबैजसो अन्तर्राष्ट्रिय स्तरमा सहमत विकास लक्ष्यहरू हासिल गर्ने सन्दर्भमा अत्यन्तै पछाडि परेका छन् ।

## शिक्षा र तालिम

७२. प्राथमिक शिक्षाको भर्ना दारमा प्रगति हासिल भएको भएता पनि गुणस्तर र तथा शैक्षिक अवधि पूरा गर्ने दरमा सुधारको आवश्यकता रहेको छ  भने माध्यमिक र उच्च माध्यमिक स्तरको भर्ना दरमा बृद्धि आवश्यक छ । यसका साथै अझै पनि प्राथमिक विद्यालयमा पढ्ने उमेरका लाखौं बालबालिकाहरू विद्यालय बाहिरै रहेका छन् । प्राथमिक शिक्षामा लैंगिक विभेदलाई उन्मुलन गर्ने तर्फ केही प्रगति हासिल भएका छन्, तथापि माध्यमिक र उच्च माध्यमिक शिक्षामा अझै यो कायमै रहेकोछ । आर्थिक अवसरहरूको कमी, तल्लो र निम्न गुणस्तरको शिक्षा अनि उपयुक्त तालिमको अभाव अतिकम विकसित राष्ट्रहरूमा युवा बेरोजगारीको महत्वपूर्ण कारणको रूपमा रहेको छ ।

७३. अतिकम विकसित राष्ट्रहरूमा शिक्षाको दर र समग्र शैक्षिक गुणस्तरमा सुधार गर्नका लागि शिक्षा तथा तालिमसम्बन्धी नीतिगत उपायहरू तल उल्लेखित उद्देश्य तथा लक्ष्यहरू अनुरुप अवलम्बन गरिने छ :

(क) भर्ना तथा शैक्षिक अवधि पूरा गर्ने दरमा बृद्धि गरी अतिकम विकसित राष्ट्रहरूमा

विश्वव्यापी निःशुल्क प्राथमिक शिक्षालाई सुनिश्चित गर्ने तथा माध्यमिक, उच्च-माध्यमिक, व्यवसायिक र सीपमुलक शिक्षामा समेत पहुँच बृद्धि गर्ने ।

(ख) सबै तहहरूमा प्रदान गरिने शिक्षा र तालिमको गुणस्तरमा बृद्धि गर्ने र प्रौढ तथा बालबालिकाको साक्षरता र गणितीय साक्षरता दर बृद्धि गर्ने ।

(ग) शिक्षा र तालिममा लैंगिक असमानताको अन्त्य गर्ने र महिला र पुरुषका बीचमा समान गुणस्तरको शिक्षालाई सुनिश्चित गर्ने ।

७४. अतिकम विकसित राष्ट्रहरू र तिनका विकास साझेदारहरूद्वारा शिक्षा तथा तालिमसम्बन्धी निम्न अनुसारका कामहरू हुनेछन् :

**१. अतिकम विकसित राष्ट्रहरूले गर्ने कार्यहरूः**

(क) राष्ट्रिय शिक्षा, प्राविधिक र व्यवसायिक शिक्षा र तालिमका लागि रणनीतिहरू र कार्यक्रमहरूलाई सुदृढ वा मूलप्रवाहिकरण गर्ने र आावश्यकता अनुसार कार्यान्वयन गर्ने ।

(ख) विशेष गरी महिला तथा बालिकाहरूका लागि शिक्षाको गुणस्तर र पहुँचलाई सुनिश्चित गर्ने र शैक्षिक प्रणालीमार्फत् यसमा सुधार ल्याउन उच्च प्राथमिकता प्रदान गर्ने ।

(ग) राम्रो पाठ्यक्रम, वित्तीय लगानी, शिक्षक विकास र तिनलाई कार्यक्षेत्रमा खटाउने र आधारभूत पूर्वाधारमा सुधार तथा पर्याप्त आपूर्ति सहित राष्ट्रिय शैक्षिक प्रणालीलाई सुदृढ बनाउने ।

(घ) श्रमबजारलाई आवश्यक पर्ने सीपमूलक तालिम औपचारिक तथा अनौपचारिक शिक्षा प्रणालीले प्रदान गर्दछ भन्ने कुरालाई सुनिश्चित गर्ने ।

(ङ) सबभन्दा बढी बञ्चितिकरणमा परेकाहरूका लागि शिक्षामा पहुँच बृद्धि र सामाजिक सुरक्षा प्रणालीको स्थापना वा सुदृढिकरण, उपायहरू र प्रोत्साहनहरूको माध्यमबाट शिक्षामा पहुँचमा बृद्धि गरी समता हासिल गर्नका लागि प्रयत्न गर्ने ।

**२. विकास साझेदारहरूले गर्ने कार्यहरू**

(क) अतिकम विकसित राष्ट्रहरूका लागि ग्रामीण र दुर्गम क्षेत्रहरूमा पहुँच बृद्धि गर्ने लगायत तिनीहरूका राष्ट्रिय शिक्षा योजना तथा कार्यक्रमहरू कार्यान्वयन गर्नका लागि वित्तीय तथा प्राविधिक सहयोग प्रदान गर्ने ।

(ख) सहश्राब्दी विकास लक्ष्यको शिक्षासम्बन्धी लक्ष्यभन्दा पर, विशेष गरी विद्यालय शुल्क हटाउने, विद्यालयमा खाजा उपलब्ध गराउने र विद्यालयमा केटा र

केटीहरूका लागि छुट्टाट्टै सरसफाईका सुविधाहरू उपलब्ध गराउने जस्ता उपायहरूको माध्यमबाट भर्ना दरमा बृद्धि र छोड्ने दरमा न्यूनीकरण गर्नका लागि अतिकम विकसित राष्ट्रहरूलाई सहयोग गर्ने ।

(ग) गुणस्तरीय शिक्षाको साधनको रूपमा, खासगरी ग्रामीण तथा सेवाविमुख क्षेत्रहरूमा पर्याप्त प्रोत्साहन सुविधाहरूको माध्यमबाट शिक्षक तथा प्रशिक्षकहरूलाई तालिम दिने र सेवामा कायम राख्ने अतिकम विकसित राष्ट्रहरूका प्रयासहरूलाई सहयोग प्रदान गर्ने ।

(घ) उच्च शैक्षिक, प्राविधिक र व्यवसायिक शिक्षा तथा तालिमहरूमा सुधार गर्ने अतिकम विकसित राष्ट्रहरूका प्रयासहरूलाई सहयोग गर्ने ।

(ङ) अतिकम विकसित राष्ट्रहरूबाट आएका विद्यार्थीहरू र प्रशिक्षार्थीहरूका लागि विशेषगरी विज्ञान, प्रविधि, व्यापार व्यवस्थापन र अर्थशास्त्रको क्षेत्रमा स्थान र छात्रवृत्तिरुको व्यवस्था गर्नका लागि उच्च शैक्षिक संस्थाहरूलाई प्रोत्साहित गर्ने ।

**जनसंख्या तथा प्राथमिक स्वास्थ्य**

७५. अतिकम विकसित राष्ट्रहरूमा मानवीय क्षमताको विकासका लागि गरिएका प्रयत्नहरू उच्च गरिबीको अवस्था, आम बेरोजगारी, उच्च जनसंख्या बृद्धि दर, कमजोर स्वास्थ्य तथा पोषणका परिणामहरूबाट प्रभावित भएका छन् । जसलाई उच्च बाल तथा मातृ बिमारी तथा मृत्यूदर र अल्पपोषणको उच्च बोझद्वारा, एच.आई.भि. ⁄एड्स, औलेज्वरो, क्षयरोग र पोलियो लगायतका सरुवा रोगहरूको व्यापकताका साथै नसर्ने रोगहरूको बढ्दो बोझद्वारा प्रमाणिकृत गरिएको छ ।

७६. अपर्याप्त मानव संसाधान, कमजोर स्वास्थ्य प्रणालीहरू, पर्याप्त स्वास्थ्य हेरबिचारको सुविधा तथा सामग्रीहरू र आपूर्तिहरूको अभाव, अपर्याप्त घरेलु वित्तीय संरचनाहरू, अत्यावश्यक औषधिहरूको अपर्याप्त आपूर्ति र कमजोर पूर्वाधार सहित अतिकम विकसित राष्ट्रहरू तिनका जनसंख्याको स्वास्थ्य स्थितिमा सुधार गर्ने काममा मुख्य चुनौतिहरूको सामना गरिरहेका छन् । स्वास्थ्य हेरबिचारसम्बन्धी सेवाहरूमा विश्वव्यापी पहुँचलाई सुनिश्चित गर्नेतर्फ सबैबाट प्रयास गर्नुपर्ने खाँचो रहेको छ ।

७७. तल उल्लेखित उद्देश्य तथा लक्ष्यअनुरुप जनसंख्या तथा प्राथमिक स्वास्थ्यसम्बन्धी नीतिगत उपायहरू अवलम्बन गरिनेछ :

(क) सन् २०१५ सम्ममा सहश्राब्दी विकास लक्ष्य ४ र ५ लाई हासिल गर्ने र यसैमा टेकेर सन् २०२० सम्ममा उल्लेखनीय रूपमा ५ वर्षमुनिका शिशु तथा मातृ मृत्यूदर र बाल अल्पपोषणलाई न्यूनिकरण गर्ने ।

(ख) परिवार नियोजन, यौन स्वास्थ्य तथा स्वास्थ्य हेरविचारसम्बन्धी सेवाहरूलाई

राष्ट्रिय रणनीति तथा कार्यक्रमहरूमा एकिकृत गर्ने लगायत सन् २०१५ सम्ममा प्रजनन स्वास्थ्यमा विश्वव्यापि पहुँच उपलब्ध गराउने ।

(ग) सहश्राब्दी विकास लक्ष्य ६ अन्तरगतका लक्ष्यहरूलाई सन् २०१५ सम्ममा हासिल गर्ने र यसमै टेकेर एच.आइ.भि./एड्सको संक्रमण तथा औलो र अन्य मुख्य रोगहरूको परिघटनालाई अझ घटाउने ।

७८. अतिकम विकसित राष्ट्रहरू तथा तिनका विकास साझेदारहरूले निम्न बमोजिमका कार्यहरू गर्ने छन् :

## १. संयुक्त कार्यहरू

विश्व व्यापार संगठनको व्यापारसम्बद्ध बौद्धिक सम्पत्ति अधिकारसम्बन्धी सम्झौता (ट्रिप्स सम्झौता), ट्रिप्स सम्झौता र सार्वजनिक स्वास्थ्यसम्बन्धी दोहा घोषणपत्रमा विद्यमान प्रावधानहरूको पूर्ण रूपमा प्रयोगको अधिकारलाई पुनर्पुष्टी गर्ने । विश्व व्यापार संगठन साधारण परिषदको ट्रिप सम्झौता र सार्वजनिक स्वास्थ्यसम्बन्धी दोहा घोषणापत्रको परिच्छेद ६ को कार्यान्वयनसम्बन्धी सन् २००३ अगष्ट ३० को निर्णयको औपचारिक स्वीकृतिको प्रक्रिया जब पूरा हुन्छ, खासगरी सबैका लागि औषधिमा पहुँचलाई प्रवर्द्धन गर्न र यस सम्बन्धमा विकासशील मुलुकहरूलाई सहयोगको प्रावधानलाई प्रोत्साहित गर्नका लागि धारा ३१ को संशोधन गर्ने, जसले सार्वजनिक स्वास्थ्यको संरक्षणका लागि लचकता प्रदान गर्दछ । विश्व व्यापार संगठनको साधारण परिषद्ले सन् २००५ डिसेम्बर ६ मा गरेको निर्णयमा प्रस्ताव गरिएअनुसार हामी ट्रिप्स सम्झौताको धारा ३१ को व्यापक र सामयिक स्वीकृतिका लागि आह्वान पनि गर्दछौं ।

## २. अतिकम विकसित राष्ट्रहरूले गर्ने कार्यहरू

(क) यौन र प्रजनन स्वास्थ्य लगायत शारीरिक तथा मानसिक स्वास्थ्यको उच्चतम मापदण्डको आनन्द उठाउने प्रत्येक व्यक्तिको अधिकारलाई मान्यता प्रदान गर्नेतर्फ कदम उठाउने ।

(ख) राष्ट्रिय रणनीति तथा कार्यक्रमहरूमा परिवार नियोजन, यौन स्वास्थ्य तथा स्वास्थ्य हेरबिचारसम्बन्धी सेवाहरूलाई एकिकृत गर्ने लगायत प्रजनन स्वास्थ्यमा विश्वव्यापी पहुँचको प्रावधानका लागि प्रभावकारी, बहुक्षेत्रीय तथा एकिकृत विधिको निर्माण गर्ने ।

(ग) मानव संसाधन विकास तथा जनसंख्या गतिशिलताकासम्बन्धी योजनालाई आफ्ना राष्ट्रिय विकास रणनीति तथा नीतिहरूमा समावेश गर्ने ।

(घ) स्वास्थ्यसँग सम्बन्धित सहश्राब्दी विकास लक्ष्यहरू (४, ५ र ६) हासिल गर्नका लागि प्राथमिकताका कार्यहरूमा जोड दिदै राष्ट्रिय स्वास्थ्य विकास योजनाको कार्यान्वयनलाई निरन्तरता दिने ।

(ङ) चिकित्साकर्मीहरू र स्वास्थ्य-हेरबिचारकर्मीहरूको विकासको माध्यमबाट सबैलाई समतामूलक गुणस्तरीय स्वास्थ्य हेरबिचारसम्बन्धी सेवाहरू पुऱ्याउन र उपयोगको विन्दूसम्म स्वास्थ्य हेरबिचारसम्बन्धी सेवाहरूमा यथासम्भव व्यापक पहुँचलाई प्रवर्द्धन गर्ने लगायत राष्ट्रिय स्वास्थ्य प्रणालीहरूको सुदृढीकरण गर्ने ।

(च) राष्ट्रिय स्वस्थ्य प्रणालीलाई सुधार गर्नका लागि पर्याप्त स्रोतहरू प्रदान गर्नुका साथै स्वास्थ्यकर्मीहरूलाई सेवामा कायम राखिरहनका लागि प्रोत्साहन सुविधाहरू प्रदान गर्ने, सम्भव भएसम्म राष्ट्रिय स्वास्थ्य प्रणालीका लागि एउटा दिगो वित्तीय संयन्त्रको विकास गर्ने ।

(छ) एच.आइ.भि. ⁄ एड्स, औलो तथा अन्य सर्ने र नसर्ने रोगहरूको जोखिमलाई न्यूनिकरण गर्न कार्यक्रमहरू संचालन गर्ने र मुलुक विशेषका स्वास्थ्य समस्याहरूको उच्च बोझलाई सम्बोधन गर्ने ।

## ३. विकास साझेदारहरूले गर्ने कार्यहरू

(क) अतिकम विकसित राष्ट्रहरूलाई तिनीहरूको स्वास्थ्य प्रणाली, खासगरी सुपथ तथा गुणस्तरीय प्राथमिक स्वास्थ्य हेरबिचारसम्बन्धी सेवाहरूमा पहुँचलाई सुधार गर्नका लागि स्वास्थ्य वित्तीय प्रणालीलाई सबलीकरण गर्न वित्तीय तथा प्राविधिक सहयोग उपलब्ध गर्ने ।

(ख) औषधिहरूमा पहुँचलाई सुधार गर्न, प्रविधिको विकासलाई प्रोत्साहित गर्न र आपसमा सहमत भएका नियमहरू तथा सर्तहरूका आधारमा प्रविधि हस्तान्तरण गर्न, सस्तो, सुरक्षित, प्रभावकारी र गुणस्तरीय औषधिहरूको उत्पादन गर्न, नवीन औषधिहरू, सामान्य उत्पादनहरू, खोपहरू र अन्य स्वास्थ्यसम्बन्धी वस्तुहरूको उत्पादन गर्ने कामलाई प्रोत्साहित गर्नका लागि अतिकम विकसित राष्ट्रहरूसँग सहकार्य गर्ने ।

(ग) उपयुक्त राष्ट्रिय नीतिहरूको निर्माण गर्नका लागि, अन्य कुराका साथै व्यवस्थित रूपमा जनसांख्यिक तथ्याङ्कहरूको संकलन तथा विश्लेषण गर्ने क्षमता विकास गर्न अतिकम विकसित राष्ट्रहरूलाई सहयोग गर्ने ।

### *युवा विकास*

७९. अतिकम विकसित राष्ट्रहरूका लगभग ६० प्रतिशत जनसंख्या २५ वर्षमुनिका छन्, जबकि अन्य विकासशील मुलुकहरूमा यो संख्या ४६ प्रतिशत रहेको छ । युवाहरूको ठूलो जनसंख्या अतिकम विकसित राष्ट्रहरूका लागि सम्पत्ति हो, र उनीहरूका लागि आर्थिक, सामाजिक र राजनीतिक जीवनमा पूर्ण रूपमा सहभागी हुने अवसरको खाँचो रहेकोछ । शिक्षा तथा उत्पादनमुलक रोजगारीमा पूर्ण पहुँचको माध्यमबाट समेत युवा जनसंख्याको क्षमतालाई अधिकतम बृद्धि गरिनु पर्दछ ।

८०. युवा विकाससम्बन्धी नीतिगत उपायहरू निम्नलिखित लक्ष्य तथा उद्देश्यहरू अनुरुप हुनेछन् :

(क) सामाजिक जीवन तथा निर्णय प्रक्रियाहरूमा युवाहरूको पूर्ण र प्रभावकारी सहभागितालाई सुनिश्चित गर्नका लागि प्रयास गर्ने ।

(ख) युवाहरूका लागि पूर्ण र उत्पादनमुलक रोजगारी तथा मर्यादित काम प्राप्त गर्नका लागि उनीहरूको शैक्षिक तथा सीपमुलक दक्षताको विकास गर्ने ।

(ग) व्यवसायिक शिक्षा, स्वयंसेवा तथा रोजगारीमा युवाहरूको पहुँचमा सुधार गरी अर्थतन्त्रमा उनीहरूको सहभागितालाई बृद्धि गर्ने ।

८१. अतिकम विकसित राष्ट्रहरू तथा तिनका विकास साझेदारहरूद्वारा युवा विकासका लागि तल उल्लेख गरिए अनुसारका कार्यहरू गरिनेछन् :

**१. अतिकम विकसित राष्ट्रहरूद्वारा गरिने कार्यहरू :**

(क) आर्थिक, सामाजिक तथा राजनीतिक जीवनमा युवाहरूको प्रभावकारी सहभागिताका लागि उपयुक्त रणनीतिहरू विकास गर्ने र त्यसलाई अगाडि बढाउने तथा स्थानीय र राष्ट्रिय अधिकारीहरूसँग उनीहरूको अन्तरक्रियालाई सहजीकरण गर्ने ।

(ख) माध्यमिक तथा उच्च शिक्षा, व्यवसायिक तालिम तथा उत्पादनमूलक रोजगारी र स्वास्थ्य हेरबिचारसम्बन्धी सेवाहरूमा युवाहरू, खासगरी युवा महिलाहरू र बालिकाहरूको पहुँच बृद्धिमा सहयोग पुऱ्याउने नीति तथा कार्यक्रमहरू निर्माण गर्ने ।

(ग) निजी क्षेत्र तथा प्रशिक्षण संस्थाहरूसँगको परामर्शमा प्राथमिकोत्तर सीप विकास, स्वयंसेवा, इन्टर्नशीप तथा तालिम अवधिको कामसम्बन्धी कार्यक्रमहरूमा सहयोग गर्ने ।

घ) तालिम तथा सहयोगको पहलको माध्यमबाट सबभन्दा बढी बञ्चितीकरणमा परेका तथा द्वन्द्वपरान्त परिस्थितिमा रहेका युवाहरूलाई विशेष जोड दिंदै युवा उद्यमलाई प्रोत्साहित गर्ने ।

(ङ) युवाहरूका लागि व्यक्तिगत वित्तीय व्यवस्थापन शिक्षालाई प्रवर्द्धन गर्ने तथा उपयुक्त वित्तीय सेवाहरूमा तिनीहरूको पहुँचलाई सहजीकरण गर्ने ।

**२. विकास साझेदारहरूले गर्ने कार्यहरू :**

(क) अतिकम विकासित मुलुकहरूको नीति तथा कार्यक्रमहरू, जसले युवाहरूलाई आर्थिक अवसरहरू तथा उत्पादनमूलक रोजगारी प्रदान गर्दछ, लाई सहयोग गर्न वित्तीय तथा प्राविधिक सहयोग उपलब्ध गराउने ।

(ख) वित्तीय तथा प्राविधिक सहायताको माध्यमबाट युवा तथा किशोर- किशोरीहरूको क्षमता विकास तथा सीप विकासका लागि अतिकम विकसित राष्ट्रहरूमा औपचारिक तथा अनौपचारिक शिक्षा प्रणालीलाई सहयोग गर्ने ।

(ग) भर्च्यूअल क्याम्पसहरू तथा अन्य सञ्जालीकरण संयन्त्रको माध्यमबाट समेत युवा आदान प्रदान कार्यक्रमहरूलाई प्रवर्द्धन गर्ने ।

***आवास***

८२. अतिकम विकसित राष्ट्रका जनताहरू ग्रामीण तथा शहरी दुवै क्षेत्रमा प्रायः जमीन तथा आधारभूत पूर्वाधार सहित मर्यादित र सुपथ आवास तथा पर्याप्त भू-स्वामित्व सुरक्षाको पहुँचबाट बञ्चित रहेका छन् । अतिकम विकसित राष्ट्रहरूका शहरी जनसंख्याको एउटा ठूलो हिस्सा सुकुम्बासी वस्तीमा बस्ने गर्दछन्, जहाँ प्रायः आधारभूत सरसफाईको अभाव रहेको हुन्छ । आधारभूत सेवाहरूको अभावले निरन्तर स्वास्थ्यसम्बन्धी खतराहरूलाई निम्त्याइरहेको हुन्छ । दुर्गम क्षेत्रहरूमा बसोबास गर्ने जनतालाई आवास उपलब्ध गराउने कुरा अतिकम विकसित राष्ट्रहरूका लागि एउटा ठूलो चुनौतिको रूपमा रहेको छ ।

८३. आवाससम्बन्धी नीतिगत उपायहरू तल उल्लेखित उद्देश्य तथा लक्ष्यहरूअनुरुप हुनेछन् :

सुकुम्बासी वस्तीका बासिन्दाहरू तथा ग्रामीण गरीबहरूको जीवनमा उल्लेखनीय सुधार गर्नका लागि सुपथ आवास, जमीन तथा आवाससँग सम्बन्धित पूर्वाधार तथा आधारभूत सेवाहरूमा पहुँच बृद्धि गर्ने ।

८४. अतिकम विकसित राष्ट्रहरू र तिनका विकास साझेदारहरूले तल उल्लेख गरिएअनुसारका आवास सम्बन्धी कार्यहरू गर्नेछन् :

**१. अतिकम विकासित मुलुकहरूले गर्ने कार्यहरू**

(क) राष्ट्रिय कानुनअनुसार भूमि, आवास तथा आधारभूत सेवाहरूमा पहुँच बढाउनका लागि स्थानीय, राष्ट्रिय, क्षेत्रीय योजना तथा रणनीतिहरू निर्माण गर्ने ।

(ख) स्थानीय स्तरमा समेत आवास तथा पूर्वाधार क्षेत्र तथा भूमि प्रशासनलाई अझ प्रभावकारी ढङ्गले व्यवस्थापन गर्नका लागि सरकारी आवाससम्बन्धी निकायहरूको सुदृढीकरण गर्ने ।

(ग) कम लागतका आवाससम्बन्धी प्रावधानलाई विशेष ध्यान दिदै आवास तथा सम्बन्धित पूर्वाधारको क्षेत्रमा निजी क्षेत्रद्वारा लगानीका लागि सहयोगी संस्थागत, नियामक तथा नीतिगत वातावरण निर्माण गर्ने ।

(घ) विद्यमान शहरी गरीब वस्तीहरूमा भींड कम गर्न उपायहरूको खोजी गर्ने, नयाँ थपिनबाट रोकथाम गर्न र बाँकी रहेका सुकुम्बासी वस्तीहरूलाई सुधार गर्ने ।

(ङ) सुकुम्बासी वस्तीका बासिन्दाहरू र ग्रामीण गरीबहरूको सम्पत्तिको अधिकारमा सुधार ल्याउनका लागि राष्ट्रिय कानुनहरूको सबलिकरण गर्ने ।

## २. विकास साझेदारहरूद्वारा गरिर्ने कार्यहरू

(क) प्राकृतिक तथा मानव निर्मित प्रकोप र द्वन्द्वबाट नहसनहस बनेका अतिकम विकसित राष्ट्रहरूको पुनर्निर्माणको विशेष आवश्यकताहरूलाई ध्यानमा राख्दै आवास तथा आधारभूत सेवाहरूसम्बन्धी राष्ट्रिय कानुनअनुसार भूमिमाथिको पहुँचलाई सुधार गर्ने अतिकम विकसित राष्ट्रहरूका प्रयासहरूलाई वित्तीय तथा प्राविधिक सहयोग प्रदान गर्ने ।

(ख) आवास तथा आधारभूत सेवाहरूको वितरण, गुणस्तरीय अनुगमन, वित्तीय लगानी, संचालन तथा मर्मत-संहारका लागि राष्ट्रिय र स्थानीय सरकार तथा संस्थाहरूको सक्षमता तथा क्षमता विकास गर्ने काममा अतिकम विकसित राष्ट्रहरूलाई सहयोग गर्ने ।

(ग) स्थानीय सामग्रीहरूको सदुपयोग गरी कम लागतका भवन निर्माण गर्नका लागि अतिकम विकसित राष्ट्रहरूलाई आपसमा सहमत नियम तथा शर्तहरूका आधारमा प्रविधि हस्तान्तरणका साथै वित्तीय तथा प्राविधिक सहायता प्रदान गर्ने ।

## पानी र सरसफाई

८५. अतिकम विकसित राष्ट्रहरूको जनसंख्याको उल्लेखनीय अंश सुरक्षित खानेपानी तथा आधारभूत सरसफाईको पहुँचबाट बञ्चित रहेका छन्, जुन स्वास्थ्य, गरिबी निवारण, वातावरण संरक्षण, बृद्धि तथा विकासका लागि अत्यावश्यक हुन्छन् । यस सम्बन्धमा, सुरक्षित खानेपानी र आधारभूत सरसफाईमा पहुँच बृद्धि गर्नका लागि पानी तथा सरसफाईसम्बन्धी एकीकृत रणनीतिको विशेष महत्व हुन्छ ।

८६. पानी र सरसफाईसम्बन्धी नीतिगत प्रावधानहरू निम्नलिखित उद्देश्य तथा लक्ष्यहरूअनुरुप हुनेछन् :

सुरक्षित खानेपानी तथा आाधारभूत सरसफाईमा दिगो पहुँच नभएका जनताको अनुपातलाई सन् २०१५ सम्ममा आधा घटाउने तथा सन् २०२० सम्ममा सुरक्षित खानेपानी तथा आधारभूत सरसफाईमा सबैलाई दिगो पहुँच प्रदान गर्न कोशिस गर्ने ।

८७. अतिकम विकसित राष्ट्रहरू तथा तिनका विकास साझेदारहरूद्वारा पानी र सरसफाईसम्बन्धी गरिने कार्यहरू निम्न अनुसार हुनेछन् :

## १. अतिकम विकसित राष्ट्रहरूले गर्ने कार्यहरू

(क) सन् २०२० सम्ममा सबैको लागि सुरक्षित खानेपानी तथा आधारभूत सरसफाईमा

पहुँचलाई सुनिश्चित गर्ने प्रयास स्वरुप आवश्यकताअनुसार एकिकृत रणनीति तथा कार्यक्रमहरूको विकास, मूलप्रवाहीकरण अथवा सबलीकरण गर्ने ।

(ख) मुलुकहरूको राष्ट्रिय विकास योजनाहरूमा पानी तथा आधारभूत सरसफाईका प्रावधानहरूलाई प्राथमिकीकरण गर्ने ।

(ग) जल कुशलता र जल उत्पादकत्वलाई सुदृढ गर्ने तथा ग्रामीण क्षेत्रहरू र अपाङ्गता भएका व्यक्तिहरू लगायत बञ्चितीकरणमा परेका जनसंख्याको लागि पानी तथा सरसफाईसम्बन्धी प्रावधानहरूलाई अझ न्यायसंगत र सुरक्षित बनाउने ।

(घ) ग्रामीण तथा दुर्गम समुदायमा लघु स्तरीय परियोजनाहरू सहित पानी तथा सरसफाईको क्षेत्रमा निजी क्षेत्रको लगानीलाई प्रवर्द्धन गर्नका लागि अतिकम विकसित राष्ट्रहरूमा संस्थागत, नियामक तथा नीतिगत वातावरणमा सुधार गर्ने ।

(ङ) खेर गएको पानीको संकलन तथा उपचार प्रणालीका साथ साथै एकीकृत फोहर व्यवस्थापन प्रणालीलाई सुदृढ गर्ने ।

## २. विकास साझेदारहरूले गर्ने कार्यहरू

(क) अतिकम विकसित राष्ट्रहरूलाई पानीको नाला तथा ढल सञ्जाल लगायत पानी र सरसफाईसम्बन्धी प्रावधानहरूमा सुधार तथा विस्तारका लागि वित्तीय तथा प्राविधिक सहयोग प्रदान गर्ने । यसका साथै सेवा प्रवाह, गुणस्तरीय अनुगमन, वित्तीय लगानी, सञ्चालन तथा मर्मत-संभारका लागि स्थानीय संस्थाहरूको क्षमता बृद्धिका लागि सहयोग प्रदान गर्ने ।

(ख) सेवा नपाएकाहरूलाई सहयोग प्रदान गर्न, उपयुक्त प्रविधिहरू र सेवाका तहहरूको सदुपयोग गर्न तथा सेवा प्रवाह, गुणस्तरीय अनुगमन, वित्तीय लगानी, संचालन तथा मर्मत संभारका लागि राष्ट्रिय र स्थानीय संस्थाहरूको क्षमता अभिबृद्धि गर्ने अतिकम विकसित राष्ट्रहरूको प्रयासलाई सहयोग गर्ने ।

(ग) अतिकम विकसित राष्ट्रहरूलाई पानीका स्रोतहरूको संरक्षण र विकास गर्न, जल संग्रहण क्षेत्र व्यवस्थापन गर्न तथा जल कुशलता र जल उत्पादकत्व बृद्धि गर्न उप-क्षेत्रीय तथा क्षेत्रीय सहयोगको माध्यमबाट समेत सहयोग गर्ने ।

(घ) पानीको उपचार तथा फोहर व्यवस्थापनका लागि आपसमा सहमत नियम तथा शर्तहरू अन्तरगत प्रविधि हस्तान्तरणका लागि सहयोग गर्ने ।

(घ) "दिगो सरसफाई अभियान: २०१५ सम्मका लागि अभियान" लगायत सबैका लागि सरसफाई र पानी, खासगरी गरीबहरूका लागि स्वच्छता सुधार तथा आधारभूत सरसफाईले समेट्ने क्षेत्रमा बृद्धि गर्ने अतिकम विकसित राष्ट्रहरूको पहलहरूमा सहयोग गर्ने, आवश्यकता अनुसार साझेदारी गर्ने ।

## *लैंगिक समानता र महिला सशक्तिकरण*

८८. अन्तर्राष्ट्रिय रूपमा सहमत संपूर्ण विकास लक्ष्यहरूका साथै सहश्राब्दी विकास लक्ष्यहरू सहित विकासका उपलब्धीहरू हासिल गर्नका लागि लैंगिक समानता र महिला तथा बालिकाहरूको सशक्तिकरण ज्यादै महत्वपूर्ण छन् । प्राथमिक शिक्षा तथा संसदमा महिलाहरूको प्रतिनिधित्व जस्ता लैंगिक समानता र महिला सशक्तिकरणको केही पक्षहरूमा अतिकम विकसित राष्ट्रहरूले उत्साहप्रद प्रगति हासिल गरेका छन् । तथापि शिक्षा, स्वास्थ्य हेरबिचार, पानी तथा सरसफाईमा पहुँच, आर्थिक अवसरहरू, जस्तै रोजगारी र उत्पादनमूलक स्रोतहरूमा पहुँचका साथै लैंगिक हिंसा जस्ता लैंगिक असमानतालाई अन्य गर्नका लागि थप प्रयासहरूको खाँचो रहेको छ । सामाजिक र मानव विकास तथा गरिबी निवारणतर्फ प्रगति हासिल गर्नका लागि अतिकम विकसित राष्ट्रहरूमा लैंगिक समानता तथा महिला सशक्तिकरण अत्यावश्यक छ ।

८८. लैंगिक समानता तथा महिला सशक्तिकरणसम्बन्धी नीतिगत प्रावधानहरू तल उल्लेखित उद्देश्य तथा लक्ष्यहरूअनुरुप हुनेछन् :

(क) शिक्षा, आधारभूत सेवाहरू, स्वास्थ्य हेरबिचार, आर्थिक अवसरहरू र सबै तहका निर्णय प्रक्रियाहरूमा मिहिला तथा बालिकाको समान पहुँच प्राप्त गर्ने ।

(ख) यौन तथा प्रजनन स्वास्थ्य लगायत शारीरिक र मानसिक स्वास्थ्यको उच्चतम सम्भाव्य मापदण्डको आनन्द उपभोग गर्न पाउने प्रत्येकको अधिकारलाई आत्मसात गर्नका लागि कदम उठाउने ।

(ग) अपाङ्ता भएका महिला सहित महिलाहरूको अधिकार तथा लैंगिक समानतालाई प्रवर्द्धन गर्ने प्रयासहरूलाई गति प्रदान गर्ने ।

९०. अतिकम विकसित राष्ट्रहरू र तिनका विकास साझेदारहरूले लैंगिक समानता र महिला सशक्तिकरणसम्बन्धी निम्न उल्लेख कार्यहरू गर्नेछन् :

### १. अतिकम विकसित राष्ट्रहरूले गर्ने कार्यहरू

(क) राष्ट्रिय विकास योजनाहरूको निर्माण तथा निरन्तर कार्यान्वयन गर्ने । महिला र बालिकाहरूको आवश्यकतालाई ध्यानमा राख्दै संपूर्ण सहश्राब्दी विकास लक्ष्यहरू, खासगरी ३, ४ र ५ लाई हासिल गर्न सक्रियतापूर्वक प्रतिबद्ध हुने ।

(ख) महिला तथा बालिकाहरूलाई शिक्षा र तालिम, आधारभूत सेवाहरू, स्वास्थ्य हेरबिचार, भूमि लगायत अन्य स्वरुपका सम्पत्तिमाथिको स्वामित्व र नियन्त्रण सहितका आर्थिक अवसरहरू, उत्तराधिकार, वित्तीय सेवाहरू र सामाजिक संरक्षणमा पूर्ण पहुँच प्रदान गर्ने ।

(ग) महिला तथा बालबालिकाको स्वास्थ्यसम्बन्धी राष्ट्रसंघीय महासचिवको विश्वव्यापि

रणनीतिका साथै यस सम्बन्धी अन्य राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय पहलहरूलाई स्वागत गर्दै मातृ स्वास्थ्यका लागि सहयोग र महिला, पुरुष तथा युवाहरूका लागि परिवार नियोजनका स्रोतहरूमा पहुँच बृद्धि गर्ने ।

(घ) हिंसा, दुर्व्यवहार र विभेदका विरुद्ध दृढ कारबाही संचालन गर्ने, जसले गर्दा महिला तथा बालिकाहरूले संपूर्ण मानवअधिकारहरूलाई पूर्ण रूपमा उपभोग गर्नका लागि सुनिश्चिचता प्रदान गरोस्, सम्भाव्य उच्चतम जीवन स्तर हासिल गर्न सकुन् र उनीहरूको समुदायको आर्थिक, सामाजिक तथा राजनीतिक जीवनमा समान रूपमा सहभागी हुन सकुन् ।

(ङ) सान्दर्भिक राष्ट्रिय संयन्त्रलाई बलियो बनाउने र लैंगिक समानता तथा महिला सशक्तिकरणका लागि स्रोतहरू बृद्धि गर्ने ।

(च) राजनीतिक प्रक्रिया लगायत सबै स्तरको निर्णय प्रक्रियाहरू महिलाहरूको प्रभावकारी सहभागितालाई प्रवर्द्धन गर्ने ।

## २. विकास साझेदारहरूले गर्ने कार्यहरू

(क) सहश्राब्दी विकास लक्ष्यहरू हासिल गर्ने सहित लैंगिक समानता र महिला तथा बालिकाहरूको सशक्तिकरणसम्बन्धी नीति तथा कार्यक्रमहरू कार्यान्वयन गर्न अतिकम विकसित राष्ट्रहरूका लागि वित्तीय तथा प्राविधिक सहयोग उपलब्ध गराउने ।

(ख) आर्थिक तथा आय आर्जन गर्ने अवसरहरू, उत्पादनमूलक रोजगारी तथा उत्पादनमूलक स्रोतहरूमा महिलाहरूको पहुँचलाई बृद्धि गर्ने नीति तथा कार्यक्रमहरूलाई कार्यान्वयन गर्न अतिकम विकसित राष्ट्रहरूलाई सहयोग गर्ने ।

## *सामाजिक संरक्षण*

९१. दिगो आर्थिक बृद्धि, गरिबी निवारण तथा सामाजिक स्थायित्वका लागि सामाजिक संरक्षणको अल्पकालिन र दीर्घकालिन दुवै फाइदाहरू छन् । नगद हस्तान्तरण, सार्वजनिक कार्य कार्यक्रम तथा बेरोगार भत्ता लगायत सामाजिक संरक्षण प्रणालीले गरीबहरूको रक्षा गर्नुका साथै बृद्धि, रोजगारी तथा व्यापक आर्थिक उत्थानशीलतालाई सहयोग पुऱ्याउदछ । यी प्रणालीहरूले अर्थतन्त्रका लागि स्थायिकारकको रूपमा काम गर्दछन्, गरीबहरूको उत्थानशीलतालाई मजबुत बनाउदछ र मानिसहरूलाई गरीब हुनबाट रोक्नका लागि मद्दत गर्दछ ।

९२. सामाजिक संरक्षणसम्बन्धी नीतिगत प्रावधानहरू तल उल्लेखित उद्देश्य तथा लक्ष्यहरूअनुरुप हुनेछन् :

गरीब तथा बञ्चितीकरणमा परेका समूह सहित सबैको उत्थानशीलतालाई सुधार गर्न सामाजिक संरक्षण प्रणालीको सुदृढीकरण गर्ने ।

९३. अतिकम विकसित राष्ट्रहरू र तिनका विकास साझेदारहरूले सामाजिक संरक्षणसम्बन्धी तल उल्लेख भएअनुरुप कार्यहरू गर्नेछन् :

## १. संयुक्त कार्यहरू

मुलुकहरू बीच अनुभवहरू तथा सिकाईहरूको आदान-प्रदान गर्नका लागि सहजीकरण गर्ने ।

## २. अतिकम विकासित मुलुकहरूले गर्ने कार्यहरू

(क) सामाजिक संरक्षणलाई राष्ट्रिय विकास रणनीतिहरूमा मूलप्रबाहीकरण गर्ने तथा मुलुकको अगुवाईमा निर्मित सामाजिक संरक्षणसम्बन्धी नीति तथा कार्यक्रमहरूलाई सुदृढीकरण गर्ने ।

(ख) पर्याप्त स्रोतहरूको विनियोजनद्वारा सामाजिक संरक्षणसम्बन्धी नीतिहरूको कार्यान्वयनलाई सुनिश्चित गर्ने र सामाजिक संरक्षण प्रणाली, जस्तै अधिकतम दक्षताका साथ नगद हस्तान्तरणलाई कामकाजी बनाउनका लागि क्षमता अभिबृद्धि तथा उपयुक्त वित्तीय पूर्वाधारको निर्माण गर्ने ।

## ३. विकास साझेदारहरूले गर्ने कार्यहरू

सामाजिक संरक्षणसम्बन्धी नीति तथा कार्यक्रमहरू, विशेषगरी गरीब तथा बञ्चितीकरणमा परेका समूहहरूका लागि कार्यान्वयन गर्न अतिकम विकसित राष्ट्रहरूलाई वित्तीय तथा प्राविधिक सहयोग उपलब्ध गराउने ।

## च. विविध संकटहरू र अन्य उदियमान चुनौतिहरू

९४. अतिकम विकसित राष्ट्रहरू, खाद्य, उर्जा, वित्तीय तथा आर्थिक संकट लगायत कैयन खाले धक्काहरू र प्राकृतिक विपत्तिहरूका लागि निरन्तर जोखिममा रहेका छन् । अतिकम विकसित राष्ट्रहरूले जलवायू परिवर्तन र केही मात्रामा द्वन्द्वको कारणबाट उत्पन्न चुनौतिहरूसँग जुझिरहनु परेको छ, जसबाट वितेको दशकमा तिनले हासिल गरेका कतिपय विकासका उपलब्धीहरूलाई समेत नष्ट गरिदिएको छ। अतिकम विकसित राष्ट्रहरूमा न्यायसंगत, समावेशी र दिगो आर्थिक बृद्धिलाई सुरक्षित गर्नका लागि संकटहरू र उदियमान चुनौतिहरू तथा जलवायू परिवर्तनको प्रभावलाई सामना गर्नको लागि तिनीहरूमा उत्थानशीलताको विकास गरिनु आवश्यक छ ।

९५. निम्न उद्देश्य तथा लक्ष्यहरूलाई अतिकम विकसित राष्ट्रहरूका राष्ट्रिय विकास नीति तथा रणनीतिहरूअनुरुप अवलम्बन गरिनेछ :

(क) आर्थिक धक्काहरूलाई सामना गर्न र तिनका नकारात्मक प्रभाावहरूलाई न्यूनिकरण गर्न अतिकम विकसित राष्ट्रहरूको उत्थानशीलतालाई विकास गर्ने ।

(ख) जलवायू परिवर्तनका नकारात्मक प्रभावहरूको सामना गर्न र तिनमाथि विजय पाउनका लागि दिगो बृद्धिलाई सबलीकरण गर्न तथा जैविक विविधकतालाई संरक्षण गर्न अतिकम विकसित राष्ट्रहरूको क्षमतालाई सुदृढीकरण गर्ने ।

(ग) विपद् जोखिमलाई न्यूनिकरण गर्नका लागि प्राकृतिक खतराहरूको सामना गर्न अतिकम विकसित राष्ट्रहरूको उत्थानशीलता विकास गर्ने ।

**आर्थिक धक्काहरू**

९६. आर्थिक र वित्तीय संकटको जारी प्रभावले के दर्शाउछ भने, आर्थिक धक्काहरूलाई धान्न सक्ने क्षमताको विकास गर्न र त्यसका प्रभावहरूलाई न्यूनिकरण गर्नतर्फ लक्षित अतिकम विकसित राष्ट्रहरूका प्रयासहरूको पुरकको रूपमा लक्षित ढङ्गले उचित समयमा उपयुक्त क्षेत्रीय तथा अन्तर्राष्ट्रिय सहयोग उपलब्ध गराउनु पर्ने आवश्यकता रहेको छ । तसर्थ लक्षित ढङ्गले उचित समयमा अतिकम विकसित राष्ट्रहरूलाई सहयोग गर्नका लागि विद्यमान संकट निवारणका सुविधा तथा उपायहरूको सदुपयोग गर्नुपर्ने आवश्यकता रहेको छ । यी धक्काहरूको मानवीय मूल्यलाई समेत सम्बोधन गरिनु पर्दछ ।

९७. मानव सुरक्षासम्बन्धी २७ जुलाई २०१० मा संयुक्त राष्ट्रसंघीय महासभाद्वारा पारित प्रस्ताव नं. ६४/२९१ उल्लेखित ।

९८. अतिकम विकसित राष्ट्रहरू र तिनका विकास साझेदारहरूले आर्थिक धक्काहरूसम्बन्धी तल उल्लेख भएअनुरुपका कार्यहरू गर्नेछन् :

**१. संयुक्त कार्यहरू**

निजी क्षेत्रलाई मार्गदर्शन गर्न र जिम्मेवार कर्ता बनाउनको लागि नीतिहरू तथा नियमावलीहरूलाई अबलम्बन गर्ने र कार्यान्वयन गर्ने ।

**२. अतिकम विकसित राष्ट्रहरूले गर्ने कार्यहरू**

क. आर्थिक धक्काहरूको जोखिमहरूलाई कम गर्नका लागि राष्ट्रिय जोखिम न्यूनिकरण रणनीतिको निर्माण तथा सुदृढीकरण गर्ने ।

ख. आर्थिक धक्काहरूको प्रभावका जोखिमहरूलाई कम गर्नका लागि राष्ट्रिय संकट उत्थानशीलता तथा अल्पिकरण सुविधाहरूको स्थापना गर्ने ।

**२. विकास साझेदारहरूले गर्ने कार्यहरू**

(क) आर्थिक धक्काका प्रभावहरूलाई सम्बोधन गर्न अतिकम विकसित राष्ट्रहरूका जोखिम न्यूनिकरण रणनीतिहरू, जस्तै, संकट न्यूनिकरण तथा उत्थानशीलताका लागि राष्ट्रिय सुविधाहरू, निर्माणका लागि तिनीहरूको क्षमता बृद्धि गर्नका लागि आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउने ।

(ख) आ-आफ्ना नियम तथा प्रक्रियाहरूअनुसार अतिकम विकसित राष्ट्रहरूलाई छुटसहितको सापटी तथा अनुदानहरू उपलब्ध गर्न अन्तर्राष्ट्रिय मुद्रा कोष, विश्व बैंक तथा क्षेत्रीय विकास बैंकहरूका योजनाहरू तथा सुविधाहरूलाई निरन्तर सहयोग गर्ने ।

## जलवायू परिवर्तन तथा वातावरणीय स्थिरता

९९. जलवायू परिवर्तनले अतिकम विकसित राष्ट्रहरूको सामाजिक-आर्थिक विकासलाई नराम्ररी असर पार्दछ। यो समस्या सृजना गर्नमा यिनको नगण्य मात्रामा योगदान रहेको भएता पनि हालसम्म हासिल भएका विकासका उपलब्धीहरूलाई उल्टिने खतरा पनि रहेकोछ। जलवायू परिवर्तनका नकारात्मक असरहरूलाई घटाउनका लागि केही अतिकम विकसित राष्ट्रहरू स्रोतहरूलाई अन्य व्यापक विकास लक्ष्यहरूबाट अन्यत्र मोड्न बाध्य भएका छन्। अतिकम विकसित राष्ट्रहरूलाई अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूअनुरुप जलवायू परिवर्तन अनुकुलन तथा न्यूनिकरणका लागि अझ थप, पूर्वानुमान गर्न सकिने र पर्याप्त प्राविधिक तथा वित्तीय सहयोगको आवश्यकता रहेको छ । यस सम्बन्धमा, जलवायू परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघको ढाँचागत महासन्धि (यूएनएफसीसीसी) अन्तरगत सन् २०१० मा मेक्सिकोको कान्कुनमा संपन्न महासन्धिका पक्ष राष्ट्रहरूको १६औं सम्मेलनमा पारित निर्णयहरू मार्फत केही प्रगतिहरू हासिल भएका छन्।

१००. कार्य योजनाको यस खण्डको कार्यान्वयन गर्ने सन्दर्भमा, विश्वव्यापी प्रकृतिका जलवायू परिवर्तनलाई प्रभावकारी तथा उचित ढङ्गले सम्बोधन गर्नका लागि तिनीहरूको साझा तर अलग जिम्मेवारी, आ-आफनो क्षमता र सामाजिक तथा आर्थिक अवस्था अनुसार सबै मुलुकहरूद्वारा यथासक्य व्यापक सहयोग तथा सहभागिताको खाँचो रहेको कुरालाई स्वीकार गर्दै जलवायू परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघको ढाँचागत महासन्धिका प्रावधानहरूलाई ख्याल गर्नुपर्ने आवश्यकता रहेको छ।

१०१. महासन्धिका पक्ष राष्ट्रहरूका निर्णयहरूले जलवायू परिवर्तन प्रेरित विस्थापन, आप्रवासन तथा योजनाबद्ध स्थानान्तरणका सम्बन्धमा राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय स्तरमा, जहाँ उपयुक्त हुन्छ, समझदारी, समन्वय तथा सहयोगलाई सुदृढ गर्नका लागि उपायहरू खोज्न आह्वान समेत गरेको छ।

१०२. स्थिर आर्थिक बृद्धि तथा दिगो विकासलाई सुदृढीकरण गर्न औद्योगिकरण, कृषि र सेवा, वन, उर्जा र अन्य पूर्वाधार, प्रविधि तथा लगानीको सम्बन्धमा अतिकम विकसित राष्ट्रहरूका लागि नयाँ अवसरहरूको खोजी गर्नु जरुरी छ । तिनले अतिकम विकसित राष्ट्रहरूलाई दिगो विकासको पथमा छलाङ मार्न र उदियमान आर्थिक क्षेत्रहरूमा प्रतिस्पर्धी बन्न सक्षम बनाउन सक्दछ।

१०३. जलवायू परिवर्तन अल्पिकरण तथा अनुकुलन र वातावरणीय स्थिरताका लागि गरिने कार्यहरू, सहश्राब्दी विकास लक्ष्य ७ को जोहान्सवर्ग योजना कार्यान्वयनको

एजेन्डा २१ मा परिभाषित अतिकम विकसित राष्ट्रहरू विशेष उद्देश्यहरूका साथै वातावरणसम्बन्धी गरिएका बहुपक्षीय प्रतिबद्धताहरूमा आधारित हुनु पर्दछ ।

१०४. अतिकम विकसित राष्ट्रहरू र तिनका विकास साझेदारहरूले जलवायू परिवर्तन तथा वातारणीय स्थिरतासम्बन्धी तल उल्लेख भएअनुसारका कार्यहरू गर्नेछन् :

## १. अतिकम विकसित मुलुकहरूले गर्ने कार्यहरू

(क) राष्ट्रिय अनुकुलन कार्ययोजना, मध्यम तथा दीर्घकालिन राष्ट्रिय अनुकुलन योजनाहरू र राष्ट्रिय रूपमा उपयुक्त अल्पिकरण कार्यहरूलाई मूलप्रवाहीकरण गर्ने कार्यान्वयन गर्ने तथा यिनलाई राष्ट्रिय विकास योजनाहरूमा एकीकृत गर्ने ।

(ख) सान्दर्भिक लगानी संयन्त्रहरूमा पहुँच स्थापित गर्न र तिनलाई कुशलतापूर्वक दोहन गर्न राष्ट्रिय क्षमताको विकास र सुदृढीकरण गर्ने ।

(ग) जीवकोपार्जनमा जलवायू परिवर्तनका प्रभावहरूलाई न्यूनिकरण गर्ने उद्देश्य सहित विकास योजना तथा कार्यक्रमहरूमा अनुकुलनको अवधारणालाई एकिकृत गर्ने कुरालाई सुनिश्चित गर्न प्रयास गर्ने,

(घ) राष्ट्रिय वातावरणीय स्रोतहरूको दिगो उपयोग, संरक्षण तथा रक्षा गर्नका लागि राष्ट्रिय रणनीतिहरूको निर्माण तथा कार्यान्वयन गर्ने ।

(ङ) जैविक विविधतासँग सम्बन्धित अभिसन्धिहरूबाट उत्पन्न राष्ट्रिय कार्ययोजनाहरूको निर्माण वा अध्यावधिक गर्ने र आवश्यकता अनुसार कार्यान्वयन गर्ने ।

(च) वृक्षारोपण तथा वन फँडानी र गैरकानुनी काठ चिरानीको रोकथामको माध्यमबाट वनको सुरक्षा तथा दिगो व्यवस्थापन सहित जलवायू परिवर्तन, जैविक विविधताको संरक्षण र पारिस्थितिक प्रणालीको दिगो प्रयोगसम्बन्धी नीतिहरूलाई राष्ट्रिय विकास नीति तथा रणनीतिहरू, खासगरी गरिबी निवारण तथा आर्थिक क्षेत्रहरूसँग सम्बन्धित नीति तथा रणनीतिहरूमा मूलप्रप्रवाहीकरण गर्ने ।

(छ) सामुद्रिक जैविक विविधता तथा पारिस्थितिकीय प्रणालीको दिगो व्यवस्थापनका लागि उपायहरूको खाजी गर्ने ।

## २. विकास साझेदारहरूले गर्ने कार्यहरू

(क) अन्तर्राष्ट्रिय अभिसन्धि तथा सम्झौताहरू अनुरुप प्रर्याप्त वित्तीय तथा प्राविधिक सहयोग उपलब्ध गराउने र आवश्यकता अनुसार, अतिकम विकसित राष्ट्रहरूलाई राष्ट्रिय अनुकुलन कार्ययोजना (NAPAs) तथा राष्ट्रिय स्तरमा उपयुक्त अल्पीकरण कार्ययोजनाहरू (NAMAs) को कार्यान्वयन गर्नका लागि आवश्यक पर्ने उपयुक्त, सस्तो तथा दिगो प्रविधिहरूमा पहुँचका लागि सहयोग गर्ने, साथै आपसमा सहमत शर्तहरूका आधारमा त्यस किसिमका प्रविधिहरूलाई हस्तान्तरण गर्ने ।

(ख) अतिकम विकसित राष्ट्रहरूलाई आवश्यक पर्ने स्रोतहरूका लागि विश्व वातावरण कोष (जीइएफ) लगायत वातावरण तथा जलवायूसम्बन्धी कोषहरूमा पहुँचका लागि सहजीकरण गर्ने ।

(ग) राष्ट्रिय वातावरणीय स्रोतहरूको दिगो उपयोग, रक्षा तथा संरक्षण र सामुद्रिक जैविक विविधता तथा पारिस्थितिक प्रणालीहरूको दिगो व्यवस्थापनका लागि तिनीहरूको व्यापक दिगो विकास रणनीतिहरू अनुरुप राष्ट्रिय रणनीतिहरूको निर्माण गर्न तथा कार्यान्वयन गर्न अतिकम विकसित राष्ट्रहरूले गरेका प्रयासहरूका लागि वित्तीय तथा प्राविधिक सहायता उपलब्ध गराउने र आपसमा सहमत शर्तहरूका आधारमा प्रविधि हस्तान्तरण गर्न सहजीकरण गर्ने ।

(घ) जलवायू परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघको ढाँचागत महासन्धि (यूएनएफसीसीसी) अन्तरगत अनुकुलनका लागि अतिकम विकसित राष्ट्रहरूको कोष, अनुकुलन कोष र अन्य विश्वव्यापि तथा द्विपक्षीय कार्यक्रमहरूमार्फत् वितरित कोषहरू सहितका कोषहरूलाई आवश्यकता अनुसार पुनर्पूर्ति गर्ने तथा तीब्र पार्ने र वितरण गर्ने ।

(ङ) मेक्सिकोको कान्कुनमा सन् २०१० मा सम्पन्न जलवायू परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघको ढाँचागत महासन्धिको पक्ष राष्ट्रहरूको १६औं सम्मेलनद्वारा पारित निर्णयहरूको कार्यान्वयनको प्याकेजकै अंगको रूपमा हरित जलवायू कोषको स्थापना तथा यसको पूर्ण सञ्चालनको लागि कानुनी तथा संस्थागत व्यवस्थालाई गति प्रदान गर्ने ।

(च) अतिकम विकसित राष्ट्रहरूमा दिगो विकासका लागि जलवायू परिवर्तनको अल्पिकरणबाट फाइदा लिन तिनलाई सक्षम बनाउनका लागि स्वच्छ विकास संयन्त्र परियोजनालाई प्रवर्द्धन र सहजीकरण गर्ने उपायहरूको कार्यान्वयन गर्ने ।

(छ) जलवायू परिवर्तनको नकारात्मक प्रभावबाट प्रभावित मानिसहरूको जीविकोपार्जन तथा खाद्य असुरक्षा र स्वास्थ्यमा उत्पन्न चुनौतिहरूलाई सम्बोधन गर्न अतिकम विकसित राष्ट्रहरूलाई सहयोग गर्ने तथा चरम मौसमका घटनाहरूका कारणबाट विस्थापित हुन पुगेका मानिसहरूका आवश्यकताहरूलाई आवश्यकता अनुसार, राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय स्तरमा सम्बोधन गर्ने ।

(ज) अतिकम विकसित राष्ट्रहरूको मौसम विज्ञान तथा जलविज्ञानसम्बन्धी सेवाहरूको सुदृढीकरणका लागि सहयोग गर्ने ।

### *विपद् जोखिम न्यूनिकरण*

१०५. हालैका दशकहरूमा कठिनाईपूर्वक हासिल गरिएका विकासका उपलब्धीहरूलाई चुनौति दिदै प्राकृतिक विपद्हरूको मात्रा र प्रभावहरूमा बृद्धि भएको छ ।

१०६. बदलिदो जनसंख्या, कमजोर प्राविधिक तथा सामाजिक-आर्थिक अवस्था, अव्यवस्थित शहरीकरण, उच्च जोखिम क्षेत्रभित्र गरिने विकास, निर्माणधीन तथा

कमजोर पूर्वाधार, कमजोर अनुलन क्षमता, वातावरणीय ह्रास, अस्थिर जलवायू, जलवायू परिवर्तन, भूगर्भीय खतराहरूसँग संपर्क, सिमित स्रोतहरूका लागि प्रतिस्पर्धा, र एच.आई.भी./एड्स, औलो र क्षयरोग जस्ता महामारीका प्रभावहरू लगायत सबैले अतिकम विकसित राष्ट्रहरूमा प्राकृतिक विपद्को जोखिमलाई बढाउँदछन् ।

१०७. अतिकम विकसित राष्ट्रहरूले आफ्ना संरचनात्मक अवरोधहरू र अनेकन जोखिमहरूका कारण प्रायः यी खतराहरूको भीषण प्रभावहरूलाई व्यहोर्दछन् र सबभन्दा कठिन पुनर्निर्माणका चुनौतिहरूको सामना गर्दछन् । विपद्का नोक्सानहरूलाई न्यूनिकरण गर्न र ह्योगो कार्ययोजना २००५-२०१५ र यसका उत्तराधिकारी कार्ययोजना तथा सम्झौताहरूको कार्यान्वयन गर्न अझ ठूलो प्रयासको खाँचो रहेकोछ ।

१०८. अतिकम विकसित राष्ट्रहरूले र तिनका विकास साझेदारहरूले तल उल्लेख गरिएअनुसारका कार्यहरू गर्नेछन् :

### १. अतिकम विकसित राष्ट्रहरूले गर्ने कार्यहरू :

(क) विपद्का प्रभावहरूबाट जनता, पूर्वाधारहरू र अन्य राष्ट्रिय सम्पत्तिहरूको संरक्षणका लागि ह्योगो कार्ययोजनाअनुरुप जनचेतना र पूर्वतयारी लगायत उपयुक्त र प्रभावकारी उपायहरू अपनाउने ।

(ख) जोखिम न्यूनिकरणलाई राष्ट्रिय अनुकुलन कार्ययोजनाहरू र मध्यकालिन तथा दीर्घकालिन विकास योजनामा समायोजन मार्फत् विपद् जोखिम न्यूनिकरण र जलवायू परिवर्तन अनुकुलन नीति तथा कार्यक्रमहरूको बीचमा सामाञ्जस्यतालाई प्रवर्द्धन गर्ने ।

(ख) विपद् जोखिम न्यूनिकरणका लागि जिम्मेवारी र स्रोतहरूको विकेन्द्रीकरणलाई प्रोत्साहित गर्ने तथा उपयुक्त स्थानमा समुदायको सहभागिता, स्वयंसेवी कार्यहरू, चेतना अभिबृद्धि र स्थानीय आवश्यकताहरूलाई पूरा गर्नका लागि जोखिम न्यूनिकरण कार्यक्रमहरूमा विपद् पूर्वतयारी गर्ने ।

(ग) आवश्यकता अनुसार जोखिम अल्पिकरण रणनीतिहरूको निर्माण तथा सुदृढीकरण र प्राकृतिक विपद्सँग सम्बन्धित सामाजिक संरक्षण नीति तथा कार्यक्रमहरूलाई सुदृढीकरण गर्ने ।

(घ) जोखिम न्यूनिकरणका सिद्धन्तहरूलाई संपूर्ण विपद् पश्चातका पुनर्लाभ तथा पुनर्निर्माणमा समाहित गर्ने ।

### (२. विकास साझेदारहरूले गर्ने कार्यहरू

(क) अतिकम विकसित राष्ट्रहरूलाई तिनीहरूका विपद् जोखिम न्यूनिकरण, आपतकालिन पूर्वतयारी र विपद् पश्चात्का पूनर्निर्माणका प्रयत्नहरूलाई वित्तीय

तथा प्राविधिक सहयोग उपलब्ध गराउने र यस सम्बन्धमा, ज्ञान तथा विशेषज्ञताको आदान-प्रदानलाई सुदृढ बनाउनुका साथै आपसमा सहमत शर्तहरूको आधारमा प्रविधि हस्तान्तरण गर्ने ।

(ख) प्राकृतिक विपद्को जोखिमलाई न्यूनिकरण गर्न तथा क्षेत्रीय तथा अन्तर्राष्ट्रिय पूर्वसूचना प्रणालीहरू र अन्य सूचना आदानप्रदान संयन्त्रहरूबाट फाइदा लिनका लागि तिनीहरूको क्षमता बृद्धि गर्न अतिकम विकसित राष्ट्रहरूलाई सहयोग गर्ने ।

## छ. विकास र क्षमता अभिबृद्धिका लागि वित्तीय स्रोतहरूको परिचालन

१०९. स्थिर, समावेशी तथा समतामूलक बृद्धि तथा दिगो विकास र स्तरोन्नतितर्फ प्रगति हासिल गर्नका लागि वित्तीय स्रोतहरूको अभाव अतिकम विकसित राष्ट्रहरूले झेल्नु परेको सबभन्दा ठूलो अवरोधहरू मध्ये एक हो । निम्न स्तरको प्रतिव्यक्ति आय, घरेलु बचत तथा लगानी र सानो करको दायराले घरेलु स्रोतहरूलाई सिमित गर्दछ । त्यसैले त, ती मुलुकहरूमा आधिकारिक विकास सहायता (ओडिए), प्रत्यक्ष वैदेशिक लगानी, सहुलियत सापटी र विप्रेषण जस्तो निजी प्रवाहहरू लगायत वाह्य वित्तीय स्रोतहरूमाथिको उच्च निर्भरता कायम रहेकोछ । कैयन अतिकम विकसित राष्ट्रहरूले एचआईपिसि र एमडिआरआई अन्तरगत ऋण राहतका उपायहरूबाट फाइदा उठाएका छन् । खाद्य र उर्जा संकटसँग गाँसिएको विश्व आर्थिक तथा वित्तीय संकटको प्रभावले अतिकम विकसित राष्ट्रहरूको विकासलाई नजरअन्दाज गरेकोछ ।

## घरेलु स्रोतहरूको परिचालन

११०. घरेलु स्रोतहरूको प्रभाावकारी परिचालन, वित्तीय संरचना तथा क्षमता विकास र उपयुक्त नियामक उपाय तथा संस्थाहरूको व्यवस्था गर्नका लागि अतिकम विकसित राष्ट्रहरूले ठोस प्रयत्नहरू गरिनुपर्ने आवश्यकता रहेको छ । तथापि, सानो आर्थिक आधार, व्याप्त गरिबी र निजी क्षेत्रको विकास नभैसकेको स्थितिमा रहेका अतिकम विकसित राष्ट्रहरूका अनेकौं विकास वित्तीय आवश्यकताहरूलाई पूरा गर्नका लागि सिमित सम्भावना रहेको छ ।

१११. नीति तथा उपायहरू तल उल्लेखित उद्देश्य तथा लक्ष्यहरूअनुरुप अवलम्बन गरिनेछ :

(क) घरेलु बचतको बृद्धि, कर राजस्वमा बृद्धि तथा संस्थागत क्षमताको सुदृढीकरणको माध्यमबाट घरेलु स्रोतको परिचालनलाई सबल बनाउने ।

(ख) संपूण तहहरूमा भ्रष्टाचार न्यूनिकरण तथा पारदर्शिता बृद्धि गर्ने ।

११२. अतिकम विकसित राष्ट्रहरू तथा तिनका विकास साझेदारहरूले घरेलु स्रोत परिचालनसम्बन्धी तल उल्लेख गरिएअनुसार कार्यहरू गर्नेछन् :

## १. अतिकम विकसित राष्ट्रहरूले गर्ने कार्यहरू

(क) सार्वजनिक र निजी दुवै क्षेत्रमा लगानीलाई आकर्षित गर्न, कायम राख्न र घरेलु बचतको परिचालन गर्ने अवस्थाको सृजना गर्न निरन्तर प्रयत्न गर्ने ।

(ख) आर्थिक गतिविधिहको सृजनामा योगदान गर्नका लागि गतिशील, समतामूलक, कामकाजी तथा सामाजिक रूपमा जिम्मेवार निजी क्षेत्रलाई प्रवर्द्धन गर्ने ।

(ग) घरेलु बचत तथा लगानीलाई प्रोत्साहित गर्न तथा साना व्यापारको पहुँचलाई सुधार गर्न र लघुऋण र लघुविमा जस्ता लघुवित्तमा गरीब र बञ्चितिकरणमा परेका, खासगरी महिला तथा युवाको पहुँचमा सुधार गर्न आवश्यकताअनुसार समावेशी, चुस्त रूपमा नियमन गरिएको वित्तीय प्रणालीको विकास गर्ने अथवा सुदृढ गर्ने ।

(घ) अतिकम विकासित मुलुकहरूमा प्रभावकारी, पारदर्शी, निष्पक्ष र जवाफदेशी राष्ट्रिय कर तथा वित्तीय व्यवस्थापन प्रणालीको विकास गर्नका लागि आवश्यक आर्थिक सुधारलाई निरन्तरता दिने र नयाँ राजस्व प्रवाहको पहिचान गरी यसमा पहुँच बृद्धि गर्नुका साथै यथासक्य करको दायरालाई बृद्धि गर्ने ।

(ङ) सबै स्तरमा अवैध वित्तीय प्रवाहलाई घटाउने, खुल्ला अभ्यासहरूलाई बढाउने तथा वित्तीय सूचनाहरूमा पारदर्शितालाई प्रवर्द्धन गर्ने उपायहरू लागु गर्ने । यस सम्बन्धमा, यस मुद्दालाई सम्बोधन गर्नका लागि अतिकम विकसित राष्ट्रहरूलाई सहयोग गर्नु र उनीहरूको क्षमता बृद्धिका लागि प्राविधिक सहयोग उपलब्ध गराउने लगायत राष्ट्रिय तथा बहुराष्ट्रिय प्रयासहरू गरिनु जरुरी छ । चोरीको सम्पत्ति विदेशमा स्थानान्तरण गर्ने कार्यलाई रोक्न र त्यस्ता सम्पत्तिको पुनर्प्राप्ति तथा खासगरी संयुक्त राष्ट्रसंघको भ्रष्टाचारविरुद्ध महासन्धिअनुसार तिनीहरूको उत्पत्ति मुलुकमै फिर्ता पठाउनका लागि थप उपायहरू अपनाइनु पर्दछ ।[१]

(च) स्रोत तथा गन्तव्य मुलुकहरू दुवैमा खुल्ला अभ्यासहरू र पारदर्शितालाई सृदृढ बनाउने तथा अवैघ वित्तीय प्रवाहहरू, कर छली तथा भ्रष्टाचार न्यूनिकरण गर्ने प्रयासहरूलाई मद्दत गर्ने ।

## २. विकास साझेदारहरूले गर्ने कार्यहरू

(क) अतिकम विकसित राष्ट्रहरूलाई राजस्व संकलन तथा वित्तीय क्षेत्र सुधार, खासगरी पारदर्शी, जवाफदेही तथा निष्पक्ष राष्ट्रिय कर तथा वित्तीय व्यवस्थापन प्रणालीको माध्यमबाट घरेलु स्रोतको बृद्धि गर्ने तिनका प्रयासहरूलाई सहयोग गर्ने ।

(ख) अतिकम विकसित राष्ट्रहरूलाई चुस्त, प्रभावकारी, कामकाजी र सामाजिक

---

१ *संयुक्त राष्ट्रसंघ, सन्धिहरूको श्रृङखला, खण्ड २३४९, संख्या ४२१४६*

जिम्मेवारी सहितको निजी क्षेत्र तथा उत्पादनमूलक क्षमताको विकास गर्न सहयोग गर्ने र अतिकम विकसित मुलकहरूलाई वित्तीय, प्राविधिक तथा संस्थागत सहायतामार्फत स्रोतको अभावलाई कम गर्नका लागि सार्वजनिक-निजी क्षेत्र साझेदारी तथा उद्यम पूँजी सञ्चालन गर्ने लगायत निजी क्षेत्रको लगानीबाट फाइदा लिनका लागि तिनीहरूको क्षमता विकास गर्न सहयोग गर्ने ।

(ग) सुरक्षित स्वर्ग, जसले चोरीको सम्पत्ति वाह्य मुलुकहरूमा स्थानान्तरण तथा अवैध वित्तीय प्रवाहलाई प्रोत्साहित गर्दछ, लाई उन्मुलन गर्ने ।

(घ) संयुक्त राष्ट्रसंघको भ्रष्टाचारविरुद्ध अभिसन्धिअनुसार चोरीको सम्पत्तिको पुनर्प्राप्ति गर्न तथा उत्पत्ति मुलुकमै फिर्ता पठाउन सहयोग गर्ने ।

(ङ) स्रोत तथा गन्तव्य मुलुकहरू दुवैमा खुल्ला अभ्यासहरू र पारदर्शितालाई सुदृढ बनाउने तथा अवैध वित्तीय प्रवाहहरूलाई न्यूनिकरण गर्ने प्रयासहरूलाई मद्दत गर्ने ।

## *आधिकारिक विकास सहायता (ओडिए)*

११३. सन् २००१ देखि २००८ को अवधिमा आधिकारिक विकास सहायता (ओडिए)को प्रवाह अमेरिकी डलर १२ अरबबाट बढेर ३८ अरब पुग्यो, तर अतिकम विकसित राष्ट्रहरूको संरचनात्मक अवरोधहरू, अनेकौं जोखिमहरू र आवश्यकताहरूको तुलनामा यो औसत रकम नै हो ।

११४. विकसित मुलुकहरूद्वारा अतिकम विकसित राष्ट्रहरूका लागि दृढ अठोटका साथ आधिकारिक विकास सहायतासम्बन्धी गरिएको प्रतिबद्धतालाई पूरा गर्नुपर्ने स्पष्ट आवश्कता रहेको छ ।

११५. ओडिएसम्बन्धी नीतिहरू र उपायहरू तल उल्लेखित उद्देश्य तथा लक्ष्यहरू अनुरुप हुनेछन् :

(क) अतिकम विकसित राष्ट्रहरूका लागि प्रदान गरिने आधिकारिक विकास सहायतासम्बन्धी प्रतिबद्धताहरू पूरा हुने कुरालाई सुनिश्चित गर्ने ।

(ख) अतिकम विकसित राष्ट्रहरूका लागि प्रदान गरिने सहायतालाई तिनीहरूको राष्ट्रिय प्राथमिकताहरूसँग आबद्ध गरिने कुरालाई सुनिश्चित गर्ने र अतिकम विकसित राष्ट्रहरूको राष्ट्रिय प्रणाली र प्रक्रियाहरूसँग सहायताको आवद्धतामा बृद्धि गर्ने ।

११६. अतिकम विकसित राष्ट्रहरू तथा तिनका विकास साझेदारहरूले आधिकारिक विकास सहायतासम्बन्धी तल उल्लेखि गरिएअनसारका कार्यहरू गर्नेछन् :

### १. अतिकम विकसित राष्ट्रहरूले गर्ने कार्यहरू :

(क) आधिकारिक विकास सहायतालाई तिनीहरूको राष्ट्रिय योजना तथा प्राथमिकताहरूसँग एकिकरण तथा आबद्ध गर्ने ।

(ख) आधिकारिक विकास सहायतालाई कार्ययोजनामा निहित समग्र विकास लक्ष्यहरू हासिल गर्नका लागि उपयोग गर्ने ।

ग) विकास प्रभावकारिताका लागि सहयोगको मात्रा तथा गुणस्तरलाई बृद्धि गर्न सबै प्रकारका वित्तीय लगानीहरूको बीचमा तालमेल मिलाउने ।

(घ) सहायताको मात्रा, स्रोत तथा उपयोगसम्बन्धी सूचनाहरूलाई सार्वजनिक गरी विकास सहायताको पारदर्शीतालाई सुदृढ गर्ने तथा भ्रष्टाचारसँग जुझ्ने ।

## २. विकास साझेदारहरूले गर्ने कार्यहरू

(क) संयुक्त राष्ट्रसंघको अतिकम विकसित राष्ट्रहरूसम्बन्धी तेस्रो सम्मेलनमा दातृ राष्ट्रहरूले प्रतिबद्धता जनाएका निम्न उल्लेखित कार्यहरूको यथाशीघ्र कार्यान्वयन गर्नेछन् :

(१) दातृ राष्ट्रहरूले आफ्ना कूल राष्ट्रिय उत्पादनको ०.२० प्रतिशतभन्दा बढी रकम आधिकारिक विकास सहायताको रूपमा अतिकम विकसित राष्ट्रहरूलाई प्रदान गरिरहेका छन् । यसलाई निरन्तरता दिदै अतिकम विकसित राष्ट्रहरूलाई प्रदान गरिने विकास सहायतालाई थप बृद्धि गर्न अधिकतम कोशिस गर्ने ।

(२) अन्य दातृ राष्ट्रहरू, जसले ०.१५ प्रतिशतको लक्ष्यलाई पूरा गरेका छन्, ०.२० पुऱ्याउन शीघ्र कोशिस गर्ने ।

(३) सम्पूर्ण दातृ राष्ट्रहरू, जसले आफै ०.१५ प्रतिशतको लक्ष्य पूरा गर्ने प्रतिबद्धता जनाएका छन्, आफ्ना प्रतिबद्धतालाई पुनर्पुष्टि गर्दै या त सन् २०१५ सम्ममा त्यो लक्ष्यलाई पूरा गर्ने अथवा लक्ष्यलाई पूरा गर्नका लागि अवश्यक पहलहरूलाई गति प्रदान गर्न सक्दो कोशिस गर्ने ।

(४) कार्ययोजनाको अवधिमा अन्य दातृ राष्ट्रहरूले अतिकम विकसित राष्ट्रहरूलाई प्रदान गरिने आधिकारिक विकास सहायतालाई बृद्धि गर्न मुलुक विशेषले भरमग्दुर कोशिस गर्ने, जसको कारण, सामुहिक रूपमा प्रदान गरिने विकास सहायताको मात्रालाई उल्लेखिनीय रूपमा बृद्धि गर्न सकोस् ।

(५) दातृ राष्ट्रहरूले सन् २०१५ मा आफ्ना प्रतिवद्धताहरूलाई समीक्षा गर्ने तथा अतिकम विकासित मुलुकहरूका लागि थप स्रोतहरू बृद्धि गर्नका लागि विचार गर्ने ।

(ख) अतिकम विकसित राष्ट्रहरूलाई आफ्ना राष्ट्रिय विकास नीति तथा रणनीतिहरू विकास गर्नका लागि सहयोग गर्न अतिकम विकसित राष्ट्रहरूका सरकारहरूलाई समय समयमा पारदर्शी हिसाबले वार्षिक प्रतिवद्धताहरू तथा वितरणहरूसम्बन्धी सूचनाहरू उपलब्ध गराउने ।

(ग) सरकारी क्षेत्रद्वारा व्यवस्थापन गरिएका क्रियाकलापहरूको समर्थनमा दिइएको सहायता कार्यक्रमका लागि प्रथम विकल्पको रूपमा मुलुकको प्रणालीको उपयोग

गर्ने । दाताहरूद्वारा कुनै अर्को विकल्पको चयन गर्नु पर्दछ र मुलुकको प्रणाली (समानन्तर परियोजना कार्यान्वयन इकाईहरू सहित) भन्दा बाहिर सहायता वितरण प्रणालीमा निर्भर रहनु पर्दछ, तिनीहरूले पारदर्शीताका साथ यसको औचित्यलाई उल्लेख गर्नेछन् तथा आफ्ना धारणाहरूको नियमित रुपले निश्चित अवधिमा समीक्षा गर्नेछन् । जहाँ मुलुकको प्रणालीको उपयोग गर्न सम्भव छैन, त्यहाँ दाताहरूले थप सुरक्षाका उपायहरूको स्थापना गर्नेछन्, जसले गर्दा मुलुकका प्रणालीहरू तथा प्रक्रियाहरूलाई वेवास्ता गर्नुको सट्टा अझ सुदृढ हुनेछन् ।

(घ) राष्ट्रिय स्वामित्व तथा नेतृत्वको सिद्धान्तअनुसार सहायतालाई राष्ट्रिय प्राथमिकताहरूसँग आबद्ध गर्ने तथा क्षमता विकासलाई सुदृढ गर्ने ।

(ङ) विकास सहायतासम्बन्धी सन् २००५ को पेरिस घोषणापत्र तथा सन् २००८ को आक्रा कार्यसूची अनुरुप राष्ट्रिय स्वामित्वको सुदृढीकरण, आवद्धता, तालमेल, पूर्वानुमान क्षमता, आपसी जवाफदेहिता र पारदर्शिता तथा परिणाम अभिमूखीकरणद्वारा सहायताको गुणस्तर बृद्धि गर्ने ।

(च) खण्डीकरण तथा दोहोरिनबाट बच्नका लागि दाताहरूको बीच समन्वय र तालमेललाई सुधार गर्ने ।

(छ) ओइसिडिको विकास सहायता समितिको अतिकम विकसित राष्ट्रहरूलाई प्रदान गरिने आधिकारिक विकास सहायता सरलिकरणसम्बन्धी सिफारिसले प्रोत्साहित गरेअनुरुप सहायतालाई खुकुलो पार्ने कामलाई निरन्तरता दिने ।

(ज) उत्पादनमूलक क्षमता विकासमा विशेष जोड दिदै स्थिर, समावेशी र न्यायोचित आर्थिक बृद्धि तथा दिगो विकास हासिल गर्नका लागि आधिकारिक विकास सहायतालाई अतिकम विकसित राष्ट्रहरूका प्राथमिकताहरूसँग जोड्ने ।

(झ) नवीन वित्तीय संयन्त्रको खोजी गर्ने तथा विद्यमान संयन्त्रहरूलाई सुदृढीकरण गर्ने, जहाँ उपयुक्त हुन्छ, अतिकम विकसित राष्ट्रहरूको विकासमा योगदान पुऱ्याउनका लागि तिनीहरूको क्षमताको सदुपयोग गर्ने । त्यस्ता स्वयंसेवी संयन्त्रहरू प्रभावकारी हुनु पर्दछ र जसको उद्देश्य स्थिर र पूर्वानुमान गर्न सकिने स्रोतहरूको परिचालन गर्ने हुनु पर्दछ, जो वित्तीय लगानीको परम्परागत स्रोतहरूको विकल्पको रूपमा नभएर पुरकको रूपमा हुनु पर्दछ, जसको वितरण अतिकम विकसित राष्ट्रहरूको प्राथमिकताहरूको आधारमा गरिनु पर्दछ, अनावश्यक बोझको रूपमा होइन ।

## बाह्य ऋण

११७. ऋणमा चुर्लुम्म डुबेका गरीब मुलुकहरू (एच.आई.पी.सी)का पहल, बहुपक्षीय ऋणमोचनका लागि पहल (एम.डी.आर.आई.) र द्विपक्षीय दाताहरूले २८ मुलुकहरूलाई उल्लेखनीय ऋण राहत उपलब्ध गराएकाछन्, जसमध्ये २५ अतिकम विकसित राष्ट्रहरू रहेका छन्, जुन एच.आई.पी.सी. पहल अन्तरगत पूर्ण विन्दू

हो, जसले तिनीहरू ऋणको जोखिमलाई उल्लेखनीय रूपमा घटाउनुका साथै सामाजिक क्षेत्रमा लगानी बढाउनका लागि सक्षम बनाएको छ। ती अन्तर्राष्ट्रिय प्रयासहरूको बावजुद अझै धेरै अतिकम विकसित राष्ट्रहरू ठूलो ऋणको बोझसँग संघर्ष गरिरहेका छन्। तिनीहरूको सानो बजेट स्रोतको एउटा ठूलो अंश बाह्य ऋणको साँवा-व्याज तिर्नमै खर्च हुने गर्दछ, जसले गर्दा आर्थिक बृद्धि, गरिबी निवारण तथा सहश्राब्दी विकास लक्ष्य लगायत अन्तर्राष्ट्रिय स्तरमा सहमत विकास लक्ष्यहरू हासिल गर्नका लागि अवरोध उत्पन्न गर्दछ। यस्तो परिस्थितिले विद्यमान संयन्त्रहरूको निरन्तर कार्यान्वयनको माग गर्दछ। ऋणको दीर्घकालिन स्थायित्व अन्य कुराका साथमा, सबै ऋण दिने र लिने दुवै पक्षको जिम्मेवारीपन, दिगो आर्थिक बृद्धि, अतिकम विकसित राष्ट्रहरूमा संरचनात्मक परिवर्तन तथा बजारको सम्भावनाको सबलीकरणमा निर्भर गर्दछ।

११८. बाह्य ऋणसम्बन्धी नीति तथा उपायहरू तल उल्लेखित उद्देश्य तथा लक्ष्यहरू अनुरुप हुनेछन् :

(क) अतिकम विकसित राष्ट्रहरूको विशेष आवश्यकताहरूलाई ध्यानमा राख्दै संपूर्ण अतिकम विकसित राष्ट्रहरूमा दिगो ऋण स्तर हासिल गर्ने।

(ख) अतिकम विकसित राष्ट्रहरूको ऋणको अवस्थाको अनुगमनमा सतर्क रहने र विद्यमान ढाँचाभित्र प्रभावकारी उपायहरू अपनाउने।

(ग) अतिकम विकसित राष्ट्रहरूका लागि ऋणमोचनका उपायहरू उपलब्ध गराउन, जो विषयानुसार ऋणमा चुर्लुम्म डुबेका गरीब मुलुकहरू (एच.आई.पी.सी.) हैनन्।

११९. अतिकम विकसित राष्ट्रहरू तथा तिनका विकास साझेदारहरूले ऋणमोचनसम्बन्धी तल उल्लेख गरिए अनुसारका कार्यहरू गर्नेछन् :

## १. संयुक्त कार्यहरू

गैर-पेरिस क्लब ऋणदाताहरू, विशेषगरी ती मुलुकहरू, जहाँ ऋणको ठूलो मात्रा पेरिस क्लबका ऋणदाताहरूबाट लिइएको हैन, लगायत ऋणमा चुर्लम्म डुबेका गरीब मुलुकहरू (एच.आई.पी.सी.)को पहलमा सहभागी सबै मुलुकहरूद्वारा ऋण मोचनका प्रावधानहरूलाई अझ सुनिश्चित गर्ने।

## २. अतिकम विकसित राष्ट्रहरूले गर्ने कार्यहरू

अस्थिर ऋणको बोझबाट बच्नको लागि उत्तरदायित्वपूर्ण ऋण तथा सार्वजनिक ऋण व्यवस्थापन नीतिहरूलाई प्रवर्द्धन तथा अवलम्बन गर्ने।

### ३. विकास साझेदारहरूले गर्ने कार्यहरू

(क) ऋणमा चुर्लुम्म डुबेका गरीब मुलुकहरू (एच.आई.पी.सी.)को पहलको प्रक्रियालाई पूरा गर्न बाँकी रहेका योग्य अतिकम विकसित राष्ट्रहरू सहित, एच.आई.पी.सी. तथा बहुपक्षीय ऋणमोचन पहल (एम.डी.आर.आई.)को कार्यान्वयनका लागि समय सीमाभित्र पूर्ण वित्तीय सहयोग उपलब्ध गराउने ।

(ख) एच.आई.पी.सी. तथा एम.डी.आर.आई. अन्तरगत ऋणमोचनका लागि स्रोतहरू उपलब्ध गराउँदा अतिकम विकसित राष्ट्रहरूका लागि उपलब्ध आधिकारिक विकास सहायताका स्रोतहरूबाट बञ्चित नगरिने कुरालाई सुनिश्चित गर्न कदम उठाउने ।

(ग) आपसी सहमतीको आधारमा पारदर्शी तथा विषयानुसार जहाँ सम्भव हुन्छ, नयाँ र सुधारिएको ऋण साधनहरूको उपयोग गर्ने तथा ऋण लेनदेन जस्ता नवीन संयन्त्रहरूको खोजी गर्ने ।

(घ) बहुपक्षीय संस्थाहरू लगायत अनुदान आधारित तथा अन्य प्रकारका सहुलियतपूर्ण वित्तीय लगानीको माध्यमबाट दीर्घकालीन ऋण स्थिरता सुनिश्चित गर्ने लक्ष्यका साथ अतिरिक्त उपायहरूको अवलम्बन गर्ने ।

(ङ) अतिकम विकसित राष्ट्रहरूले अन्तिम विकल्पको रूपमा विषयानुसार तथा विद्यमान ढाँचाहरू, संकटका प्रतिकूल प्रभावहरूलाई न्यूनीकरण गर्न तथा नकारात्मक बृहद् आर्थिक विकासलाई स्थिर बनाउनका लागि ऋण लिने र दिनेहरूको बीचमा अस्थायी ऋण ठहरावसम्बन्धी सम्झौताको माध्यमबाट वार्ताको चाहना गर्न सक्दछन् भन्ने कुरालाई ख्याल गर्दै आवश्यकता अनुसार ऋण वित्तीय लगानी, ऋणमोचन र ऋण पुनर्संरचनालाई प्रवर्द्धन गर्ने उद्देश्यले समन्वित नीतिहरूको आवश्यकतामाथि जोड दिने ।

### *प्रत्यक्ष वैदेशिक लगानी*

१२०. उत्पादक क्षमताको निर्माण तथा सुदृढीकरण गर्नका लागि दीर्घकालीन निजी अन्तर्राष्ट्रिय पूँजी प्रवाह, खासगरी प्रत्यक्ष वैदेशिक लगानीको पूरक तथा उत्प्रेरक भूमिका हुन्छ, जसको निर्यात बृद्धि, प्रविधि तथा सीप हस्तान्तरण, रोजगारी सृजना र गरिबी निवारण लगायतका मूर्त तथा अमूर्त फाइदाहरू हुन्छन् । वैदेशिक लगानीलाई आकर्षित गर्ने तथा त्यसलाई कायम राख्ने नीतिहरू राष्ट्रिय विकास रणनीतिको अत्यावश्यक अंगहरू हुन् । यस सन्दर्भमा, प्रत्यक्ष वैदेशिक लगानीलाई आकर्षित गर्न र लगानीको माध्यमबाट दिगो विकासलाई प्रवर्द्धन गर्नका लागि एउटा स्थिर आर्थिक, कानूनी तथा संस्थागत ढाँचा महत्वपूर्ण हुन्छ । यसका लागि एउटा सहयोगी अन्तर्राष्ट्रिय वातावरणको आवश्यकता पर्दछ ।

१२१. प्रत्यक्ष वैदेशिक लगानीको सम्बन्धमा तल उल्लेखित उद्देश्य तथा लक्ष्यहरूअनुरुप नीति तथा उपायहरूको अवलम्बन गरिनेछ :

(क) विशेषगरी उत्पादन आधारको विविधिकरण तथा उत्पादक क्षमतालाई सबलीकरण गने उद्देश्यले अतिकम विकसित राष्ट्रहरूमा बढ्दो प्रत्यक्ष वैदेशिक लगानीलाई आकर्षित गर्ने तथा कायम राख्ने ।

(ग) अतिकम विकसित राष्ट्रहरूमा गरिने लगानीलाई सहयोग गर्ने पहलहरूलाई सुदृढीकरण गर्ने ।

१२२. अतिकम विकसित राष्ट्रहरू तथा तिनका विकास साझेदारहरूले प्रत्यक्ष वैदेशिक लगानीसम्बन्धी तल उल्लेख गरिएअनुसारका कार्यहरू गर्ने छन् :

## १. संयुक्त कार्यहरू

यस क्षेत्रमा प्रत्यक्ष वैदेशिक लगानी तथा अन्य स्रोतहरूको प्रवाहका लागि रणनीतिक तथा नियामक ढाँचाको प्रवर्द्धन गर्ने, जसमा पूर्वाधार विकास, व्यापार तथा व्यापार सहजीकरण, अनुसन्धान तथा प्रविधिको विकास तथा हस्तान्तरण लगायतका मुख्य नीतिगत क्षेत्रहरू समावेश हुन्छन् ।

## २. अतिकम विकसित राष्ट्रहरूले गर्ने कार्यहरू

(क) उत्पादक क्षेत्रमा वैदेशिक लगानीलाई प्रोत्साहित गर्नका लागि, अन्य कुराका साथै लगानीका अवरोधहरूलाई हटाउने, करार कार्यान्वयनलाई सुरक्षित गर्ने र सम्पत्तिको अधिकारको सम्मानलाई प्रवर्द्धन गर्ने, न्यायोचित तथा चुस्त कर प्रणालीको सुदृढीकरण तथा लगानीका शर्तहरूको बारेमा सही सूचना उपलब्ध गराउने र यस सम्बन्धमा सार्वजनिक-निजी साझेदारीको प्रवर्द्धनद्वारा राष्ट्रिय नीति तथा नियामक ढाँचालाई निरन्तर सुदृढीकरण गर्ने ।

(ख) लगानीका लागि प्राथमिकताका क्षेत्रहरूको पहिचान गर्ने र घरेलु क्षमता, स्रोतहरू र अन्तर्राष्ट्रिय लगानी र सहयोगको आवश्यकताको दायराको मूल्याङ्कन गर्ने ।

(ग) नयाँ तथा विद्यमान प्रत्यक्ष वैदेशिक लगानी र आवश्यक संस्थागत पूर्वाधारका साथै अन्य वाह्य वित्तीय प्रवाहहरूको दर्ता तथा निरीक्षणका लागि एकद्वार सुविधाको स्थापना गर्ने ।

## २. विकास साझेदारहरूले गर्ने कार्यहरू

(क) अतिकम विकसित राष्ट्रहरूमा विविधि उत्पादन आधारहरूको जरुरत भएका खास क्षेत्रहरूमा जोड दिदै घरेलु उत्पादन क्रियाकलापहरू तथा रोजगारी सृजनासँग जोडेर लगानीको लागि अतिकम विकसित राष्ट्रहरूको लागि बीमा, ग्यारेण्टी तथा प्राथमिकता सहितको वित्तीय लगानीका कार्यक्रमहरू तथा निजी उद्यम कोषहरू जस्ता पहलहरूको थालनी तथा सुदृढीकरण गर्ने ।

(ख) प्रत्यक्ष वैदेशिक लगानीलाई आकर्षित गर्ने उद्देश्यका साथ आवश्यकताअनुसार क्षेत्रीय स्तरमा पारस्परिक रूपमा फाइदाजनक लगानी सम्झौताका लागि वार्ता

गर्ने तथा अतिकम विकसित राष्ट्रहरूमा लगानीका अवसरहरूको बारेमा सूचना प्रवाह गर्न अतिकम विकसित राष्ट्रहरूमा क्षमता विकासका लागि सहयोग गर्ने

(ग) निर्यात क्रेडिट, जोखिम व्यवस्थापनका औजारहरू, सह-वित्तीय लगानी, उद्यम पूँजी तथा अन्य ऋणका साधनहरू, व्यापार विकास सेवाहरू र सम्भाव्यता अध्ययनहरू जस्ता अतिकम विकसित राष्ट्रहरूमा लगानीलाई प्रोत्साहित गर्ने उद्देश्यका साथ गरिएका पहलहरूलाई सहयोग तथा कार्यान्वयन गर्ने ।

(घ) विदेशी तथा घरेलु कम्पनीहरू बीचको सम्बन्धलाई प्रोत्सहित गर्दै आपसमा सहमती भएका सर्तहरूको अन्तरगत प्रविधि हस्तान्तरणका लागि साझेदारी कार्यक्रमहरूलाई सुदृढ बनाउने ।

**विप्रेषण**

१२३. आप्रवासनको उद्गम मुलुकहरूका घरपरिवारका लागि विप्रेषण महत्वपूर्ण निजी आर्थिक स्रोत हो । विप्रेषण प्रत्यक्ष वैदेशिक लगानी, आधिकारिक विकास सहायता, ऋणमोचन वा विकासका लागि अन्य सार्वजनिक वित्तीय स्रोतहरूको विकल्प हुन सक्दैन भन्ने कुरालाई ध्यानमा राख्दै विप्रेषण कारोबारको लागत घटाउन तथा विकासमूखी लगानीका अवसरहरूको सृजना गर्नका लागि थप प्रयासहरूको आवश्यकता रहेको छ ।

१२४. विप्रेषण सम्बन्धी नीति तथा उपायहरू तल उल्लेखित उद्देश्य तथा लक्ष्यहरू अनुरुप हुनेछन् :

विप्रेषण कारोबार प्रवाहको लागत घटाउने तथा विप्रेषणको विकास प्रभावलाई प्रोत्साहित गर्ने ।

१२५. अतिकम विकसित राष्ट्रहरू त्था तिनका विकास साझेदारहरूले विप्रेषणसम्बन्धी तल उल्लेखित कार्यहरू गर्नेछन् :

**१. अतिकम विकसित राष्ट्रहरूले गर्ने कार्यहरू**

(क) विप्रेषण कारोबारलाई सहज बनाउनका लागि वित्तीय तथा बैंकिङ सेवाहरूको पहुँचमा सुधार गर्न प्रयास गर्ने ।

(ख) बाहिरतर्फको आप्रवासनको लागत घटाउनका लागि आप्रवासन प्रक्रियाहरूलाई सरलीकरण गर्ने ।

(ग) आप्रवासनबाट फर्केका व्यक्तिहरूको ज्ञान, सीप तथा कमाईको अधिकतम उपयोगका लागि उपयुक्त तरिकाहरू अवलम्बन गर्ने ।

(घ) वैदेशिक रोजगारीको खोजीमा रहेका श्रमिकहरूका लागि उपलब्ध भएसम्म आवश्यक सूचनाहरू प्रदान गर्ने ।

## २. विकास साझेदारहरूले गर्ने कार्यहरू

(क) सान्दर्भिक राष्ट्रिय कानुनहरू तथा अन्तर्राष्ट्रिय प्रावधानहरूलाई पालन गरिएको अवस्थामा, अन्तर्राष्ट्रिय श्रम आप्रवासनबाट अधिकतम लाभ उठाउनका लागि आप्रवासी श्रमिकहरूलाई गरिने अन्यायपूर्ण तथा भेदभावपूर्ण व्यवहार तथा श्रम आप्रवासनमाथि अनुचित प्रतिबन्ध थोपर्ने कामको विरोध गर्ने ।

(ख) घरेलु कानुनहरूका अधिनमा रही, जहाँ उपयुक्त हुन्छ, अतिकम विकसित राष्ट्रका श्रमिकहरू सहित अल्पकालिन आप्रवासन प्रणालीको विकास गर्नका लागि विचार गर्ने ।

(ग) बाह्य विप्रेषणमाथिको अनावश्यक प्रतिवन्धहरूलाई हटाउने र कारोबार लागतलाई घटाउन सहयोग गर्ने ।

(घ) स्वेक्षिक आधारमा अन्तर्राष्ट्रिय आप्रवासी विप्रेषण अवलोकन केन्द्रको स्थापना गर्नका लागि सहयोग गर्न विचार गर्ने ।

## ज. सम्पूर्ण तहहरूमा सुशासन

१२६. स्थिर, समावेशी र न्यायोचित आर्थिक बृद्धि, दिगो विकास तथा गरिबी र भोकको अन्त्यका लागि स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहहरूमा सुशासन तथा कानुनको शासन आवश्यक हुन्छ । यस कार्य योजनामा समाविष्ट प्रतिबद्धताहरूलाई हासिल गर्नका लागि पनि यिनको जरुरत पर्दछ ।

१२७. थुप्रै अतिकम विकसित राष्ट्रहरूले पछिल्लो दशकमा सुशासन, कानुनको शासन, मानवअधिकारको प्रवर्द्धन र रक्षा तथा लोकतान्त्रिक सहभागिताको क्षेत्रमा प्रगति हासिल गरेका छन् । यस प्रगतिलाई अझ बढी सुदृढ गरिनु आवश्यक छ र सुशासनका मुद्दाहरूलाई अरु थप प्राथमिकता प्रदान गरिनु पर्दछ ।

१२८. अतिकम विकसित राष्ट्रहरूमा दिगो विकासको शान्ति र सुरक्षासँग निकट सम्बन्ध रहेको हुन्छ । द्वन्द्व प्रभावित अतिकम विकसित राष्ट्रहरूका लागि गरिबी, सुरक्षा र सुशासनलाई एकिकृत रूपमा सम्बोधन गर्ने सन्दर्भ विशेष दृष्टिकोणको जरुरत पर्दछ । द्वन्द्व प्रभावित अतिकम विकसित राष्ट्रहरूमा सहश्राब्दी विकास लक्ष्यसहित अन्तर्राष्ट्रिय स्तरमा सहमत विकास लक्ष्यहरूलाई हासिल गर्न र स्थिर, समावेशी र न्यायोचित आर्थिक बृद्धि तथा दिगो विकास हासिल गर्ने काममा सबभन्दा ढिलाई भएको छ । गरिबी र भोक पनि अतिकम विकसित राष्ट्रहरूमा द्वन्द्वका कारणहरू मध्ये रहेका छन् । द्वन्द्व व्यवस्थापन र शान्ति प्रक्रियालाई राष्ट्रिय रुपमै स्वामित्व ग्रहण र नेतृत्व गरिनु पर्दछ । आत्मविश्वास निर्माण, द्वन्द्व निवारण र द्वन्द्वको शान्तिपूर्ण समाधानका लागि उपयुक्त राष्ट्रिय नीति तथा रणनीतिहरू आवश्यकता पर्नेछ । द्वन्द्वबाट प्रभावित अतिकम विकसित राष्ट्रहरूलाई शन्ति स्थापना, राष्ट्र निर्माण, पुनर्निर्माण र पुनर्स्थापनाका चुनौतिहरूलाई सम्बोधन गर्न र सुशासन सुधार र सुदृढीकरणका लागि लक्षित राष्ट्रिय नीतिहरू र सहयोग

तथा अन्तर्राष्ट्रिय समर्थनका उपायहरूको आवश्यकता पर्दछ । सन् २०१० को दिली घोषणापत्रसँग आबद्ध रहेका अतिकम विकसित राष्ट्रहरू, द्वन्द्वोपरान्तका चुनौतिहरूलाई सम्बोधन गर्नका लागि यसलाई आधारभूत प्रारुपको रूपमा मान्दछन् ।

१२९. तल उल्लेखित उद्देश्य तथा लक्ष्यहरूअनुरुप नीति तथा उपायहरू अवलम्बन गरिने छन् :

(क) संसदको भूमिकालाई प्रभावकारी बनाउदै सुशासन, कानुनको शासन, मानवअधिकार, लैंगिक समानता र महिला सशक्तिकरण, तथा लोकतान्त्रिक सहभागितालाई सुदृढीकरण गर्ने ।

(ख) बजेट र खर्चको पारदार्शिता बृद्धि गर्न भ्रष्टाचार रोक्ने उपायहरूको सुदृढिकरण तथा प्रभावकारी कार्यान्वयन गर्ने ।

(ग) सुशासनलाई सुनिश्चित गर्नका लागि अतिकम विकसित राष्ट्रहरूको संस्थागत क्षमतालाई सुदृढ गर्ने ।

(घ) अतिकम विकसित राष्ट्रहरूलाई उपलब्ध गराइएका स्रोतहरूको पारदर्शी र यथासमयमा, लक्षित प्रयोजन मा प्रयोग गरिने कुरालाई सुनिश्चित गर्ने ।

(ङ) सान्दर्भिक अन्तर्राष्ट्रिय मञ्चहरूमा अतिकम विकसित राष्ट्रहरूको सुदृढ र प्रभावकारी आवाज तथा सहभागिताका लागि निरन्तर सहयोग गर्ने ।

(च) अतिकम विकसित राष्ट्रहरूमा दीर्घकालिन शान्ति, स्थिरता, सुरक्षा र दिगो तथा समावेशी विकासलाई सुनिश्चित गर्ने ।

१३०. अतिकम विकसित राष्ट्रहरू तथा तिनका विकास साझेदारहरूले सुशासनसम्बन्धी तल उल्लेख भएबमोजिमका कार्यहरू गर्नेछन् :

## १. अतिकम विकसित राष्ट्रहरूले गर्ने कार्यहरू :

(क) विकासको अधिकार लगायत अन्तर्राष्ट्रिय रूपमा मान्यता प्राप्त मानवअधिकारको प्रवर्द्धन गर्ने तथा तिनलाई सम्मान गर्ने ।

(ख) कानुनको शासनलाई सुदृढ बनउनका लागि आवश्यकताअनुसार प्रभावकारी, स्वच्छ तथा स्थिर संस्थागत, कानुनी तथा नियामक ढाँचाको स्थापना वा सुदृढीकरण गर्न निरन्तर कोशिस गर्ने ।

(ग) प्राथमिकताको विषयको रूपमा भ्रष्टाचारविरुद्ध संयुक्त राष्ट्रसंघीय महासन्धिलाई अनुमोदन गर्ने वा स्वीकार गर्ने बारेमा विचार गर्ने र महासन्धिअनुरुप भ्रष्टाचारविरोधी कानुन तथा नियमावलीहरूको कार्यान्वयन गर्ने ।

(घ) सेवा प्रवाहको दक्षता तथा पारदर्शिता बृद्धि गर्न र सांख्यिकीय क्षमता सहित यसको मानवीय तथा संस्थागत क्षमतामा सुधार गर्नका लागि सार्वजनिक क्षेत्रमा सुधार गर्ने कामलाई निरन्तरता दिने ।

(ङ) राजस्व, बजेट, व्यय, खरिद तथा लेखा परीक्षणको सार्वजनिकरण र सार्वजनिक वित्तीय व्यवस्थापनको संसदीय निरीक्षणलाई सुधार गर्ने लगायत सार्वजनिक वित्तीय व्यवस्थापनमा अधिक पारदर्शितालाई कार्यान्वयन गर्ने ।

(च) संसद, नागरिक समाज, स्वतन्त्र संचार, राजनीतिक दलहरू र अन्य लोकतान्त्रिक संस्थाहरू तथा प्रक्रियाहरूको भूमिकालाई सुदृढ बनाउदै संपूर्ण सरोकारवालाहरू तथा सरकारको जवाफदेहितालाई सबै तहमा प्रवर्द्धन गर्ने । जस्तो कि, राष्ट्रिय विकास नीति तथा योजनाहरूको तयारी, कार्यान्वयन र अनुगमनको सम्बन्धमा संपूर्ण सरोकारवालाहरूले राष्ट्रिय कानुन तथा कानुनको शासनलाई पालन गर्नेछन् भन्ने कुरालाई सुनिश्चित गर्ने ।

(छ) जनताप्रति जवाफदेही न्यायसंगत, पारदर्शी तथा कामकाजी सरकारलाई प्रोत्साहन गर्ने र सुलभ तथा स्वतन्त्र न्याय प्रणालीको प्रवर्द्धन गर्ने ।

(ज) आर्थिक, सामाजिक र पर्यावरणीय नीतिहरूको बीचमा तालमेलका साथै दिगो विकासका लागि अनुकूल वातावरण सुनिश्चित गर्नका लागि स्रोतहरूको सुसंगत उपयोगलाई समेत प्रवर्द्धन गर्ने ।

(झ) वित्तीय स्रोतहरूका साथै वित्तीय लेखा-परीक्षणको सार्वजनिकीकरणको संयन्त्रको माध्यमबाट विकास क्रियाकलापहरूको लागि रकम प्राप्त गर्ने संपूर्ण विकास साझेदारहरूको जवाफदेहितालाई प्रवर्द्धन गर्ने ।

(ञ) भ्रष्टाचारविरोधी कानुन तथा नियमावलीहरूको सबलीकरण तथा तिनको प्रभावकारी कार्यान्वयनद्वारा भ्रष्टाचार, घुसखोरी तथा कालो धनलाई वैध बनाउने, अवैध रूपमा कोष हस्तान्तरण गर्ने र अन्य अवैध क्रियाकलापहरूको विरुद्धमा जुध्ने प्रयासहरूलाई सुदृढ बनाउने ।

(ट) राष्ट्रिय विकास योजनामा शान्तिपूर्ण उपायबाट द्वन्द्व निवारण तथा समाधान, शान्ति स्थापना र राष्ट्र निर्माणका साथै राष्ट्रिय मेलमिलाप रणनीतिहरूलाई आवश्यकताअनुसार एकिकृत गर्ने ।

(ठ) द्वन्द्व निवारण तथा समाधान, मेलमिलाप तथा शान्ति निर्माण प्रक्रियाका सबै तहहरूमा महिला र पुरुषको समान सहभागिता हासिल गर्नका लागि नीतिहरूको प्रवर्द्धन गर्नुका साथै यसतर्फका प्रयासहरूलाई तीब्रता प्रदान गर्ने ।

(ड) गरिबी तथा भोक निवारण र सबैका लागि, खासगरी महिला तथा युवाका लागि उत्पादनमूलक रोजगारी तथा मर्यादित कामको सृजनामा केन्द्रित व्यापक र

समावेशी सामाजिक-आर्थिक विकास नीति तथा कार्यक्रमहरूलाई अवलम्बन गर्ने ।

## २. विकास साझेदारहरूले गर्ने कार्यहरू

(क) सुशासनका लागि मानवीय तथा संस्थागत क्षमताको विकास गर्ने अतिकम विकसित राष्ट्रहरूका प्रयासहरूलाई सहयोग गर्ने ।

(ख) दिगो विकास तथा यस कार्ययोजनाको कार्यान्वयनको प्रभावकारी अनुगमनका लागि राष्ट्रिय तथ्याङ्कीय क्षमतालाई सुदृढ बनाउनका लागि कार्यक्रम तथा नीतिहरूको प्रारुप बनाउन अतिकम विकसित राष्ट्रहरूलाई सहयोग गर्ने ।

(ग) अतिकम विकसित राष्ट्रहरूमा सही बजेट निर्माण, लेखा तथा लेखा परीक्षणलाई सबलीकरण गर्नका लागि अतिकम विकसित राष्ट्रका सरकारहरूलाई वार्षिक प्रतिबद्धताहरू र खर्चहरूको सम्बन्धमा पारदर्शी हिसाबले समयमै सूचना प्रदान गर्ने ।

(घ) अतिकम विकसित राष्ट्रहरूका विविधिकृत तथा विशिष्ट विकास आवश्यकताहरू तथा चुनौतिहरूलाई ध्यानमा राख्दै अन्तर्राष्ट्रिय वित्तीय, व्यापार तथा विकास संस्थाहरू, प्रक्रियाहरू तथा संयन्त्रहरूको नीतिगत संगति तथा संयोजनलाई प्रवर्द्धन गर्ने ।

(ङ) अतिकम विकसित राष्ट्रहरूको विकासलाई प्रभाव पार्ने सबै क्षेत्रहरूमा नीति-नियम, मापदण्ड र मान्यताहरूको निर्धारण गर्ने अन्तर्राष्ट्रिय वार्ताहरू र विकासका कार्यहरूका साथै सान्दर्भिक अन्तर्राष्ट्रिय मञ्चहरूमा तिनीहरूको सबल र प्रभावकारी आवाज तथा सहभागिताका लागि निरन्तर सहयोग प्रदान गर्ने ।

(च) संयुक्त राष्ट्रसंघको भ्रष्टाचारविरुद्ध महासन्धिलाई अनुमोदन वा स्वीकृतीलाई प्राथमिक विषयको रूपमा लिने र सो महासन्धिअनुरुपका भ्रष्टाचार विरोधी कानुन तथा नियमावलीहरूलाई कार्यान्वयन गर्ने ।

(छ) सार्वजनिक तथा निजी दुवै निकायहरूद्वारा गरिने भ्रष्टाचार, घुसखोरी तथा कालो धनलाई वैध बनाउने, अवैध रूपमा कोष हस्तान्तरण गर्ने र अन्य अवैध क्रियाकलापहरूलाई रोक्नका लागि संस्थागत क्षमता तथा नियमनात्मक ढाँचालाई सुदृढ गर्ने अतिकम विकसित राष्ट्रहरूका प्रयासहरूलाई सहयोग गर्ने ।

(ज) संयुक्त राष्ट्रसंघको बडापत्र अनुसार अतिकम विकसित राष्ट्रको अनुरोधको आधारमा द्वन्द्वको मध्यस्थता र विश्वास निर्माण, द्वन्द्वोपरान्त शान्ति निर्माण, पुनर्एकिकरण, पुनर्निर्माण तथा पुनर्स्थापना सहितका शान्तिपूर्ण उपायहरूका माध्यमबाट द्वन्द्वको निराकरण तथा समाधानका लागि मद्दत गर्न उपयुक्त सहायता उपलब्ध गराउने ।

(झ) द्वन्द्वबाट प्रभावित अतिकम विकसित राष्ट्रहरूलाई राष्ट्रिय संस्थाहरू र क्षमताको पुनर्निर्माण तथा महत्वपूर्ण पूर्वाधारहरूको पुनर्निर्माण तथा उत्पादनमुलक रोजगारी र सबैका लागि मर्यादित कामको सृजनालाई विशेष ध्यानमा राख्दै व्यापक, समावेशी, द्रुत सामाजिक-आर्थिक विकास लगायत मुलुक विशेषका आवश्यकताहरू र परिस्थितिहरूलाई सम्बोधन गर्नका लागि सहयोगलाई सुदृढ बनाउने ।

(ञ) सहायतालाई द्वन्द्वबाट प्रभावित अतिकम विकसित राष्ट्रहरूको राष्ट्रिय प्राथमिकताहरूसँग तालमेल गर्ने तथा आवद्ध गर्ने ।

## ङ. इस्तानबुल कार्ययोजनाको कार्यान्वयनमा दक्षिण-दक्षिण सहयोगको सहयोगी भूमिका

१३१. मानवीय तथा उत्पादनमुलक क्षमताको निर्माण, प्राविधिक सहायता र सफल अभ्यासहरूको आदान-प्रदान जस्ता क्षेत्रहरूमा खासगरी, स्वास्थ्य, शिक्षा, व्यवसायिक तालिम, कृषि, पर्यावरण, विज्ञान तथा प्रविधि, व्यापार तथा लगानीसम्बन्धी विषयहरूमा इस्तानबुल कार्ययोजनाको कार्यान्वयनमा योगदानको माध्यमबाट अतिकम विकसित राष्ट्रहरूको विकासका लागि दक्षिण-दक्षिण सहयोगको महत्वपूर्ण भूमिका रहेको छ । यस्तो सहायता, अन्य कुराको साथै त्रिकोणीय विधि सहित अन्तर्राष्ट्रिय समुदायद्वारा गरिनु पर्दछ ।

१३२. दक्षिण-दक्षिण सहयोग दक्षिणका जनताहरू तथा मुलुकहरू बीचको ऐक्यवद्धताको एक अभिव्यक्ति हो, जसले तिनीहरूको राष्ट्रिय कल्याण, राष्ट्रिय तथा सामुहिक आत्मनिर्भरता र सहश्राब्दी विकास लक्ष्यहरू लगायत अन्तर्राष्ट्रिय स्तरमा सहमत विकास लक्ष्यहरू हासिल गर्नका लागि योगदान गर्दछ । दक्षिण-दक्षिण सहयोग र यसका मुद्दाहरू दक्षिणका मुलुकहरूद्वारा निर्धारित हुनु पर्दछ र राष्ट्रिय सार्वभौमिकताको सम्मान, राष्ट्रिय स्वामित्व तथा स्वतन्त्रताको सम्मान, समानता, शर्तरहीनता, घरेलु मामलाहरूमा अहस्तक्षेप र परस्पर लाभको सिद्धान्तबाट निरन्तर रूपमा निर्देशित हुनु पर्दछ ।

१३३. दक्षिण-दक्षिण सहयोग दक्षिणका जनता र मुलुकहरूको एक साझा प्रयास हो, जसको जन्म साझा उद्धेश्य तथा ऐक्यवद्धताको आधारमा राष्ट्रिय सार्वभौमिकता र स्वामित्वको सम्मान तथा शर्तहीनताको सिद्धान्तद्वारा निर्देशित हुदै उनीहरूको साझा अनुभव र सहानुभूतिहरूबाट भएको हो । दक्षिण-दक्षिण सहयोगलाई एउटा आधिकारिक विकास सहायताको रूपमा हेरिनु हुदैन । यो समान हैसियत भएकाहरूको बीचको ऐक्यबद्धतामा आधारित एउटा सहकार्य हो । यस सम्बन्धमा, राष्ट्रिय विकास योजना तथा प्राथमिकता अनुरुप परस्पर जवाफदेहिता र पारदर्शिताको निरन्तर बृद्धिका साथै अन्य विकास कार्यक्रम तथा परियोजनाहरू सम्बन्धी पहलहरूसँग संयोजनद्वारा हामी दक्षिण-दक्षिण सहयोगको विकास प्रभावकारितालाई सुदृढ गरिनुपर्ने कुरालाई स्वीकार गर्दछौं । यसको गुणस्तरलाई

सुधार गर्ने दृष्टिकोणले परिणाममूखी तरिकाबाट आवश्यकताअनुसार दक्षिण-दक्षिण सहयोगको प्रभावलाई मूल्याङ्कन गरिनु पर्दछ ।

१३४. दक्षिण-दक्षिण सहयोग उत्तर-दक्षिण सहयोगको विकल्प हैन, बरु पुरक मात्र हो ।

१३५. अतिकम विकसित राष्ट्रहरूका निम्ति बहुपक्षीय, क्षेत्रीय तथा द्विपक्षीय वित्तीय तथा विकास संस्थाहरूद्वारा दक्षिण-दक्षिण सहयोगलाई प्रवर्द्धन गर्न वित्तीय स्रोतहरू बृद्धि गर्नका लागि गरिएका प्रयासहरू स्वागतयोग्य छन् ।

१३६. अतिकम विकसित राष्ट्रहरूका लागि राष्ट्रिय तथा क्षेत्रीय विकास प्रयासहरूलाई सहयोग गर्ने, संस्थागत तथा प्राविधिक क्षमतालाई सबल बनाउने तथा विकासशील मुलुकहरूको बीचमा अनुभव तथा ज्ञानको आदान प्रदान गर्ने यसका सिद्धान्तहरूको आधारमा दक्षिण-दक्षिण सहयोगको क्षमतालाई स्वीकार गरिनु पर्दछ ।

१३७. अतिकम विकसित राष्ट्रहरूका लागि सहित, दक्षिण-दक्षिण सहयोगका पहलहरूलाई प्रवर्द्धन गर्नेतर्फ विकासशील मुलुकहरूले हासिल गरेका उपलब्धीहरूले मान्यता प्राप्त गरेका छन् र उनीहरूका प्रयासहरूलाई तीब्रता प्रदान गर्नका लागि आमन्त्रण गरिन्छ ।

१३८. इस्तानबुल कार्ययोजनाका लागि दक्षिण-दक्षिण सहयोगको योगदानलाई, विकासशील मुलुकहरूको बीचमा आर्थिक संपुरकतालाई ध्यानमा राख्दै अतिकम विकासशील मुलुकहरूका लागि फाइदाजनक पहलहरूको प्रवर्द्धन समेतबाट मान्यता दिइनु पर्दछ ।

१३९. दक्षिण-दक्षिण सहयोग मार्फत् प्रविधि हस्तान्तरणमा अतिकम विकसित राष्ट्रहरूको पहुँच प्रवर्द्धनमा जोड दिइनु पर्दछ । अतिकम विकसित राष्ट्रहरूसँग प्राविधिक सहयोग व्यवस्थापन सुधारमा विकासशील मुलुकहरूबाट थप प्रयास गरिनु पर्दछ, जस्तै, दक्षिणका लागि विज्ञान, प्रविधि र नवीन खोजका लागि कन्सोर्टियम । दक्षिण-दक्षिण सहयोगमार्फत् व्यापक प्राविधिक विकासको प्रवर्द्धन गरिनु पनि महत्वपूर्ण हुन्छ, जस्तै, प्राविधिक व्यवस्थापन क्षमता तथा सूचना सञ्जालहरू, जो माग उन्मुख र प्रविधिका प्रयोगकर्ताहरूको सहभागिता संलग्न भएको वा प्राविधिक विकास, पूर्वाधार तथा मानव स्रोतको विकासको प्रक्रियामा संलग्न छन् ।

१४०. दक्षिण-दक्षिण सहयोग विभिन्न पहलहरूको माध्यमबाट सामाजिक (खासगरी, स्वास्थ्य र शिक्षा), आर्थिक, पर्यावरणीय, प्राविधिक तथा राजनीतिक क्षेत्रहरूमा कार्यान्वयन भैरहेको छ ।[३]

## च. स्तरोन्नति एवं सहज संक्रमण

१४१. अतिकम विकसित राष्ट्रको हैसियतबाट स्तरोन्नतिका लागि ती मुलुकहरूका विकास योजनाहरू, कार्यक्रमहरू तथा परियोजनाहरूमा विनाकुनै अवरोध दिगो विकासको मार्गमा प्रवेश गर्न सहज हुने कुराको सुनिश्चिचता हुनु जरुरी हुन्छ । प्रत्येक मुलुकको विकासको विशिष्ट परिस्थितिलाई ध्यानमा राख्दै तिनीहरूको सहज संक्रमणकालिन रणनीतिको आधारमा अतिकम विकसित राष्ट्रको सदस्यताको हैसियतसँग जोडिएका उपायहरू एवं लाभहरूको क्रमशः अन्त्य गरिनु पर्दछ ।

१४२. स्तरोन्नति भैरहेका मुलुकहरूले आफ्ना विकास तथा व्यापारिक साझेदारहरूको सहयोगमा सहज संक्रमणकालिन रणनीतिको विकासमा अग्रसरता लिनु ज्यादै महत्वपूर्ण हुन्छ । संयुक्त राष्ट्रसंघीय प्रणाली लगायत विकास तथा व्यापारिक

[३] *उदाहरणको लागि, क्यूवाको "मिराकल अपरेशन" र "हो म गर्न सक्छु" अभियान, अफ्रिकी मुलुकहरूसँग प्राविधिक सहयोगका लागि इजिप्सियन कोषको कार्यक्रम, स्वतन्त्र राष्ट्रहरूको राष्ट्रमण्डलसँग प्राविधिक सहयोगका लागि इजिप्सियन कोषको कार्यक्रम, युरोपेली इस्लामिक राष्ट्रहरू र नव-स्वतन्त्र राष्ट्रहरू, चिली अन्तर्राष्ट्रिय सहयोग नियोगको समस्तरीय सहयोग कार्यक्रम, भारतीय प्राविधिक तथा आर्थिक सहयोग कार्यक्रम, भारतको पान-अफ्रिकी इ-नेटवर्क परियोजना, द बैंक अफ द साउथ, द बैंक अफ अल्बा, दक्षिण-दक्षिण प्राविधिक सहयोगका लागि असंलग्न आन्दोलनको केन्द्र, लगानीका लागि संगठन, इस्लामिक गणतन्त्र इरानको आर्थिक तथा प्राविधिक सहयोग, पाकिस्तानी प्राविधिक सहयोग कार्यक्रम, पेट्रोकरिब उर्जा सहयोग सम्झौता, प्रोएक्टो मेसोएमेरिका, मेक्सिको-चिली संयुक्त सहयोग कोष, "तेल तथा ग्यासको विकास : दक्षिण-दक्षिण सहयोगको ढाँचाभित्र अनुभव तथा सिकाईहरुको आदानप्रदान" को पहल, विकास तथा मानवीय सहायताको लागि कतारको दक्षिण कोष, खाद्य सुरक्षा र कृषिको क्षेत्रमा हाइटीसँग ब्राजिलको रणनीतिक कार्यक्रम, बालश्रमको विरुद्धमा ब्राजिल अन्तर्राष्ट्रिय श्रम संगठनको त्रिकोणीय कार्यक्रम, नवीकरणीय र वैकल्पिक उर्जा तथा स्वच्छ प्रविधिको क्षेत्रमा संयुक्त अरब इमिरेट्सको पहल, अन्तराष्ट्रिय सहयोगका लागि उरुग्वेको कोष, मेक्सिको-उरुग्वे संयुक्त सहयोग कोष, नाइजेरियाको दक्षिण- दक्षिण स्वास्थ्य हेरबिचार वितरण कार्यक्रम, द नाइजेरिया ट्रष्ट फण्ड, द नाइजेरियन टेक्निकल एड कर्प्स स्किम, नयाँ एशियाली-अफ्रिकी रणनीतिक साझेदारी, चीन-अफ्रिका सहयोग सम्बन्धी मञ्च, अफ्रिका-भारत साझेदारी, अफ्रिका-दक्षिण अमेरिका शिखर सम्मेलन, अफ्रिकाको विकासको लागि नयाँ साझेदारी, गरिबी तथा भोकको निवारणका लागि भारत, ब्राजिल र दक्षिण अफ्रिकी सुविधा, दक्षिण-दक्षिण सहयोगलाई सुदृढ गर्नका लागि आइबेरो-अमेरिकन कार्यक्रम, समस्तरीय सहयोगका लागि अर्जेन्टिनी कोष, माध्यमिक शिक्षामा गणित र विज्ञानलाई सुदृढ गर्नका लागि केन्या-अफ्रिका-जापान परियोजना, जापान अन्तर्राष्ट्रिय सहयोग नियोग र दक्षिण-पूर्वी एशियाली राष्ट्रहरूको संगठनको क्षेत्रीय सहयोग वैठक र मोजाम्बिकमा ब्राजिल-जापान कृषि विकास परियोजना ।*

साझेदारहरूले संक्रमणकालीन रणनीतिको कार्यान्वयनमा निरन्तर सहयोग गर्नु पर्दछ, वित्तीय तथा प्राविधिक सहायतामा कुनै प्रकारको आकस्मिक कटौती हुनबाट बचाउनु पर्दछ र द्विपक्षीय आधारमा स्तरोन्नति भएको मुलुकलाई व्यापारिक प्राथमिकता प्रदान गर्ने कुरामा ध्यान दिइनु पर्दछ ।

१४३. सहज संक्रमणकालिन प्रक्रियाहरूको थप अध्ययन तथा सुदृढीकरणका लागि विद्यमान स्रोतहरूभित्रैबाट एक कार्य समूह स्थापना गर्नका लागि महासभालाई आमन्त्रण गरिएको छ ।

१४४. संयुक्त राष्ट्रसंघले स्तरोन्नति भएका मुलुकलाई, अन्य कुराका साथै, ती मुलुकको विकासको अवस्था हेरी उपयुक्त अवधिको निम्ति विद्यमान स्रोतहरूभित्र रही प्रतिनिधिहरूलाई विद्यमान यात्रासम्बन्धी लाभहरूको विस्तारद्वारा संक्रमणकालिन उपायहरूको कार्यान्वयनमा ठोस प्रयत्न गर्नुपर्दछ ।

## च. कार्यान्वयन तथा अनुगमन

१४५. कार्ययोजनाको सफल कार्यान्वयनका लागि राष्ट्रिय, क्षेत्रीय र विश्वस्तरमा चुस्त अनुगमन संयन्त्रको जरुरत पर्दछ । राष्ट्रिय, क्षेत्रीय र विश्वव्यापी संयन्त्र परस्पर सहयोगी र मजबुत हुनु पर्दछ । यस कार्ययोजना अन्तरगत तिनीहरूले गरेका प्रतिबद्धताहरूलाई पूरा गर्नका लागि अतिकम विकसित राष्ट्रहरू र तिनका विकास साझेदारहरूको आपसी जवाफदेहितालाई सुनिश्चित गर्नका लागि आवश्यक कदम चालिनेछ ।

१४६. यस कार्ययोजनाको स्वामित्व ग्रहण र नेतृत्व अतिकम विकसित राष्ट्रहरूले गरेको हुनाले राष्ट्रिय स्तरको प्रबन्ध विशेष गरेर महत्वपूर्ण हुन्छ । राष्ट्रिय स्तरमा प्रत्येक अतिकम विकसित राष्ट्रको सरकारले यस कार्ययोजनाको प्रावधानहरूलाई उसको राष्ट्रिय नीतिहरू तथा विकास ढाँचामा एकिकृत गर्नु पर्दछ र प्रमुख सरोकारवालाहरूको पूर्ण संलग्नतामा नियमित रूपमा समीक्षा गर्नु पर्दछ । सहश्राब्दी विकास लक्ष्यहरू, गरिबी न्यूनिकरण रणनीतिपत्रहरू, आम राष्ट्रिय समीक्षाहरू (common country assessments), संयुक्त राष्ट्रसंघीय सहयोग ढाँचा तथा विद्यमान परामर्श संयन्त्रहरू लगायत मुलुकको विद्यमान समीक्षा संयन्त्रहरूलाई सबै अतिकम विकसित राष्ट्रहरूमा विस्तार गरिनु पर्दछ ।

१४७. संयुक्त राष्ट्रसंघीय आवासीय संयोजक प्रणाली र देशीय टोलीका साथै ब्रेटन उड्स संस्थाहरू र अन्य बहुपक्षीय संस्थाहरूका देशीय प्रतिनिधिहरूलाई, राष्ट्रिय अनुगमनका लागि सहकार्य गर्न र निरन्तर सहयोग प्रदान गर्नका लागि प्रोत्साहित गरिन्छ ।

१४८. अतिकम विकसित राष्ट्रहरूले बनाएका स्वीकृत उद्देश्यहरू र नीतिहरूलाई विकास साझेदारहरूले कार्ययोजनाको आधारमा सहयोग गर्नु पर्दछ, जसलाई विद्यमान राष्ट्रिय विकास तथा सहयोग ढाँचाभित्र एकीकृत गरिएका छन् । उनीहरूले आफ्ना

प्रतिबद्धताहरूको प्रवाहको अनुगमन गर्नु पर्दछ र यदि कुनै कमजोरीहरू छन् भने तिनलाई हटाउनका लागि उपयुक्त उपायहरूमाथि बिचार गर्नु पर्दछ ।

१४९. क्षेत्रीय स्तरमा राष्ट्रसंघको सम्बन्धित क्षेत्रीय आयोग तथा निकायहरूले विश्वस्तरीय तथा देश स्तरीय अनुगमन प्रक्रियाहरूको निकट समन्वय र उप क्षेत्रीय तथा क्षेत्रीय विकास वैंकहरू र अन्तरसरकारी संस्थाहरूको सहयोगमा यस कार्ययोजनाको कार्यान्वयनको द्विवार्षिक समीक्षा गर्नु पर्दछ । सान्दर्भिक राष्ट्रसंघीय क्षेत्रीय आयोगहरू तथा निकायहरूले तिनीहरूको कामकै एक अंशको रूपमा अतिकम विकसित राष्ट्रहरूका आवश्यकता तथा चुनौतिहरूको सम्बोधन हुनेछ भन्ने कुरालाई सुनिश्चित गर्ने कामलाई जारी राख्नु पर्दछ ।

१५०. विश्व स्तरमा कार्ययोजनाको प्रभावकारी कार्यान्वयनका लागि ब्रसेल्स कार्ययोजनापश्चात् स्थापित कार्यान्वयन तथा अनुगमन संयन्त्रको सबलीकरण र सुदृढीकरण गर्नु पर्दछ । आफ्नो कार्यसूचीको विशिष्ट विषयको रूपमा महासभाले यस कार्ययोजनाको कार्यान्वयनको वार्षिक रूपमा अनुगमन गर्नुपर्दछ ।

१५१. यस कार्ययोजनाको कार्यान्वयनको समीक्षा तथा संयोजनसम्बन्धी आफ्नो वार्षिक मुख्य सत्रको अवधिमा कार्यसूचिको विषय समावेश गर्ने कामलाई निरन्तरता दिन आर्थिक तथा सामाजिक परिषदलाई आमन्त्रण गरिन्छ । आर्थिक तथा सामाजिक परिषद्द्वारा केन्द्रीकृत अन्तरक्रियालाई अनुमती दिनका लागि अतिकम विकसित राष्ट्रहरूले हासिल गरेका प्रगति तथा सामना गरेका अवरोधहरूको आवधिक समीक्षा गरिनु पर्दछ । कार्ययोजनाको कार्यान्वयनको समीक्षालाई आवश्यकता अनुसार उसको वार्षिक मन्त्रीस्तरीय समीक्षामा समावेश गर्नका लागि आर्थिक तथा सामाजिक परिषद्लाई आमन्त्रण गरिन्छ । विकास सहायता मञ्चले अन्तर्राष्ट्रिय विकास सहयोगको प्रवृत्तिका साथै अतिकम विकसित राष्ट्रहरूका लागि सहित विकासका लागि नीतिगत तालमेलको समीक्षा गर्ने कामलाई जारी राख्नु पर्दछ ।

१५२. महासभा तथा आर्थिक तथा सामाजिक परिषद्मा वार्षिक समीक्षामाथिको छलफलमा अन्य कुराका साथै निम्न बुँदाहरूलाई समावेश गर्नु पर्दछ - (क) सरकारहरूको प्रतिवेदनका साथै सचिवालयहरू, संयुक्त राष्ट्रसंघीय प्रणालीको अन्तरसरकारी निकायहरू तथा अन्य सम्बन्धित उप-क्षेत्रीय, क्षेत्रीय र अन्तर्राष्ट्रिय संस्थाहरूको माध्यमबाट राष्ट्रिय, उप-क्षेत्रीय तथा विश्वस्तरमा कार्ययोजनाको कार्यान्वयनमा हासिल गरिएका प्रगतिको अनुगमन तथा मूल्याङ्कन, (ख) दाताहरू र माथि उल्लेखित संस्थाहरूको बीचमा समन्वय सहित कार्ययोजनाको सहयोगमा अन्तर्राष्ट्रिय सहयोगलाई प्रवर्द्धन, (ग) अतिकम विकसित राष्ट्रहरूले भोग्नु परेको बदलिदो घरेलु तथा वाह्य परिस्थितिहरूको प्रकाशमा नयाँ नीतिहरू र उपायहरूको व्याख्या ।

१५३. कार्ययोजनाको कार्यान्वयनमा योगदान गर्न र यथासम्भव र अधिकार क्षेत्रले भ्याएसम्म यसलाई तिनीहरूका कार्यक्रमहरूमा एकिकृत गर्नका लागि ब्रेटन उड्स संस्थाहरू र अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरू लगायत संयुक्त राष्ट्रसंघीय कोष तथा

कार्यक्रमहरूका शासकीय निकायहरू र अन्य बहुपक्षीय संगठनहरूलाई आमन्त्रण गरिन्छ । राष्ट्रिय, उप क्षेत्रीय, क्षेत्रीय तथा विश्व स्तरमा हुने कार्ययोजनाको समीक्षा वैठकहरूमा पूर्ण सहभागिताको लागि यी संस्थाहरूलाई आमन्त्रण गरिन्छ ।

१५४. राष्ट्रिय, उप-क्षेत्रीय, क्षेत्रीय र विश्व स्तरमा कार्ययोजनाको समन्वित कार्यान्वयन तथा अनुगमनमा सहजिकरण गर्नका लागि संयुक्त राष्ट्रसंघीय प्रणालीका सबै अंगहरूको पूर्ण परिचालनलाई सुनिश्चित गर्नका लागि संयुक्त राष्ट्रसंघका महासचिवलाई अनुरोध गरिन्छ । उपलब्ध समन्वय संयन्त्रहरू जस्तै, समन्वयका लागि संयुक्त राष्ट्रसंघीय प्रणाली प्रमुख कार्यकारी बोर्ड र संयुक्त राष्ट्रसंघ विकास समूहलाई व्यापक रूपमा उपयोग गर्नुपर्दछ र यस सम्बन्धमा अन्तर निकाय परामर्शदातृ समूहलाई कृयाशील बनाउनु पर्दछ ।

१५५. राष्ट्रिय, क्षेत्रीय तथा विश्व स्तरमा अतिकम विकसित राष्ट्रहरूका लागि कार्ययोजनाको समन्वित कार्यान्वयन तथा व्यवस्थित अनुगमनलाई सहजीकरण गर्ने दृष्टिकोणका साथ अतिकम विकसित राष्ट्रहरू, भूपरिवेष्टित विकासशील मुलुकहरू र साना टापू विकासशील राज्यहरूका लागि उच्च स्तरीय प्रतिनिधिको कार्यालय (ओ.एच.आर.एल.एल.एस.)ले कार्ययोजनाको प्रभावकारी कार्यान्वयनको अनुगमन र संयुक्त राष्ट्रसंघीय प्रणालीको सबै अंगहरूको परिचालन तथा समन्वय गर्न र कार्ययोजनाको कार्यान्वयनका लागि अन्तर्राष्ट्रिय सहयोग तथा स्रोतहरूको परिचालनमा सहासचिवलाई सहयोग गर्ने कामलाई निरन्तरता दिनु पर्दछ । यसका लागि, यसले संयुक्त राष्ट्रसंघको सम्बन्धित अंगहरूका साथै संसद, नागरिक समाज, संचार, बुद्धिजीवीहरू र प्रतिष्ठानहरूसँगको सहकार्यमा सचेतना बृद्धि र अतिकम विकसित राष्ट्रहरूको पक्षमा जनवकालतका कार्यहरूलाई निरन्तरता दिनु पर्दछ र र अतिकम विकसित राष्ट्रहरूको समूह परामर्शहरूलाई उपयुक्त सहयोग प्रदान गर्नु पर्दछ । ओ.एच.आर.एल.एल.एस.का कार्यहरूको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्ने तथा यसको क्षमता र प्रभावकारिताका साथै संयुक्त राष्ट्रसंघीय प्रणालीको प्रभावकारिता, अतिकम विकसित राष्ट्रहरूलाई गरिएको सहयोगलाई सुदृढ गर्ने दृष्टिकोणबाट संयुक्त राष्ट्रसंघीय प्रणालीद्वारा गरिएका कार्यहरू र सिफारिसहरू सहित यसलाई महासभाको ६७औं सत्रमा पठाइएको कुरालाई ध्यानमा राख्दै सदस्य राष्ट्रहरूका साथै सम्बन्धित विशिष्टिकृत निकायहरू, कोषहरू, कार्यक्रमहरू र क्षेत्रीय आयोगहरूको परामर्शमा प्रतिवेदन तयार गर्नका लागि महासचिवलाई अनुरोध गरिन्छ ।

१५६. व्यापार र विकाससम्बन्धी संयुक्त राष्ट्रसंघीय सम्मेलन (UNCTAD) ले अन्तरसरकारी, खासगरी, व्यापार तथा विकास बोर्डमा सहमतीको निर्माण र कार्ययोजनाको कार्यान्वयनमा योगदानको माध्यमबाट र अतिकम विकसित राष्ट्रहरूलाई यसको प्राविधिक सहयोगको माध्यमबाट समेत अतिकम विकसित राष्ट्रहरूले भोगिरहेका चुनौतिहरूलाई सम्बोधन गर्ने कामलाई निरन्तरता दिनु पर्दछ । अतिकम विकासित मुलुकसम्बन्धी विषयहरूको अनुसन्धान र विश्लेषणमा

व्यापार र विकाससम्बन्धी संयुक्त राष्ट्रसंघीय सम्मेलनको संस्थागत क्षमतालाई कायम राख्नु पर्दछ ।

१५७. संयुक्त राष्ट्रसंघको महासभालाई कार्ययोजनाको कार्यान्वयनसम्बन्धी एउटा बृहत् उच्चस्तरीय मध्यकालिन समीक्षा बैठक संचालन गर्नका लागि आमन्त्रण गरिन्छ । यस कार्ययोजनाको बृहत् मूल्याङ्कन गर्नका लागि र थप कदम उठाउनका लागि दशकको अन्त्यमा अतिकम विकसित राष्ट्रहरूसम्बन्धी संयुक्त राष्ट्रसंघको पाँचौं सम्मेलन आयोजना गर्नका लागि समेत महासभालाई आमन्त्रण गरिन्छ ।

यू.एन.-ओ.एच.आर.एल.एल.एस.
टेलिफोनः (९१७) ३६७-६००६
फ्याक्सः (९१७) ३६७-३४१५
इमेलः OHRLLS-UNHQ@un.org
वेबसाइटः www.un.org/ohrlls

*प्रकाशकः*
**अतिकम विकसित राष्ट्रहरूको नागरिक निगारानी मञ्च** (एल.डि.सि. वाच)
अन्तर्राष्ट्रिय सचिवालय
पो.ब.नं. ८१३०, २८८ गैरीधारा मार्ग
गैरीधारा, काठमाडौं, नेपाल
टेलिफोनः ९७७-१-४००४८१३, ४००४९८५
फ्याक्सः ९७७-१-४००४५०८, ४४४३४९४
इमेलः info@ldcwatch.org
वेबसाइटः www.ldcwatch.org

अतिकम विकसित राष्ट्रहरू, भूपरिवेष्टित विकासशील राष्ट्रहरू
तथा साना विकासशील टापु राज्यहरूका लागि
संयुक्त राष्ट्रसंघीय उच्च स्तरीय प्रतिनिधिको कार्यालय
(ओ.एच.आर.एल.एल.एस.)